# आयोगका नीतिगत सिफारिसहरू

(वि.सं. २०५७ - २०७१)

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

राष्ट्रिय मानव अधिकार आयोगबाट आयोगको स्थापनाकाल देखि हालसम्म नेपाल सरकारसमक्ष गरिएका नीतिगत सिफारिसहरू (वि.सं. २०५७ - २०७१ असार मसान्तसम्म)

# आयोगका नीतिगत सिफारिसहरू

(वि.सं. २०५७ - २०७१)


## राष्ट्रिय मानव अधिकार आयोग

ललितपुर, नेपाल

**संयोजनः** खिमानन्द बस्याल

**प्रकाशकः** राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

**प्रकाशन मितिः** २०७१ वैशाख

**संस्करणः** प्रथम

**प्रतिः** ३०००

**प्रतिवेदन नं.** १८५

**मुद्रणः** क्लासिक प्रिन्टिङ सर्भिस, अनामनगर, काठमाडौ
फोन : ०१-४२२४८१०

**सर्वाधिकारः** राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

आयोगको पूर्व स्वीकृतिबिना यस पुस्तकलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनैपनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापनाकालदेखि मानव अधिकारका विविध विषयहरू सम्बन्धमा हालसम्म गरेका नीतिगत निर्णय तथा सिफारिसको अवस्था सम्बन्धमा अभिलेखीकरण गरी एकीकृत प्रतिवेदन तयार गरिएको छ । यसबाट नेपाल सरकार समक्ष आयोगद्वारा गरिएका नीतिगत सिफारिसको सन्दर्भ कस्तो रहेको छ भन्ने जानकारी मिल्नेछ । यस प्रकाशनको अभिप्रायः आयोगले गरेका सिफारिसहरू सम्बन्धमा पीडितपक्ष तथा सरोकारवालाहरू सबैलाई औपचारिक रूपमा जानकारी गराउने पनि रहेको छ । मानव अधिकारको क्षेत्रमा जिज्ञासा राख्ने तथा आयोगको काम कार्यवाही सम्बन्धमा चासो राख्नेहरूको लागि पनि यो प्रकाशन उपयोगी हुने विश्वास गरिएको छ । आयोगले विगतमा गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्बद्ध जिम्मेवार निकायहरू तथा मानव अधिकारको क्षेत्रमा कृयाशील सबैलाई यो प्रकाशनले महत्वपूर्ण आधार खडा गर्नेछ भन्ने ठानेको छु ।

अन्त्यमा, आयोगबाट स्थापनाकालदेखि हालसम्म भएका नीतिगत सिफारिसहरूलाई सङ्क्षिप्त विश्लेषण सहित पुस्तकको रूपमा तयार गर्न महत्वपूर्ण योगदान पुऱ्याउनुहुने खिमानन्द बस्यालका साथै सम्बद्ध सबै कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । धन्यवाद !

वेदप्रसाद भट्टराई

असोज २०७१

## संक्षिप्त रूप

| | |
|---|---|
| आइसिजे | इन्टरनेशनल कोर्ट अफ जुरिस्ट |
| आईसिआरसी | इन्टरनेशनल कमिटि फर रेडक्रस |
| आ.व. | आर्थिक वर्ष |
| इप्रका | इलाका प्रहरी कार्यालय |
| इप्रका | इलाका प्रशासन कार्यालय |
| उक्षेका | उपक्षेत्रिय कार्यालय |
| ऐनेकपा माओवादी | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| एमाले | एकीकृत माओवादी-लेनिनवादी |
| एपीएफ | एशिया प्यासिफिक फोरम |
| ओएचसिएचआर | अफिस अफ हाई कमिश्नर फर ह्युमन राइट्स |
| के का | केन्द्रीय कार्यालय |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैरसरकारी संस्था |
| जिप्रका | जिल्ला प्रशासन कार्यालय |
| जिप्रका | जिल्ला प्रहरी कार्यालय |
| जिविस | जिल्ला विकास समिति |
| नपा | नगरपालिका |
| नेका | नेपाली काँग्रेस |
| नेविसङ्घ | नेपाली विद्यार्थी सङ्घ |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| प्रावि | प्राथमिक विद्यालय |
| मावि | माध्यमिक विद्यालय |
| राप्रपा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| वाइसिएल | योङ्ग कम्युनिष्ट लिग |
| वि.सं. | विक्रम सम्वत् |
| क्षेका | क्षेत्रीय कार्यालय |
| क्षेनि | क्षेत्रीय निर्देशक |

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **१. पृष्ठभूमि** | १ |
| **२. उद्देश्य** | २ |
| **३. प्रतिवेदनका सीमाहरू** | २ |
| **४. आयोगबाट भएका सिफारिसहरूको विषयगत विवेचना** | २ |
| क) नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी | २ |
| बन्दीका अधिकार | ३ |
| सूचना प्राप्त गर्ने अधिकार | ४ |
| ख) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी | ४ |
| ग) महिला विरूद्ध हुने भेदभाव उन्मूलन सम्बन्धी | ६ |
| घ) बाल अधिकार सम्बन्धी | ७ |
| ङ) बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार सम्बन्धी | ९ |
| च) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी | १० |
| छ) आप्रवासी कामदार र तिनका परिवारहरूको मानव अधिकार संरक्षण सम्बन्धमा | १० |
| ज) आन्तरिक विस्थापन सम्बन्धमा | १० |
| **५. नीतिगत सिफारिसहरू** | १२ |
| ५.१ अनुगमन, अध्ययन अनुसन्धानको आधारमा भएका नीतिगत सिफारिसहरू | १२ |
| ५.२ आयोगमा दर्ता हुन आएका उजुरीहरूउपर गरिएका नीतिगत सिफारिसहरू | ७३ |
| **अनुसूचिः १** | |
| संक्रमणकालीन न्यायका सम्बन्धमा | ८८ |

## १. पृष्ठभूमिः

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना मानव अधिकार आयोग ऐन २०५३ अनुसार नेपालमा मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा सम्मानको लागि एक राष्ट्रिय संस्थाको रूपमा २०५७ साल ज्येष्ठ १३ गते स्थापना भएको हो । यो आयोग ऐनद्वारा स्थापित भई नेपालको अन्तरिम संविधान २०६३ जारी हुँदा एक संवैधानिक आयोगको रूपमा हैसियत प्राप्त गरेको छ । यसका काम, कर्तव्य/दायित्व र अधिकार राष्ट्रिय मानव अधिकार ऐन, २०६८ द्वारा व्यवस्थित छन् ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले मानव अधिकारको संरक्षण र संबर्द्धनसँग सम्बन्धित विषयमा सरोकारवाला पदाधिकारी वा निकायको ध्यानाकर्षण गराउने, आफ्नो कार्य सम्पादनका लागि आवश्यक कार्यदल गठन गर्न सक्ने, पीडित व्यक्तिलाई तत्काल अन्तरिम राहत तथा उद्दार सम्बन्धी व्यवस्था गर्न आदेश दिने इत्यादी विशेष प्रकृतीका दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई सुम्पिएको छ ।

आयोगको भूमिका राज्यबाट राज्य सञ्चालनको क्रममा हुन सक्ने मानव अधिकारको उल्लंघनलाई कम गर्ने हेतु मानव अधिकारको अनुगमन तथा खोज अध्ययन गर्ने, राज्यलाई सचेत पार्ने, सल्लाह सुझाव दिने कार्य गर्छ । यसका अतिरिक्त मानव अधिकारको उल्लंघन भएको रहेछ भने पीडितहरूबाट उजुरी ग्रहण गर्ने वा गम्भिर प्रकृतिका मानव अधिकार उल्लंघन भइरहेको छ भन्ने आयोगलाई लागेमा उजुरी प्राप्त नभएता पनि आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी सो उपर अनुगमन तथा अनुसन्धान गर्ने र पीडकलाई सजाय तथा पीडितलाई न्यायको अवधारणा बमोजिम अन्तरिम राहत/क्षतिपूर्ति प्रदान गर्नको निम्ति नेपाल सरकार समक्ष सिफारिस गर्दछ । साथै यसले संयुक्त राष्ट्रसंघका विभिन्न महासन्धी बमोजिमका मानव अधिकारको अवस्था हेर्ने सम्बन्धित समितिहरूसमक्ष प्रतिवेदन पठाउनको लागि नेपाल सरकारसँग समन्वय गर्ने तथा सुझाव दिने गर्दछ । यसरी कार्य गर्दा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धीहरूका आधारमा अनुगमन गरी मानव अधिकारको अवस्था सम्बन्धी तथ्यहरू संकलन गर्ने, अनुसन्धान गर्ने, प्राप्त उपलब्धी तथा चुनौतीहरूलाई समेटेर सुझाव सहितको प्रतिवेदन तयार गर्ने गरेको छ । यसका अतिरिक्त आयोगले नेपालका मानव अधिकारमा काम गर्ने अन्य राष्ट्रिय संस्थाहरू र सरोकारवालाहरूसँग समन्वय गरी संयुक्त राष्ट्रसंघबाट आफ्ना सदस्य राष्ट्रमा गरिने विश्वव्यापी आवधिक समिक्षाको लागि समेत विभिन्न समय र चरणमा छलफल परामर्श पश्चात् प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघ समक्ष पेश गरेको र छलफलमा भाग लिंदै आएको छ । आयोगबाट नेपाल सरकार समक्ष गरिएका मानव अधिकार उल्लंघन सम्बन्धी विविध विषयका क्षतिपूर्ति, राहत, परिपूरण, कानुनी कारवाहीका सिफारिसहरु लगायत मानव अधिकारको उपभोगमा सुधार गर्न नीतिगत रूपमा नेपाल सरकारबाट चालिनु पर्ने कदम लगायत विषय प्रस्तुत गरिएका छन् । यो प्रतिवेदनबाट आयोगले हालसम्म गरेका मूलतः मानवअधिकार संरक्षण तथा सम्बर्द्धनका कार्यहरूलाई पीडित-परिवार, आमनागरिक तथा सरोकारवालाहरू बीच पुऱ्याउन सहयोग मिल्नेछ ।

## २. उद्देश्य

यो प्रतिवेदन तयारीको उद्देश्य राष्ट्रिय मानव अधिकार आयोगबाट उजुरी उपर गरिएका मानव अधिकार उल्लंघन सम्बन्धी विभिन्न अनुसन्धान, अनुगमन तथा समय समयमा विभिन्न सन्धीहरूमा आधारित भई गरिने अनुगमनको आधारमा संकलन गरिएका तथ्यहरूको आधारमा आयोगबाट नेपाल सरकारसमक्ष मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि गरिएका नीतिगत सिफारिसहरू र सरकारबाट आयोगका सिफारिसहरू कार्यान्वयनको लागि देखाइएको सक्रियता सरोकारवालाहरू समक्ष पुऱ्याउन सकियोस भन्ने हो । यो प्रतिवेदन आयोगको स्थापना कालदेखि हालसम्म भए गरेका नीतिगत सिफारिसलाई समेटेर तयार गरिएको हो । आयोगले यस अगाडी पनि आयोग स्थापना देखि १३ वर्षको अवधिमा उजुरीउपरका सिफारिसहरू र तिनीहरूको कार्यान्वयनको अवस्था सम्बन्धी प्रतिवेदन तयार गरी प्रकाशित गरिसकेको छ । यसका अतिरिक्त विभिन्न विषयगत आधारमा समेत प्रतिवेदन प्रकाशित गरिंदै आएको छ ।

## ३. प्रतिवेदनका सीमाहरू

यस प्रतिवेदन तयारीको लागि आयोगको स्थापनाकाल देखि हालसम्म आयोगबाट नेपाल सरकार समक्ष अनुगमन तथा अनुसन्धानको आधारमा भए गरेका नीतिगत सिफारिसहरू र आयोगमा परेका उजुरीमा अनुसन्धान पश्चात् मानव अधिकारको सम्बर्द्धन, संरक्षण तथा सुधारको निम्ति सरकारसमक्ष गरिएका सिफारिसहरू मात्र रहेका छन् । साथै २०७० साल भाद्र ३१ गतेदेखि आयोगमा पदाधिकारीहरू नरहेको कारण कारवाही भएका उजुरीमा सिफारिसहरू हुन सकेका छैनन् । यसरी आयोगमा दर्ता भएका उजुरीहरू तथा आयोगबाट समसामयिक विषयमा सबै मानवमा हुनुपर्ने मानव अधिकार संरक्षणका विषयमा विभिन्न सवालहरूमा सिफारिसहरू भएका छन् । जुन विषयहरू तल उल्लेख गरिएका छन् ।

## ४. आयोगबाट भएका सिफारिसहरूको विषयगत विवेचना

राष्ट्रिय मानव अधिकार आयोगबाट स्थापनाकाल २०५७ देखि हालसम्म भएका नीतिगत सिफारिसहरू आयोगको अध्ययन, अनुगमन, अनुसन्धानको आधारमा नेपाल सरकारसमक्ष जम्मा ४६ वटा सिफारिसहरू गरिएको देखिन्छ र आयोगमा प्राप्त उजुरीहरू तथा आयोगको स्वविवेकमा दर्ता गरिएका उजुरीहरूउपर अनुसन्धान पश्चात गरिएका सिफारिसहरू गर्दा पनि महत्वपूर्ण नीतिगत सिफारिसहरू गरिएको देखिन्छ जसमध्ये यहाँ ८ वटा उल्लेख गरिएको छ । उजुरीउपरका सिफारिसहरू आयोगको पूर्व प्रकाशन "उजुरीउपरका सिफारिसहरू र कार्यान्वयनको अवस्था" मा समेत प्रकाशित भैसकेको छ । आयोगका सिफारिसहरूलाई मानव अधिकारका ९ ठूला अन्तर्राष्ट्रिय महासन्धीहरू र अन्य विषय अनुसार वर्गीकरण गरी हेर्दा निम्न बमोजिम रहेका देखिन्छन् ।

## क) नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी

शान्तिपूर्ण जुलुसमा सहभागी हुने तथा बटुवा समेतलाई कुटपिट लगायत अत्यधिक बलको प्रयोग नगर्न अविलम्ब निर्देशन हुन तथा सुरक्षाकर्मीद्वारा घाइते बनाइएका व्यक्तिहरूको नि:शुल्क औषधोपचारको तत्काल व्यवस्था गर्न तात्कालिन सरकारलाई सिफारिस गरिएको देखिन्छ ।

## बन्दीका अधिकार

आयोगबाट गरिएका सिफारिसहरू मध्ये विभिन्न मिति र समयमा कारागार तथा थुनुवा केन्द्रमा रहेका बन्दीहरूका अधिकारहरूको संरक्षणका लागि गरिएका सिफारिसहरू उल्लेख्य रहेका छन् । आयोगबाट नेपाल अधिराज्यभर संकटकालको अवस्थामा स्थानहद तोकी नजरबन्दमा राखिएका तथा विभिन्न ठाउँहरूमा हिरासतमा राखिएका व्यक्तिहरूसँग भेटघाट तथा मानवअधिकार स्थितिको अनुगमन गरिएको थियो । साथै विभिन्न समयमा राजनैतिक दलबाट भएका आन्दोलनहरूमा समेत आयोगबाट अनुगमन गरी प्राप्त तथ्यहरूका आधारमा बन्दीका अधिकारहरूका सम्बन्धमा गरिएका सिफारिसहरू सङ्क्षेपमा निम्न बमोजिम रहेका छन्ः

- संकटकालको अवधीमा अदालतको आदेशानुसार थुनाबाट छुट्ने व्यक्तिहरूलाई पुनः पक्राउ गर्ने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा यसको बारेमा समेत सम्बन्धित निकायबाट तुरून्त जानकारी माग गर्ने,
- नजरबन्दमा राखिएकाहरूको मानवीय मर्यादा समेतलाई विचार गरी पक्राउ पुर्जीमा उल्लेख गरिएका आदेशले निषेध गरे बाहेकका अन्य मौलिक तथा कानूनी अधिकारहरूको प्रयोग गर्नबाट बञ्चित गर्न नहुने हुँदा आवश्यक व्यवस्था मिलाउन साथै स्थानहद तोकी अधिकारबाट बञ्चित भएकाहरूको आयआर्जन लगायतका हकमाथि समेत असर पर्ने हुँदा निजहरूलाई आवश्यक पर्ने दैनिक उपभोगका वस्तुहरु उपलब्ध गराउनुपर्ने दायित्व सरकारकै हुन आउने भएकोले सो सम्बन्धमा अविलम्ब आवश्यक व्यवस्था गर्न,
- स्थानहद तोकिएको व्यक्ति बाहेक निजका परिवार तथा नातेदारको हकमा अनावश्यक नियन्त्रण लगाइएको र निषेधित नागरिकका मौलिक हकको निर्बाध प्रयोगमा समेत बन्देज लगाइएको भन्ने देखिएको हुनाले निजहरूको हकमा आघात नपुग्ने आवश्यक व्यवस्था मिलाउन,
- स्वास्थ्य उपचारको आवश्यक व्यवस्था मिलाउन,
- स्तरयुक्त खाना उपलब्ध गराउने व्यवस्था गर्न,
- कानून व्यवसायीको सल्लाह लिन पाउने व्यवस्था गर्न,
- परीक्षामा समेत सामेल हुन नदिइएको देखिएकोमा परीक्षामा सामेल हुन पाउने विशेष व्यवस्था मिलाउन,
- राष्ट्रिय मानव अधिकार आयोगको काम कारबाहीमा बाधा पुर्‍याइएकाले अब आइन्दा आयोगको काममा बाधा नपुर्‍याई सुचारू रूपले अनुगमन अनुसन्धान गर्ने व्यवस्था मिलाउन सम्बन्धित थुनुवा केन्द्रहरूमा अविलम्ब परिपत्र गरी पठाउने,
- थुनुवा बन्दीहरूलाई कानुनले रोक लगाए बाहेकका रेडियो, पुस्तक तथा सूचनाका साधन उपलब्ध गराउन,
- थुनामा राखिएका बन्दीहरूको निवासको टेलिफोन लाइन अविलम्ब जडान गर्न,

- नजरबन्दमा रहेका र आफ्नो निवासमा स्थानहदमा रहेकाहरूको समेत दक्ष चिकित्सकद्वारा प्रभावकारी उपचारको व्यवस्था गर्न,
- सैनिक हिरासत मानवोचित स्थान समेत नभएकोले सैनिक ब्यारेकमा राखिएका व्यक्तिहरूलाई ब्यारेक बाहेकका अन्य उपचारको सुविधासमेत भएका थुनुवा केन्द्रहरूमा सार्न,
- कारागारमा रहेका बालबालिकालाई बालसुधार गृहमा स्थानान्तरण गरी यथोचित व्यवस्था गर्न,
- कारागारमा रहेका मानसिक बिरामीहरूलाई उपचार गराई अन्य बन्दीहरूबाट अलग राख्ने व्यवस्था गर्न,
- जीर्ण अवस्थामा रहेका कारागारहरूको भौतिक सुधार गर्न,
- आमरण अनसनमा बसेका बन्दी तथा कैदीहरूको स्वास्थ्य स्थितिलाई ध्यानमा राखी अविलम्ब आवश्यक व्यवस्था गर्न,
- कारागारमा क्षमताभन्दा बढी कैदी तथा बन्दी भएकोले आवश्यक व्यवस्था गर्न ।

## सूचना प्राप्त गर्ने अधिकार

- श्री ५ को सरकारले एफएम प्रसारण संस्थाहरूको सेवा सीमित गर्ने गरी सम्बन्धित एफएम रेडियोहरूका नाममा जारी गरेको सूचनाबाट विभिन्न जानकारीमूलक सामग्रीहरूबारे सुसुचित हुने हकबाट आम नागरिक बञ्चित रहनु परेको यथार्थप्रति सरकारको गम्भीर ध्यानाकर्षण गर्दै आम नागरिकको सुसूचित हुने अधिकार तथा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न आवश्यक कदम अविलम्ब अघि बढाउन सिफारिस गरिएको देखिन्छ ।

## ख) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी

आयोगबाट नेपाल सरकार समक्ष गरिएका सिफारिसहरूमा स्वास्थ्य, शिक्षा लगायतका अधिकार सम्बन्धमा निम्न बमोजिमको नीतिगत निर्णय तथा सिफारिसहरू गरिएको देखिन्छ । जसमा कालिकोटको पीलिमा तत्कालिन विद्रोही नेकपा माओवादीबाट सडक निर्माणको सिलसिलामा रहेका सैनिकमाथि भएको आक्रमणको घटना, दैलेख, जाजरकोटमा हैजाको महामारी फैलिएको लगायतका घटनामा आयोगबाट गरिएका अनुगमन तथा अनुसन्धानमा आधारित तथ्यहरूका आधारमा गरिएका हुन् । ती सिफारिसहरू मुख्य रूपमा निम्न बमोजिम रहेका छन् ।

- नेपाल मेडिकल काउन्सिलको छानविन समितिको मिति २०६५।६।३ गतेको प्रतिवेदनमा उल्लेख भएको सुझाव र अन्य राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा अपनाउने गरेको स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाई लागु गर्न,
- विभिन्न घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न,

- सुरक्षा अस्थायी शिविरभित्र परेको जग्गा एवं हेलिप्याडमा परेको जग्गाको मुआब्जा उपलब्ध गराउन,
- राजमार्ग निर्माणमा लगाइएका गैरसैनिक श्रमिक दुर्घटनामा पर्दा तिनको उपचार, अंगभंग, एवं मृत्यु हुँदा क्षतिपूर्ति दिने बारे कुनै स्पष्ट नीति नअपनाइएकोले यसमा सुधार गरी क्षतिपूर्ति कसले, कहाँबाट कति अवधिमा दिने हो? सो बारे अविलम्ब धारणा स्पष्ट गरी बाटो निर्माणकै रकमबाट तत्कालीन राहतकोष खडा गरी राहत प्रदान गर्न,
- झाडापखाला प्रभावित क्षेत्रमा वितरित खाद्यान्नको न्यून गुणस्तर तथा करिब ४०० मानिसको मृत्युको कारण सम्बन्धी सत्य तथ्य जनसमक्ष ल्याई दोषीउपर कारवाही गर्न नेपाल सरकारबाट स्वास्थ्य, कृषि, गुण प्रविधि, मानव अधिकारकर्मी सहितको स्वतन्त्र न्यायिक छानविन आयोग गठन गर्न,
- कुनैपनि दातृ निकायले सहयोगस्वरूप प्रदान गर्ने खाद्य वस्तु पैठारी गर्दा उक्त वस्तुको उत्पतिस्थल, गुणस्तर प्रमाणपत्र, आयातकर्ताको परिचय झल्कने चिन्ह, अक्षर, खाद्य वस्तु वितरण गरिने क्षेत्र, लक्षित समूह र समूदाय, उपभोग्य मिति आदि पैठारी भै आउने खाद्य वस्तुमा अनिवार्य रूपमा उल्लेख गर्न लगााई सो को अभिलेख राख्ने व्यवस्था गर्न,
- दुर्गम तथा पहाडी क्षेत्रमा रहेका आम नागरिकहरूको खाद्यान्न तथा शुद्ध खानेपानीको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन,
- स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्थानीय सञ्चार माध्यमहरूबाट स्थानीय भाषामा व्यापक प्रचार प्रसारको अभियान सञ्चालन गर्न,
- झाडापखालाको कारणबाट मृत्यु हुन पुगेका मृतकका परिवारहरू (बालबालिका, टुहुरा, बृद्धबृद्धा ज्येष्ठ नागरिक तथा अशक्त) को राहत, परिपूरण, संरक्षणका लागि तत्काल छुट्टै विशेष एकिकृत प्याकेज कार्यक्रम लागू गर्न तथा खाद्य वस्तुमा परनिर्भरता हटाई स्थानीय तहमा नै भरपर्दो विकल्पको खोजी गर्न नेपाल सरकारबाट कार्ययोजना तयार गरी लागू गर्न,
- भोकमरी, खाद्य अभाव तथा जनस्वास्थ्यसँग सम्बन्धित सञ्चार माध्यममा आउने गरेका समाचारहरूलाई सरकारले गम्भीररूपमा लिई विषयको गहनतालाई मध्यनजर गर्दै तत्काल सम्बोधन गर्न र सो विषयमा आवश्यक संयन्त्र तर्जुमा गर्न,
- दातृ निकायहरूमार्फत स्वविवेकमा सोझै खाद्य सामाग्री वितरण गर्ने परिपाटीको अन्त्य गरी सरकारी स्वामित्वमा रहेका खाद्य आपूर्ति गर्ने संस्थाहरूलाई नै बढी जिम्मेवार बनाई खाद्य सामग्रीहरूको भण्डारण, संरक्षण, गुणस्तर परिक्षण तथा वितरण सम्बन्धी न्यूनतम राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने व्यवस्था गर्न,
- भन्सारसँग सम्बन्धित कार्यालय, प्लान्ट क्वारेन्टाइन, पशु क्वारेन्टाइन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भन्सार गस्ती प्रहरी आदिको काममा प्रभावकारी समन्वय गरी सेवाग्राहीलाई छिटो सेवा प्रदान गर्न तथा सो को प्रभावकारी अनुगमन गर्ने, गराउने व्यवस्था मिलाउन,

- खाद्य नियमावली २०२७ को नियम १६ ले व्यवस्था गरेको खाद्यस्तर निर्धारण समितिको काम, कारवाहीलाई चुस्त र प्रभावकारी बनाउन,
- खाद्य नियमावली २०२७ को नियम २३ ले तोकेको अनुपातमा मात्र खाद्य परिरक्षी प्रयोग गर्न गराउन हुन तथा नियमले तोकेको मात्रा भन्दा बढी अनुपातमा परिरक्षी (Preservatives) को प्रयोग भए नभएको सम्बन्धमा खाद्य निरिक्षकहरूबाट अनुगमन गर्ने गराउने व्यवस्था गर्न
- जनताको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न झाडापखाला प्रभावित क्षेत्र लगायत अन्य क्षेत्रहरूका अस्पताल, उपस्वास्थ्य र स्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरू र पर्याप्त औषधी लगायत प्राथमिक स्वास्थ्य उपचारका सामग्रीहरू नियमित रूपमा रहने व्यवस्था मिलाउन तथा सोको नियमित अनुगमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउने ।

## ग) महिला विरूद्ध हुने भेदभाव उन्मूलन सम्बन्धी

महिला विरूद्ध हुने हिंसाको रूपमा रहेको बोक्सी प्रचलन सम्बन्धमा आयोगबाट कानूनी पुनरावलोकन गरिएकोमा मिति २०६२/१/२७ मा तात्कालिन सरकारलाई गरिएका सिफारिस मुख्य रूपमा निन्नानुसार रहेका छन् ।

- हाल विद्यमान रहेका कानूनहरू बोक्सीको आरोपमा महिला विरूद्ध हुने गरेका दुर्व्यवहार एवं हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्न र दोषीलाई सजायँ गर्न पर्याप्त एवं प्रभावकारी नहुनुका साथै प्रचलित कानूनमा त्यस्तो दुर्व्यवहार एवं हिंसाका घटनाबाट पीडित भएको व्यक्तिलाई उचित क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था सम्बन्धमा कुनै प्रावधान नभएको देखिएकोले यस सम्बन्धमा आवश्यक कानूनको तर्जुमा गर्ने । साथै, महिला विरूद्ध हुने बोक्सीको आरोपका अतिरिक्त अन्य माध्यमबाट पनि हिंसाजन्य घटनाहरू हुने गरेकाले महिलाविरूद्ध हुने सबै प्रकारका हिंसाजन्य घटनाहरूको रोकथाम तथा नियन्त्रण गर्न र दोषीउपर सजाय गर्न एकिकृत कानूनको तर्जुमा गर्ने,
- उल्लिखित कानून बनी लागू नभएसम्मको अवधिका लागि अन्तरिम उपायको रूपमा देहायका कुराहरूलाई समेट्ने निर्देशिका जारी गरी सोको कार्यान्वयन गर्नका लागि श्री ५ को सरकार मातहतका कानून कार्यान्वयन गर्ने सम्पूर्ण निकायहरूमा परिपत्र गर्नेः

१) बोक्सीको आरोपमा महिलाविरूद्ध गरिने दुर्व्यवहार एवं हिंसाजनक कार्यहरूलाई अपराध मानिएको घोषणा गरिनुपर्ने,

२) त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई कानून बमोजिम कारवाही चलाई दण्डित गरिनु पर्ने,

३) त्यस्तो घटनाका सम्बन्धमा मुद्दा चली अन्तिम निर्णय नभएसम्मको अवस्थामा अन्तरिम राहत स्वरूप पीडितको अवस्थालाई मध्यनजर गरी स्वास्थ्य उपचार, खाने बस्ने लगायत अन्य आवश्यक कुराहरूको व्यवस्था मिलाइनु पर्ने,

४) हाल प्रचलित कानून अनुसार बोक्सीको आरोपमा गरिएको हिंसाबाट पीडित पक्षको व्यक्तिले राज्यको कोषबाट क्षतिपूर्ति पाउने व्यवस्था नभएको हुँदा यस सम्बन्धमा तुरून्त आवश्यक व्यवस्था गरी मुद्दाको किनारा गर्दा राज्यको कोषबाट समेत पीडितलाई उचित क्षतिपूर्ति दिने व्यवस्था मिलाइनु पर्ने,

५) यस प्रकारको हिंसालाई निरूत्साहित गर्नका लागि व्यापक रूपमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

नेपालमा हालसम्म पनि दाइजो प्रथाको अवस्था विकराल रहेको त्यसको कारण कतिपय महिलाहरूलाई हिंसा भएको तथा कतिपयको ज्यान नै जाने अवस्था आएको भनी सो सम्बन्धमा महिलाका अधिकार संरक्षणार्थ आयोगबाट महिलाविरूद्धका घरेलु हिंसाका घटनाविरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिसहरु बमोजिम महिलाविरूद्ध भएका हिंसामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न भनी सरकारसमक्ष सिफारिस गरिएको देखिन्छ ।

## घ) बाल अधिकार सम्बन्धी

बालबालिकाहरू शारीरिक तथा मानसिक रूपले समेत विशेष संरक्षण प्रदान गरिनुपर्ने अवस्थामा रहेका हुन्छन् । तसर्थ बाल अधिकारसँग सम्बन्धित रहेर आयोगबाट भएका नीतिगत रूपमा तथा व्यक्तिगत उजुरीहरूमा समेत गरी नेपाल सरकार समक्ष जम्मा १२ वटा नीतिगत सिफारिसहरू गरिएका छन् ।  जसमा निम्न सिफारिसहरू रहेका छन्ः

- नेपाल सरकार अन्तर्गतका जङ्गी, निजामती, प्रहरीलगायतका अन्य निकायहरु र नेपाल सरकारको स्वामित्व भएका संस्थानलगायत सरकारी रकमबाट तलब खाने अन्य कर्मचारी तथा पदाधिकारीहरूले समेत बालबालिकाका अधिकार हनन् हुने गरी कुनै पनि काम नगर्न र त्यस्ता अधिकारको संरक्षण गर्नका लागि अविलम्ब निर्देशन जारी गर्नका साथै त्यस्तो व्यवस्थाको जनस्तरसम्म पुग्ने गरी प्रचारप्रसार गर्न,

- जिल्ला प्रशासन कार्यालय जस्तो जिम्मेवार सरकारी निकायले समेत सर्कसमा काम गर्ने बालबालिकाहरूका विषयमा चासो नदेखाएको भन्ने अध्ययन प्रतिवेदनबाट देखिएकोले यस्तो काम कारबाही रोक्न तथा दोषीमाथि कानुनी कारबाही गर्नको लागि श्री ५ को सरकारका निकायहरूलाई सक्रिय बनाउनु पर्ने, घर फर्कन इच्छुक नेपालीहरूलाई फर्काउन पहल गर्न,

- बेरोजगारी र गरिबीको कारण अभिभावकहरूले आयआर्जनको माध्यमको रूपमा बालबालिकाहरूलाई सर्कसमा पठाउने गरेको देखिएकोले प्रभावित ठाउँलाई लक्षित गरी विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गर्न,

- उद्धार गरी नेपाल फर्काइएका मानिसहरूको समुचित पुनःस्थापना तथा समाजमा पुनःएकीकरण गर्नको लागि सरकारले स्पष्ट नीति निर्माण गरी उद्धार, पुनःस्थापना तथा पुनःएकीकरण कार्यमा संलग्न

गैरसरकारी संस्थाहरूको नियमित अनुगमन गर्न,

- वि.सं. २०६४ सालको संविधानसभा निर्वाचनको अवधीमा आयोगबाट गरिएको अनुगमनबाट विभिन्न राजनैतिक दलहरूले आमसभा, जुलुस तथा ऱ्यालीहरूमा बालबालिकाहरूको प्रयोग गर्ने गरेको देखिएकोमा निर्वाचनमा बालबालिकाहरूको प्रयोगलाई रोक्न,

- ने.क.पा. (माओवादी) का सैन्य शिविरमा रहेका बालसैन्यलाई बिना शर्त शिविरबाट बाहिर निकाली समाजमा पुनःस्थापना, पुनःएकीकरण, सामाजिक पुनर्मिलन लगायत उनीहरूलाई शिक्षा, तालिम, रोजगार लगायतको व्यवस्था मिलाउन,

- नेपाल राज्यभर भएका विद्यालय छात्रबास, बालकल्याण गृह र बालबालिकाका लागि बसोबास गर्न राखिएका आवास गृहहरूमा बालबालिकामाथि समयसमयमा यौनशोषण, दुर्व्यवहारहरु हुने गरेको सत्यतथ्य बाहिर आइरहेको सन्दर्भमा ती बालबालिकाहरूको उचित संरक्षण र पालनपोषणको निम्ति बालअधिकारमुखी राष्ट्रिय नीति तर्जुमा गरी लागू गर्न,

- परीक्षा हलभित्र सुरक्षाकर्मी प्रवेश गर्नु उपयुक्त देखिँदैन तर सुरक्षाको दृष्टिकोणबाट परीक्षास्थलमा मात्र सुरक्षा निकायलाई खटाउने प्रबन्ध मिलाउन,

- कमलरी जस्तो शोषणमूलक सम्बन्ध र मानव अधिकार विरोधी प्रथा, प्रचलन विद्यमान रहिरहन उपयुक्त नदेखिएकोले त्यसको अन्त्यको निम्ति अविलम्ब आवश्यक व्यवस्था गर्न,

- मानव विरूद्ध लक्षित वारूदी सुरूङ्गको प्रयोगको भण्डारण, उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध तथा तिनको विनाश सम्बन्धी महासन्धी (ओटावा सन्धी), १९९७ लाई नेपाल सरकारले अनुमोदन गर्नुपर्ने भन्ने सम्बन्धमा आयोगको अध्ययन तथा नागरिक समाजका सदस्यहरूबाट आयोगलाई सो सन्धी अनुमोदन गर्नको लागि सिफारिस गर्न अनुरोध भई आएको समेत विषयउपर दृष्टिगत गर्दा सो सन्धी अनुमोदन गरी घरेलुकरण (Domestication) गर्न उपयुक्त देखिएको हुँदा सो अनुसार गर्न नेपाल सरकारलाई लेखी पठाउन,

- बाल अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको तर्फबाट सिविन (CWIN) बाट तयार भएको विद्यालय बाल संरक्षण नीतिको मस्यौदाका लागि बैठकमा पेश भई छलफल हुँदा सो सम्बन्धमा बैठकमा आएका संशोधन सुझावहरू समेतलाई संलग्न गरी तत्सम्बन्धी नीति तयार गरी सबै विद्यालयहरूमा लागू गर्न,

- बालसुधार गृहको अभावमा कारागारमा अन्य बन्दीसँगै थुनामा राख्दा बालअधिकार महासन्धि, १९८९ को विपरीत पाइएकोले अब आईन्दा कुनै पनि नाबालकलाई अन्य कैदीको साथ कारागारमा नराखी अनिवार्य रूपले बालसुधार गृहमा राख्न र नाबालकको उमेर पुगी सावालक भैसकेपछि पनि भुक्तान गर्न बाँकी रहेको कैद जरिवानाको हकमा निजलाई बालसुधार गृहसँगै अर्को छुट्टै व्यवस्था गर्न ।

आयोगबाट बालबालिकाको दीर्घ जीवन, संरक्षण तथा विकासका अधिकारको दृष्टिकोणबाट नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा उपचार गराइरहेकी रूकुम जिल्लाको विकट क्षेत्र काँडा गा.वि.स. वडा नं. ५ सेरावाङ घर भएकी १२ बर्षकी जमुना बुढामगरको स्वास्थ्य स्थिति अनुगमन गरिएको थियो । यस अनुगमनबाट देशभर कुपोषणबाट पीडित तथा प्रभावित बालबालिकाहरूका हकहीत संरक्षणको निम्ति आयोगको प्रारम्भिक अनुसन्धान प्रतिवेदन सहित निम्न सुझावहरू कार्यान्वयनार्थ नेपाल सरकारमा सिफारिस गरिएको थियोः

- पीडित बालिकाको उपचारमा लाग्ने खर्च तथा परिवारको जीवनयापनको लागि बिशेष सहयोग गर्नुपर्ने,
- सरकारको निःशुल्क स्वास्थ्य नीति तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू भएतापनि विगत ८ बर्षदेखि उपचार नपाई कुपोषण लगायत अन्य रोगबाट निज ग्रसित हुनु परेको स्थितिमा नेपाल सरकारले उच्च पहाडी, हिमाली क्षेत्र तथा ग्रामीण क्षेत्रमा अनुगमन गरी त्यस्ता बालबालिकाहरूको लागि स्वास्थ्य उपचार र पोषण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,
- ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्य निकायका कार्यालय, तथा त्यस क्षेत्रमा कार्य गर्ने गैसस समेतलाई सक्रिय गराई समन्वयात्मक रूपमा काम गर्न गराउन र जनचेतनाको विस्तार व्यापक रूपमा गरिनु पर्ने,
- प्रत्येक जिल्लामा नेपाल सरकारले गम्भीर रूपमा कुपोषित बालबालिकाहरूको निम्ति पोषण पुनर्स्थापना केन्द्रहरूको स्थापना गर्नुपर्ने,
- सहस्राब्दी विकास लक्ष्यको प्रथम लक्ष्य नै गरिवी र भोकमरीको उन्मूलन गर्ने रहेको छ । बालबालिकाका लागि १० वर्षीय राष्ट्रिय कार्ययोजना (२०६१/०६२ - २०७१/०७२) ले शिक्षा, स्वास्थ्य र पोषणयुक्त खानेकुरा र अन्य क्षेत्रमा बालमैत्री वातावरणको निर्माण गर्ने प्रावधान रहेको छ । सहस्राब्दी विकास लक्ष्यहरूमा विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्ने, बाल मृत्युदर न्यूनीकरण गर्ने लगायत रहेको छ । तसर्थ ती राष्ट्रिय नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकाको हकहीत संरक्षण गर्नु राज्यको दायित्व भएको हुँदा बाल कुपोषण न्यूनीकरण गर्न कार्यान्वयनको अवस्था के कस्तो रहेको छ? त्यसबारे नेपाल सरकारको प्रतिवेदन माग गर्ने ।

## ङ) बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार सम्बन्धीः

राष्ट्रिय मानव अधिकार आयोगले व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) ऐन, २०६५ को विधेयकमा केही प्रावधानहरू संशोधनका लागि आवश्यक सुझाव नेपाल सरकारलाई पठाएको थियो । आयोगले विधेयकका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा नेपालको अन्तरिम संविधान, २०६३ र सर्वोच्च अदालतको मिति २०६४/२/१८ को आदेश समेतको अध्ययन गरेको थियो । आयोगले गरेको बृहत् छलफल र अध्ययन पश्चात् यो विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी परिमार्जन गर्नको लागि आयोगले सुझावहरू नेपाल

सरकारलाई पठाएको थियो । साथै सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन तथा विधेयक सम्बन्धमा आयोगबाट नेपाल सरकार समक्ष समय समयमा सुझावहरू दिइंदै आएको अवस्था छ ।

## च) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धीः

नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, २००६ को पक्षराष्ट्र भइसकेको छ । आयोगमा प्राप्त भएका उजुरीहरू तथा अन्य सान्दर्भिक परिस्थितिमा समेत अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन सुलभ बनाउनको निम्ति उनीहरूको अधिकारहरूको संरक्षण सम्बन्धमा आयोगले सिफारिसहरू गरेको देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्बन्धमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, सो को नियमावली २०५१, समेतमा व्यवस्था भएका कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नभएको भनी प्राप्त उजुरीका सम्बन्धमा त्यस्ता व्यक्तिहरूको हकहितको प्रभावकारी रूपमा संरक्षण गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गरिएको हो ।

आयोगबाट त्रिभुवन विश्वविद्यालय (त्रि.वि.वि.) को परिक्षा प्रवेश पत्रमा अपाङ्ग भन्ने शब्द प्रयोग भए रहेको विषयमा आयोगमा छलफल हुँदा तत्सम्बन्धमा अध्ययन गर्दा त्रि.वि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम २६४ मा रोगी, अस्वस्थ वा अपाङ्ग परीक्षार्थी र नियम २६७ मा अन्धो वा हातले लेख्न नसक्ने भन्ने जस्ता शब्दहरूको प्रयोग भएको पाईकोले त्यस्ता व्यक्तिहरूलाई सम्बोधन गरिने शब्दहरू मानव अधिकारमैत्री हुनेगरी नियम संशोधन गर्न त्रि.वि.वि. तथा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

## छ) आप्रवासी कामदार र तिनका परिवारहरूको मानव अधिकार संरक्षण सम्बन्धमा

सबै आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९९०, अनुमोदनको लागि नेपाल सरकार समक्ष मिति २०६९/८/७ मा सिफारिस गरिएको छ ।

आयोगका पदाधिकारीहरूको उच्चस्तरिय टोलीको दक्षिण कोरिया र मलेशियाको भ्रमणबाट वैदेशिक रोजगारमा गएका आप्रवासी नेपाली कामदारहरूको हकहित संरक्षण र सम्बर्द्धनलाई प्राथमिकताको चरणमा राखी काम गर्न आयोगले मिति २०६९।८।७ मा संयुक्त राष्ट्रसंघले आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी महासन्धिलाई हस्ताक्षर र अनुमोदन गर्न गरेको सिफारिस मुताबिकको राष्ट्रिय ऐन, कानून, नीति, कार्ययोजना र आवश्यक संयन्त्रहरू तर्जुमा गरी व्यवहारमा प्रभावकारी ढंगले लागु गर्न आयोग नेपाल सरकारको गम्भिर ध्यान आकृष्ट गर्दछ भन्ने आयोगको सिफारिस रहेको छ ।

## ज) आन्तरिक विस्थापन सम्बन्धमा

सशस्त्र द्वन्द्वको समयमा देशभित्र धेरै मानिसहरू राजनैतिक आस्थाका कारणबाट आफ्नो थातथलोबाट छाडेर बाहिर जानुपर्ने अवस्था रहेको थियो । यसरी मानिसहरू आफ्नो बासस्थानबाट बाहिर जानुपर्दा उनीहरूले आफ्नो सम्पत्ति पनि छाडेर जानुपर्दा दैनिक जीवन चलाउन वा खानबस्नको समस्या एकातिर छँदैछ भने आन्तरिक विस्थापितका बालबालिकाहरूको खाने, बस्ने औषधोपचार तथा शिक्षा प्राप्त गर्ने अधिकारहरू समेत बञ्चित हुन

पुगेका थिए । यसरी देशभित्रै अधिकांश ग्रामिण भेगहरूबाट राज्यपक्ष तथा विद्रोही पक्षका कारण आन्तरिक रूपमा विस्थापित हुन पुगेका नागरिकहरूबाट आयोगमा दर्ता हुन आएका थुप्रै उजुरीहरूका उपर अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकार समक्ष नीतिगत रूपमा सिफारिस गरिएको थियो । जसअनुसार आन्तरिक रूपमा विस्थापितहरू अझैसम्म पनि घर फर्किन सक्ने वातावरण नभएको, नेकपा (माओवादी)ले कब्जा गरेका घरजग्गा फिर्ता नगरेको भन्ने आयोगको स्थलगत अनुगमन प्रतिवेदनबाट समेत देखिन आएकोले अविलम्ब विस्तृत शान्ती सम्झौता र मिति २०६४/९/२३ मा सम्पन्न भएको (नेपाल सरकार र नेकपा माओवादीबिच) सम्झौता बमोजिम कारवाही गरी कब्जा गरेको घरजग्गा शिघ्रातिशिघ्र फिर्ता गर्न नेकपा (माओवादी) लाई पत्र पठाई सोको बोधार्थ शान्ती तथा पुनर्स्थापना मन्त्रालयलाई पठाउने भन्ने आयोगबाट निर्णय गरिएको देखिन्छ ।

त्यसैगरी आयोगबाट ज्येष्ठ नागरिकका अधिकारहरू तथा मानव बेचविखन तथा ओसारपसार विरूद्धको अधिकारका सम्बन्धमा पनि नीतिगत सिफारिसहरू गरिएका छन् जुन सिफारिसहरू तल विस्तृतमा उल्लेखित छन् ।

# ५. नीतिगत सिफारिसहरू

## ५.१ अनुगमन, अध्ययन अनुसन्धानको आधारमा भएका नीतिगत सिफारिसहरू

आयोगको अनुगमन, अनुसन्धान, कानून तथा विधेयक पुनरावलोकन तथा अध्ययनबाट समेत प्राप्त तथ्यका आधारमा मानव अधिकारको संरक्षण, संबर्द्धन तथा परिपालन गर्न गराउनको लागि आयोगबाट नेपाल सरकार समक्ष नीतिगत रूपमा गरिएका सिफारिसहरू ।

| क्र. सं. | मानव अधिकार उल्लंघनको सङ्क्षिप्त व्यहोरा | सम्बन्धित पक्ष | आयोगको निर्णय/सिफारिस | आयोगबाट गरिएको पत्राचार | कार्यान्वयनको स्थिति |
|---|---|---|---|---|---|
| १ | श्री ५ को सरकारको निकायमा काम गर्ने कर्मचारीहरूले नै बालबालिकाहरूलाई श्रममा लगाएको भन्ने सम्बन्धमा । | श्री ५ सरकारको निकायमा कार्यरत कर्मचारीहरु | श्री ५ को सरकार अन्तर्गतका जङ्गी, निजामती, प्रहरीलगायतका अन्य निकायहरु र श्री ५ को सरकारको स्वामित्व भएका संस्थानलगायत सरकारी रकमबाट तलब खाने अन्य कर्मचारी तथा पदाधिकारीहरूले समेत बालबालिकाका अधिकार हनन् हुने गरी कुनै पनि काम नगर्न र त्यस्ता अधिकारको संरक्षण गर्नका लागि अविलम्ब निर्देशन जारी गर्नका साथै त्यस्तो व्यवस्थाको जनस्तरसम्म पुग्ने गरी प्रचारप्रसार गर्न श्री ५ को सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६०/८/९ को निर्णय । | आयोगको च. नं. २५४५ मिति २०६०/८/११ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कायार्यलय (प्र.म.म.प.) लाई पत्राचार गरिएको । | |
| २ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्बन्धमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, सो को नियमावली २०५१, समेतमा व्यवस्था भएका कानूनी प्रावधानहरूको | | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्बन्धमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, सो को नियमावली २०५१, समेतमा व्यवस्था भएका कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नभएको कारण त्यस्ता व्यक्तिहरूको हकहितको संरक्षण नभएको भन्ने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रभावकारी कार्यान्वयन नभएको कारणले त्यस्ता व्यक्तिहरूको हकहितको संरक्षण नभएको भन्ने राष्ट्रिय अपाङ्ग महासंघ नेपालले आयोग समक्ष अनुरोध गरेको सम्बन्धमा । | | राष्ट्रिय अपाङ्ग महासंघ नेपालले आयोग समक्ष अनुरोध गरेकोमा निजहरूको हकको प्रभावकारी रूपमा संरक्षण गर्नको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्ने भन्ने आयोगका २०६०/८/९ को निर्णय । | | |
| ३ | मिति २०६१/४/२० देखि २०६१/४/२३ सम्म भारतीय सर्कसबाट फर्काइएका बालबालिका तथा चेलीबेटीहरूका सम्बन्धमा मकवानपुर जिल्लाको स्थलगत अध्ययन गरिएको विषयको सम्बन्धमा । | | आयोगको स्थलगत अध्ययनबाट हाल पनि भारतीय सर्कसहरूमा धेरै संख्यामा महिला तथा बालबालिकाहरू कार्यरत रहेको र तिनीहरूलाई फर्काउन अभिभावकहरूले प्रयत्न गरे तापनि स्वदेश फर्काउन नसकिएको भन्ने विषयमा श्री ५ को सरकार समक्ष निम्न बमोजिम सिफारिस गर्ने भन्ने आयोगको मिति २०६१/७/१७ को निर्णय ।<br>● जिल्ला प्रशासन कार्यालय जस्तो जिम्मेवार सरकारी निकायले समेत सर्कसमा काम गर्ने बालबालिकाहरूका विषयमा चासो नदेखाएको भन्ने अध्ययन प्रतिवेदनबाट देखिएकोले यस्तो काम कारबाही रोक्न तथा दोषीमाथि कानुनी कारबाही गर्नको लागि श्री ५ को सरकारका निकायहरूलाई सक्रिय बनाउनुपर्ने, घर फर्कन इच्छुक नेपालीहरूलाई फर्काउन पहल गर्ने,<br>● बेरोजगारी र गरिबीको कारण अभिभावकहरूले आयआर्जनको माध्यमको रूपमा बालबालिकाहरूलाई सर्कसमा पठाउने गरेको देखिएकोले प्रभावित ठाउँलाई लक्षित गरी विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,<br>● उद्धार गरी नेपाल फर्काइएका मानिसहरूको समुचित पुनःस्थापना तथा समाजमा पुनःएकीकरण गर्नको | आयोगको च. नं. ८४० मिति २०६१/८/१ मा प्र.म.म.का.लाई सुझाव पठाएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लागि सरकारले स्पष्ट नीति निर्माण गरी उद्धार, पुनःस्थापना तथा पुनःएकीकरण कार्यमा संलग्न गैरसरकारी संस्थाहरूको नियमित अनुगमन गर्नुपर्ने । | | |
| ४ | सुन्दरीजल थुनुवा केन्द्रमा राखिएका थुनुवाहरूलाई मानवअधिकार आयोगका कर्मचारी हौँ भनी भ्रममा पारी आँखामा पट्टी बाँधी सोधपुछ गर्ने गरिएको भन्ने अनुसन्धानको क्रममा देखिएको । | | थुनुवाहरूलाई मानवअधिकार आयोगका कर्मचारी हौँ भनी भ्रममा पारी आँखामा पट्टी बाँधी सोधपुछ गर्ने गरिएको भन्ने अनुसन्धानको क्रममा देखिएको सम्बन्धमा सम्बन्धित निकायबाट जानकारी माग गर्ने तथा छाड्ने आदेश भएका सुरेश अर्याल, अशोक मिजार, ध्रुवकुमार लामा समेतलाई थुनुवा केन्द्रबाटै सैनिकको गाडीमा राखी पुनः पक्राउ गरी लगेको भन्ने देखिएको हुँदा यसलाई समेत आयोगले गम्भीर रूपमा लिएको छ । यसरी थुनाबाट छुट्ने आदेश भएका व्यक्तिहरूलाई पूनः पक्राउ गर्ने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा यसको बारेमा समेत सम्बन्धित निकायबाट तुरून्त जानकारी माग गर्ने भन्ने आयोगको मिति २०६१/९/६ को निर्णय । | आयोगको च. नं. १०७७ मिति २०६१/९/८ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | |
| ५ | नेपाल अधिराज्यभर संकटकालको अवस्थामा स्थानहद तोकी नजरबन्दमा राखिएका तथा विभिन्न ठाउँहरूमा हिरासतमा राखिएका व्यक्तिहरूसँग भेटघाट तथा मानवअधिकारको समग्र स्थितिको अनुगमन गरिएको । | | सरकारद्वारा नजरबन्दमा राखिएका व्यक्तिहरूको अधिकार उपभोग सम्बन्धमा आयोगको मिति २०६१/११/११ को निर्णयानुसार नेपाल सरकार समक्ष निम्न बमोजिमका सिफारिस गरिएको ।<br><br>● नजरबन्दमा राखिएकाहरूको मानवीय मर्यादा समेतलाई विचार गरी पक्राउ पुर्जीमा उल्लेख गरिएका आदेशले निषेध गरे बाहेकका अन्य मौलिक तथा कानुनी अधिकारहरूको प्रयोग गर्नबाट बञ्चित गर्न नहुने हुँदा आवश्यक व्यवस्था मिलाउन साथै स्थानहद तोकी अधिकारबाट बञ्चित भएकाहरूको आयआर्जन लगायतका हकमाथि समेत असर पर्ने हुँदा निजहरूलाई आवश्यक पर्ने दैनिक उपभोगका | च. नं. १६५१ मिति २०६१/११/१२ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वस्तुहरू प्राप्त गराउनुपर्ने दायित्व सरकारकै हुन आउने भएकोले सो सम्बन्धमा अविलम्ब आवश्यक व्यवस्था गर्न,<br>● स्थानहद तोकिएको व्यक्तिबाहेक निजका परिवार तथा नातेदारको हकमा अनावश्यक नियन्त्रण लगाइएको र निषेधित नागरिकका मौलिक हकको निर्बाध प्रयोगमा समेत बन्देज लगाइएको भन्ने देखिएको हुनाले निजहरूको हकमा आघात नपुग्ने गरी आवश्यक व्यवस्था मिलाउन,<br>● प्रकाशित पत्रपत्रिका, रेडियो, टी.भी.लगायत निजहरूले रोजेको पुस्तकको अध्ययन गर्ने व्यवस्था मिलाउन साथै स्वास्थ्य उपचारको आवश्यक व्यवस्था मिलाउन,<br>● स्तरयुक्त खाना उपलब्ध गराउने व्यवस्था गर्न,<br>● कानून व्यवसायीको सल्लाह लिन पाउने व्यवस्था गर्न,<br>● अनुगमनको क्रममा आयोगको टोलीलाई निर्बाध रूपमा भेटघाटमा बाधा नपुऱ्याउन,<br>● परीक्षामा सामेल हुनुपर्ने विद्यार्थीको हकमा परीक्षामा सामेल हुन पाउने विशेष व्यवस्था मिलाउन । | | |
| ६ | मिति २०६१/१२/१८ गते सशस्त्र प्रहरी बल दुवाकोटमा बन्दीसँग स्वतन्त्र रूपमा भेटघाट गर्न नदिएको, गोरखनाथ गण लिपिकोट, शिवपुरीमा अनुगमन तथा निरीक्षण गर्न पूर्ण रोक लगाइएको, प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा अनुगमन गरिएको सम्बन्धमा । | | आयोगबाट सुरक्षा निकायका विभिन्न बन्दीगृहहरूमा गरिएको अनुगमनबाट प्राप्त सुचना अनुसार बन्दीहरूका अधिकार संरक्षणका लागि नेपाल सरकार समक्ष निम्न बमोजिमका सिफारिस गर्ने भन्ने मिति २०६१/१२/१५ मा आयोगको<br>निर्णय ।<br>● आयोगको काम कारबाहीमा बाधा पुऱ्याइएकाले अब आइन्दा आयोगको काममा बाधा नपुऱ्याई सुचारू रूपले अनुगमन अनुसन्धान गर्ने व्यवस्था मिलाउन | च. नं. १९६१ मिति २०६१/१२/२५ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | गृह मन्त्रालयको च. नं. ४५६८ मिति २०६२/१/१४ मा उक्त आयोगका पदाधिकारीहरु लाई कारागार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्बन्धित थुनुवा केन्द्रहरूमा अविलम्ब परिपत्र गरी पठाउने,<br>● थुनुवा बन्दीहरूलाई कानुनले रोक नलगाएको पुस्तक तथा सूचनाका साधन उपलब्ध गराउन,<br>● थुनुवा बन्दीहरूको स्वास्थ्य जाँच गराउन,<br>● बन्दी राख्ने कोठाको राम्रो व्यवस्था गर्न,<br>● थुनामा राखिएका बन्दीहरूको निवासको टेलिफोन लाइन अविलम्ब जडान गर्न । | | तथा बन्दी राखिएको अन्य ठाउँमा बन्दीहरूसँग भेटघाट गर्न दिनुहुन निर्देशानुसार अनुरोध गर्दछु" भन्ने व्यहोराको पत्र प्राप्त । |
| ७ | अधिराज्यका विभिन्न थुनुवा केन्द्रहरु, छानबिन तथा अनुसन्धान केन्द्र सुन्दरीजल, सशस्त्र प्रहरी क्याम्प ककनी, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्ज, सशस्त्र प्रहरी बल दुवाकोट, वडा प्रहरी कार्यालय कालीमाटी, महेन्द्र युवालय जावलाखेल, श्रीजङ्ग गण, सिंहदरबार, महावीर गण, रेन्जर गण, छाउनीलगायत निवासमा नै नजरबन्द र स्थानहदमा रहेका विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता समेतका बारेमा अनुगमन । | राज्य पक्ष | आयोगबाट सुरक्षानिकायका उल्लेखित बन्दीगृहहरूमा गरिएको अनुगमनबाट प्राप्त सुचना अनुसार बन्दीहरूका अधिकार संरक्षणका लागि नेपाल सरकार समक्ष निम्न बमोजिमका सिफारिस गर्ने भन्ने मिति २०६१/१२/१६ को निर्णय ।<br>● नजरबन्दमा रहेका र आफ्नो निवासमा स्थानहदमा रहेकाहरूको समेत दक्ष चिकित्सकद्वारा उपचारको तत्काल व्यवस्था गर्न,<br>● सैनिक व्यारेकमा राखिएका व्यक्तिहरूलाई व्यारेकबाहेकका अन्य उपचारको सुविधासमेत भएका थुनुवा केन्द्रहरूमा सार्न,<br>● थुनुवा तथा नजरबन्दमा रहेका व्यक्तिहरूका परिवार तथा आफन्त र कानुन व्यवसायीलाई भेटघाटको व्यवस्था गर्न साथै पक्राउ परेका विद्यार्थीहरूलाई परीक्षामा सामेल हुने व्यवस्था गर्न । | च. नं. १९०७ मिति २०६१/१२/१८ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | गृह मन्त्रालयको च. नं. ४२९९ मिति २०६२/१/१४ मा "विशेषज्ञ चिकित्सकबाट आवश्यकता अनुसार उपचारमा लाग्ने औषधि लगायत अन्य सम्पूर्ण खर्च राज्यकै तर्फबाट व्यवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्नुपर्ने सिफारिस गरिएको हुँदा बन्दीहरूको उपचारका लागि तत्काल रू. १०,००,०००/- निकासा हुन निर्देशानुसार अनुरोध छ" भन्ने व्यहोराको पत्र प्राप्त । |
| ८ | महिला विरूद्ध हुने हिंसाको रूपमा रहेको बोक्सी प्रचलन सम्बन्धमा । | | महिला विरूद्ध हुने हिंसाको रूपमा रहेको बोक्सी प्रचलन सम्बन्धमा पेश भए बमोजिमको व्यहोराको सिफारिस श्री ५ को सरकारलाई पठाउने भन्ने आयोगको मिति २०६२/१/२७ को निर्णय । जसमा निम्न बमोजिमका सिफारिसहरू रहेका ।<br><br>● हाल विद्यमान रहेका कानूनहरू बोक्सीको आरोपमा महिला विरूद्ध हुने गरेका दुर्व्यवहार एवं हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्न र दोषीलाई सजायँ गर्न पर्याप्त एवं प्रभावकारी नहुनुका साथै प्रचलित कानूनमा त्यस्तो दुर्व्यवहार एवं हिंसाका घटनाबाट पीडित भएको व्यक्तिलाई उचित क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था सम्बन्धमा कुनै प्रावधान नभएको देखिएकोले यस सम्बन्धमा आवश्यक कानूनको | च. नं. २३५४ मिति २०६२/२/६ मा आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तर्जुमा गर्ने । साथै, महिला विरूद्ध हुने बोक्सीको आरोपका अतिरिक्त अन्य माध्यमबाट पनि हिंसाजन्य घटनाहरू हुने गरेकाले महिलाविरूद्ध हुने सबै प्रकारका हिंसाजन्य घटनाहरूको रोकथाम तथा नियन्त्रण गर्न र दोषी उपर सजाय गर्न र दोषीउपर सजाय गर्न एकिकृत कानूनको तर्जुमा गर्ने,<br>● बोक्सीको आरोपमा महिलाविरूद्ध गरिने दुर्व्यवहार एवं हिंसाका घटनाको रोकथाम तथा नियन्त्रण गर्न र दोषीउपर सजाय गर्न पर्याप्त एवं प्रभावकारी कानून बनी लागू नभएसम्मको अवधिका लागि अन्तरिम उपायको रूपमा देहायका कुराहरूलाई समेट्ने निर्देशिका जारी गरी सोको कार्यान्वयन गर्नका लागि श्री ५ को सरकार मातहतका कानून कार्यान्वयन गर्ने सम्पूर्ण निकायहरूमा परिपत्र गर्नेः<br>बोक्सीको आरोपमा महिलाविरूद्ध गरिने दुर्व्यवहार एवं हिंसाजनक कार्यहरूलाई अपराध मानिएको घोषणा गरिनुपर्ने,<br>१) त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई कानून बमोजिम कारवाही चलाई दण्डित गरिनु पर्ने,<br>२) त्यस्तो घटनाका सम्बन्धमा मुद्दा चली अन्तिम निर्णय नभएसम्मको अवस्थामा अन्तरिम राहत स्वरूप पीडितको अवस्थालाई मध्यनजर गरी स्वास्थ्य उपचार, खाने बस्ने लगायत अन्य आवश्यक कुराहरूको व्यवस्था मिलाइनु पर्ने,<br>३) हाल प्रचलित कानून अनुसार बोक्सीको आरोपमा गरिएको हिंसाबाट पीडित पक्षको व्यक्तिले राज्यको कोषबाट क्षतिपूर्ति पाउने व्यवस्था नभएको हुँदा यस सम्बन्धमा तुरून्त आवश्यक व्यवस्था गरी मुद्दाको किनारा गर्दा राज्यको कोषबाट समेत पीडितलाई उचित क्षतिपूर्ति दिने व्यवस्था मिलाइनु पर्ने, | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४) यस प्रकारको हिंसालाई निरूत्साहित गर्नका लागि व्यापक रूपमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने गराउने । | | |
| ९ | संविधान र कानुनद्वारा प्रत्याभूत गरिएका नागरिकका अधिकारहरूको संरक्षकको रूपमा रहेका न्यायपालिकाबाट मुद्दाको पुर्पक्षको सिलसिलामा गैरकानुनी थुनामा रहेका व्यक्तिहरूलाई थुनामुक्त गर्न भनी आदेश भएपछि पनि त्यस्ता व्यक्तिहरूलाई पटकपटक अदालत परिसरबाट पक्राउ गरी विभिन्न स्थानहरूमा राखिने गरिएको सम्बन्धमा आयोगको अनुगमन भएको । | | स्वतन्त्र न्यायपालिका प्रजातान्त्रिक व्यवस्थाको आधारस्तम्भ भएको हुँदा सर्वोच्च अदालतबाट भएका निर्णयहरूको सबैले सम्मान गर्नपर्छ । तसर्थः सम्मानित अदालतबाट रिहा गरिएका व्यक्तिहरूलाई पुनः गिरफ्तार गर्ने कार्य बन्द गर्न आवश्यक व्यवस्था मिलाउन र अदालतको सम्मान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने आयोगको मिति २०६२/२/२४ को निर्णय । | च. नं. २५५९ मिति २०६२/२/३० मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | |
| १० | अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको कार्यान्वयन सम्बन्धी श्री ५ को सरकारका प्रतिवेदनहरू पठाउने व्यवस्था सम्बन्धमा । | नेपाल सरकार | आयोगको राय प्राप्त गरेपछिमात्र अन्तर्राष्ट्रिय निकायमा प्रस्तुत गर्नुपर्ने सन्धी सम्झौताहरूको कार्यान्वयन सम्बन्धी श्री ५ को सरकारका प्रतिवेदनहरू आयोगको राय नलिई मानव अधिकार ऐनको प्रावधान विपरित प्रस्तुत गरेको देखिंदा सो सम्बन्धमा श्री ५ को सरकारको ध्यानाकर्षण गराउने र आइन्दा त्यस्तो प्रतिवेदनहरूमा आयोगको रायसमेत लिएर मात्र पठाउन आवश्यक व्यवस्था मिलाउन श्री ५ को सरकारलाई लेखि पठाउने भन्ने आयोगको मिति २०६२/२/३१ को निर्णय । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड ( झ) ले दिएको अधिकार प्रयोग गरी सूचना तथा सञ्चार मन्त्रालयले एफएम प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम वा सामग्रीबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारण गर्न रोक लगाउने भन्ने सम्बन्धमा । | सूचना तथा सञ्चार मन्त्रालय | श्री ५ को सरकारले एफएम प्रसारण संस्थाहरूको सेवा सीमित गर्ने गरी सम्बन्धित एफएम रेडियोहरूका नाममा जारी गरेको सूचनाबाट विभिन्न जानकारीमूलक सामग्रीहरूबारे सुसुचित हुने हकबाट आम नागरिक बञ्चित रहनु परेको यथार्थप्रति सरकारको गम्भीर ध्यानाकर्षण हुँदै आम नागरिकको सुसूचित हुने अधिकार तथा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न आवश्यक कदम अविलम्ब अघि बढाउन सिफारिस गरिएको । | च. नं. १०२ मिति २०६२/४/१३ मा आयोगको निर्णय कार्यान्वयनसम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | मानवअधिकार प्रवर्द्धन केन्द्रको च.नं. १८ मिति २०६२/४/१७ मा सूचना तथा सञ्चार मन्त्रालयलाई कार्यान्वयनको लागि पत्राचार गरिएको बोधार्थ पत्र प्राप्त । |
| १२ | मिति २०६२/१०/४ गतेदेखि विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, नागरिक समाजका व्यक्तिहरु तथा मानवअधिकारकर्मीहरु समेतलाई पक्राउ गरिएको, नजरबन्दमा राखिएको तथा स्थानहद गरिएको सम्बन्धमा आयोगले अनुगमन गरेको । | | १. अत्यन्त गम्भीर प्रकृतिका बिरामी प्रदीप नेपाल र लामो समयदेखि बिरामी रहेका बुद्धवीर लामा (खुट्टामा स्टिलको पातो राखिएको) समेतलाई हाल राखिएको स्थानमा राख्न उपयुक्त नदेखिएको हुँदा तत्काल रिहा गर्न,<br>२. थुना तथा नजरबन्दमा राखिएका सम्पूर्ण व्यक्तिहरूलाई आवश्यक स्वास्थ्योपचार तथा औषधिको व्यवस्था गर्न,<br>३. अधिकांश थुनुवाहरूको घरमा काटिएको टेलिफोन लाइन तत्काल जडान गर्न,<br>४. सशस्त्र प्रहरी २ नं. गण महाराजगन्जमा राखिएका थुनुवाहरूलाई दिइएको खाना गुणस्तरहीन भएको, पर्याप्त पानी र शौचालयको उपयुक्त व्यवस्था नभएको र सुत्ने कोठा अत्यन्त चिसो भएको, क्षमताभन्दा बढी थुनुवाहरूलाई एकै ठाउँमा राखिएको पाइएकोले | च. नं. ११३६ मिति २०६२/१०/० मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तत्काल आवश्यक प्रभावकारी व्यवस्था मिलाउनका साथै परीक्षा दिनुपर्ने विद्यार्थीहरूका लागि परीक्षा दिन पाउने व्यवस्था मिलाउन,<br>५. सम्पूर्ण थुनुवाहरूलाई परिवारका सदस्य तथा उनीहरूले रोजेका कानुन व्यवसायीसँग भेटघाट गरी राय परामर्श सेवा लिन पाउने व्यवस्था मिलाउन,<br>६. सम्पूर्ण थुनुवाहरूलाई कानुनबमोजिम प्रकाशित पत्रपत्रिकाहरु, रेडियो, टेलिभिजन लगायत सञ्चारका साधन उपलब्ध गराउन,<br>७. घरमा नै नजरबन्द गरी राखिएका व्यक्तिहरूका परिवारका सदस्यसमेतलाई स्वतन्त्र रूपमा आवतजावत गर्न, पेशा व्यवसाय गर्न पाउने व्यवस्था मिलाउन । | | |
| १३ | राजनीतिक दलहरूले गरेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीबाट अत्यधिक बलको प्रयोग हुनुका साथै जुलुस र विरोध प्रदर्शनमा संलग्न नभएका सर्वसाधारण बटुवाहरूलाई समेत नियन्त्रणमा लिई निर्घात कुटपिट गरिएको भन्ने सम्बन्धमा । | सुरक्षाकर्मी | शान्तिपूर्ण जुलुसमा सहभागी हुने तथा बटुवा समेतलाई कुटपिट लगायत अत्यधिक बलको प्रयोग नगर्न अविलम्ब निर्देशन हुन तथा सुरक्षाकर्मीद्वारा घाइते बनाइएका व्यक्तिहरूको निःशुल्क औषधोपचारको तत्काल व्यवस्था गर्न श्री ५ को सरकारलाई सिफारिस गरिएको । | च. नं. ११६१ मिति २०६२/१०/१२ मा आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा प्र.म.म.का.लाई पत्राचार गरिएको । | |
| १४ | आयोगबाट विभिन्न समयमा गरिएको अनुगमन तथा विभिन्न सञ्चार माध्यमहरूमा आएका समाचारहरूको आधारमा नजरबन्द तथा स्थानहद सम्बन्धमा । | | नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल लगायत विभिन्न राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज तथा मानव अधिकार क्षेत्रका केही व्यक्तिहरूलाई उचित र पर्याप्त आधार विना लामो समयदेखि स्थानहद तथा नजरबन्दमा राखेको कार्यले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ मा व्यवस्था भएको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भनी गरिएको मौलिक हकको व्यवस्था र नेपाल पक्ष रहेको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा ९(१) मा व्यवस्था भएको कसैलाई पनि स्वच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न नपाइने भन्ने बाध्यात्मक कानुनी व्यवस्थाको उल्लघंन भएको देखिँदा स्थानहदमा राखिएका नेकपा (एमाले) मा महासचिव माधव कुमार नेपालको स्थानहद फुकुवा गर्न तथा नजरबन्दमा राखिएका व्यक्तिहरूलाई रिहा गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने भन्ने आयोगको मिति २०६२/११/०९ को निर्णय । | | |
| १५ | आयोगबाट मिति २०६१/१/११ देखि २०६२/६/१८ सम्म देशका ३० जिल्लाका ३२ वटा कारागार, छानविन तथा अनुसन्धान केन्द्र सुन्दरीजल र पुनर्स्थापना केन्द्र ढकालटार तनहुँको समेत अनुगमन गरिएको र कारागार अनुगमन प्रतिवेदन, २०६२ प्रकाशित गरिएको । | | कारागार अनुगमन प्रतिवेदन, २०६२ प्रकाशित गरिएको र सो अनुरूप आयोगबाट निम्न बमोजिमका सिफारिसहरू रहेको:<br><br>**क) श्री ५ को सरकारलाई:**<br><br>• जीर्ण भवनको मर्मत तथा पुनः निर्माण गर्नुपर्ने,<br>• पर्याप्त बजेटको विनियोजन गरी समयमा निकासा गरिनुपर्ने,<br>• कम्पाउण्ड नभएका कारागारहरूलाई कारागार रहेकै स्थान वा सो स्थानमा उपयुक्त नभए अन्य सुरक्षित स्थानमा जग्गाको व्यवस्था गरी कम्पाउण्ड निर्माण गरिनुपर्ने,<br>• कारागारको क्षमताभन्दा बढी बन्दी तथा कैदी राख्नको लागि तत्काल वैकल्पिक भवनको व्यवस्था | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरिनुपर्ने,<br>• बन्दी तथा कैदी बस्न तथा सुत्नको लागि कारगारमा खाट तथा टाँडको व्यवस्था गरिनुपर्ने,<br>• असमर्थ तथा असक्षम बन्दी तथा थुनुवाहरूको लागि कानूनी सेवाको संरक्षण व्यवहारिक रूपमा नै सुनिश्चित गरिनुपर्ने,<br>• कारागार भवनमा ढल निकासको व्यवस्था गरिनुपर्ने,<br>• पक्राउ गरिंदा वा पक्राउ परिसकेपछि र कारागारमा रहेका बन्दीहरूमाथि दिइने शारीरिक तथा मानसिक यातना रोक्न सम्बन्धित निकाय मार्फत निर्देशन दिने र सोको उल्लंघन गरी यातना दिने सुरक्षाकर्मी तथा आन्तरिक प्रशासनका व्यक्तिहरूमाथि कारवाही गरिनुपर्ने,<br>• बन्दीको सङ्ख्याको आधारमा शौचालयको व्यवस्था गर्नुपर्ने,<br>• कारागारको सुरक्षा व्यवस्थाको ग्यारेन्टी हुनुपर्दछ तथा प्रभावकारी गराइनुपर्छ,<br>• कारागारमा चिकित्सक नभएको कारण बन्दी तथा थुनुवाहरूको मृत्युसमेत भएको यथार्थतामा नियमित चिकित्सकीय सेवा उपलब्ध गराई आवश्यक औषधीको व्यवस्था हुनुपर्ने साथै बन्दीगृहमा भएको मृत्युको सम्बन्धमा आयोगलाई यथाशिघ्र जानकारी गराउनुपर्ने,<br>• अधिकांश कारागारहरमा लत्ताकपडा र खानाको समेत अभाव देखिएको सम्बन्धमा बन्दीहरूको लागि खानलाउन दिनु राज्यको कर्तव्य भएकाले सोको लागि पर्याप्त बजेट विनियोजन हुनुपर्ने,<br>• पत्रपत्रिकाको नियमित व्यवस्था गर्नको लागि बजेट | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विनियोजन गरिनुपर्ने,<br>• कारागारमा रहेको व्यक्ति बाहेक संरक्षक नभएका बालबालिकाको लागि अनाथालयमा पठाउन वा अन्य व्यवस्था गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गर्नुपर्ने,<br>• कारागारमा आउनुपूर्व आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजायँ) अध्यादेश अन्तर्गत पक्राउ परेका अधिकांश थुनुवा तथा बन्दीहरूले यातना पाएको देखिंदा यातना दिनेलाई कानून बमोजिम कारवाही गरिनुपर्ने,<br>• कारागारमा बन्दीहरूलाई गरिने व्यवहारहरू कानूनसम्मत गर्न र गैरकानूनी थुनामा नराख्नको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन गर्नुपर्ने,<br>• कारागारमुक्त भएपछि समाजमा पुनःस्थापित गर्ने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनुपर्ने,<br>• असमर्थ र असक्षम बन्दी तथा थुनुवाहरूको लागि कानूनी सेवा सुनिश्चित गरिनुपर्ने आदेश जारी हुनुपर्ने,<br>• श्री ५ को सरकारले कारागारको भौतिक अवस्थाको न्यूनतम मापदण्ड तय गरी सोही अनुकूलको एकरूपतापूर्ण सुविधा बन्दीहरूलाई उपलब्ध गराइनुपर्ने,<br>• यातना तथा अन्य क्रुर, अमानविय तथा अपमानजनक व्यवहार वा सजायँ विरूद्धको स्वेच्छिक आलेख २००२ लाई नेपालले अनुमोदन गर्नुपर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **ख) कारागार व्यवस्थापन विभागलाई:**<br>• अधिकांश कारागार भवनहरूको छानो चुहिने, भवनभित्रका कोठामा प्रकाश नछिर्ने समस्या रहेको हुँदा त्यसलाई सुधार गर्न आवश्यक बजेट विनियोजन गरी कारागारको सुधार र मर्मतसम्भार गरिनुपर्दछ,<br>• कारागारको सुरक्षार्थ खटिने सुरक्षाकर्मी बस्ने ठाउँको उचित प्रबन्ध गरिनुपर्दछ,<br>• विभिन्न संघसंस्थाबाट कारागारमा कैदीहरूलाई उपलब्ध गराइएको सहयोगसमेत उपलब्ध नगराई कर्मचारीहरूले प्रयोग गरिदिने र बन्दीहरूले व्यक्तिगतरूपमा ल्याएको पङ्खा प्रयोग गर्ने कारागारका कर्मचारीहरूलाई विभागिय कारवाही गरिनुपर्दछ,<br>• म्यादभन्दा बढी समयसम्म कारागारमा बन्दी तथा कैदीहरूलाई थुनामा राख्ने कारागारका कर्मचारीहरूलाई विभागीय कारवाही गरिनुपर्छ,<br>• कारागारमा गुणस्तरिय खाद्यान्न उपलब्ध गराउन निर्देशन दिनुपर्छ,<br>• बन्दीका पत्र गायब गर्ने, नक्कली पत्र बनाई पठाउने कार्य नियन्त्रण गर्न सम्बन्धित कारागारलाई निर्देशन दिनुपर्ने देखिन्छ,<br>• कैद माफीमिनाहाको प्रक्रिया भेदभावरहित ढङ्गले अगाडि बढाउन निरीक्षण गरिनुपर्ने,<br>• कारागार शाखामा रिक्त दरबन्दीहरू यथाशीघ्र परिपूर्ति गरिनुपर्ने देखिन्छ,<br>• कारागारभित्र सञ्चालित पसल खुला टेन्डरको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्ने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्था मिलाउन कारागार शाखालाई निर्देशन दिनुपर्ने,<br>**ग) जिल्ला प्रशासन कार्यालयलाईः**<br>• प्रमुख जिल्ला अधिकारीलाई कारागार ऐन बमोजिम कारागारको जाँच गर्ने अख्तियारी प्राप्त भएकाले म्यादभन्दा बढी समयसम्म बन्दी तथा कैदीलाई कारागारमा थुनिएको पाइएकाले त्यस्ता कैदी तथा थुनुवालाई छोड्न आदेश दिनुपर्ने देखिन्छ,<br>• कर्तव्यपालन नगर्ने वा कर्तव्यपालनामा लापरवाही गर्ने कारागारका कर्मचारीउपर मुद्दा चलाई आफैले कारवाही गर्नुपर्नेमा कारवाही गर्ने अख्तियारी नभएकोमा सम्बन्धित अधिकारीलाई जानकारी दिनुपर्ने देखिन्छ,<br>• कारागारमा अनियमितरूपमा उपस्थित हुने कर्मचारीलाई नियमित उपस्थितिको लागि आवश्यक निर्देशन दिनुपर्ने देखिन्छ,<br>• कारागारको नियमित निरीक्षण गरी आवश्यक निर्देशन दिनुपर्दछ ।<br>**घ) कारागार शाखा वा थुनुवा केन्द्रः**<br>• कारागारभित्र पर्याप्त मात्रामा सिपमूलक र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने जसको लागि विभिन्न उद्योगीहरूसँग समन्वय गरी बन्दी र रोजगारदाताबीच छलफल गराई ज्यालाको निर्धारणसमेत गराउनुपर्ने,<br>• बन्दीहरूले समय व्यतीत गर्नको लागि र उनीहरूको शारीरिक स्फूर्तिको लागि विभिन्न संघसंस्थाहरू तथा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिहरूसँग समन्वय गरी खेलकुदस्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्ने,<br>• कारागार नियमावलीको ३० र ३१ ले बन्दीहरूको शिक्षासम्बन्धी हकको व्यवस्था गरेकोमा सोअनुसार अध्ययनरत विद्यार्थिहरूलाई परीक्षा दिने वातावरण सिर्जना गर्नुपर्ने,<br>• कारागारमा रहेका सबै प्रकारका बन्दी तथा थुनुवाप्रति समान व्यवहार गर्नुपर्ने,<br>• कारागार ऐन, २०१९ को दफा ६ बमोजिम देवानी र फौजदारी मुद्दाका कैदी, रोगी र अन्य थुनुवा, राजनीतिक आस्थाका बन्दी सबैलाई फरकफरक राख्ने व्यवस्था गरिनुपर्ने,<br>• कारागार ऐन, २०१९ को दफा ४(२) बमोजिम रीत नपुऱ्याई थुन्न वा कैद गर्न पठाइएकोमा कारागार कार्यालयले रीत पुऱ्याउनको लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउनुपर्ने कार्यलाई कडाइका साथ पालना गर्ने गराउने व्यवस्था गर्नुपर्दछ,<br>• कारागार तथा थुनुवागृह भनिएका स्थानमा राखिएका तर विभिन्न रोग तथा घाउचोट र अङ्गभङ्ग भएका व्यक्तिहरूको प्रभावकारी उपचार तुरुन्त शुरू गर्नुपर्ने,<br>• नाइके तथा भाइनाइकेबाट कैदी तथा बन्दीहरूउपर गरिने शारीरिक तथा मानसिक यातनाको अन्त्य गरिनुपर्ने तथा त्यस्तो यातना दिने व्यक्तिलाई कारवाही गरिनुपर्ने,<br>• बन्दी तथा कैदीहरूलाई पत्रपत्रिकालगायत सञ्चार सुविधा उपलब्ध गराउने र पत्रपत्रिका उपलब्ध गराउँदा सेन्सर नगरी उपलब्ध गराउनुपर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • कारागारमा स्वस्थ पानीको उचित व्यवस्था तथा शुद्धीकरण गरिनुपर्ने,<br>• कारागारहरूमा आवश्यकता अनुसार पङ्खाको व्यवस्था गरिनुपर्ने,<br>• लामखुट्टे लाग्ने स्थानमा झूलको व्यवस्था तथा झ्यालढोकामा जालीको व्यवस्था गरिनुपर्ने,<br>• शौचालयको नियमित सरसफाई गरिनुपर्ने,<br>• बन्दी तथा थुनुवाहरूको मुद्दा पेसीको दिन अनिवार्य अदालतमा उपस्थित गराउनुपर्ने,<br>• उमेर तथा रोगी बन्दी तथा थुनुवाहरूलाई छुट्टाछुट्टै स्थानमा राख्ने व्यवस्था गरिनुपर्ने,<br>• कारागारभित्र रहेका बन्दी तथा थुनुवाहरूलाई समस्याहरू तथा अवस्थाको बारेमा बुझ्न कारागार प्रशासनद्वारा नियमित अनुगमन गरिनुपर्ने,<br>• बन्दीहरूलाई भेटघाट गर्न र कानून व्यवसायीसँग परामर्श गर्नको लागि छुट्टै कोठाको व्यवस्था गरिनुपर्ने, जसबाट उचित परामर्श गर्नको लागि सजिलो हुने देखिन्छ । | | |
| १६ | आतंककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०६२ को सम्बन्धमा आयोगबाट पुनरावलोकन गरिएको । | श्री ५ को सरकार | मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९(२) को खण्ड (च) मा भएको व्यवस्था बमोजिम आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ को सम्बन्धमा आयोगबाट गरिएको पुनरावलोकनबाट उक्त आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ का अधिकांश प्रावधानहरू नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको व्यवस्थाहरूसँग बाझिएको पाइएको, अध्यादेशमा गरिएको आतंककारी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा विध्वंशात्मक कार्यको परिमाण र त्यस्तो कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गरिएका प्रावधानहरू एक आपसमा समानुपातिकताको सिद्धान्त प्रतिकूल रहेको तथा संसदको अनुमोदन विना उक्त अध्यादेशलाई पटक पटक जारी गर्नु संविधान तथा अर्न्तराष्ट्रिय कानुनको मापदण्ड समेतको प्रतिकूल हुने देखिएको हुँदा उक्त अध्यादेशलाई तत्काल खारेज गर्न भनी सिफरिस सहित उक्त पुनरावलोकन प्रतिवेदन नेपाल सरकार समक्ष पठाउने भन्ने आयोगको मिति २०६३/०२/१८ को निर्णय । | | |
| १७ | भारत प्रशासित काश्मिरमा २०६३ जेठ २९ गते हिजबुल मुजाहिद्दिन नामको सङ्गठनले अपहरण गरी हत्या गरिएका नेपाली नागरिकहरू ऋषिदेव डल्लु, छोटा डल्लु, कालु ऋषिदेव, लक्ष्मी सिंह, रिसी ताजपुरिया, चिंको ऋषिदेव र दिना मण्डलसमेत आठ जना मारिएको घटना । | | निजहरूको हत्याको सम्बन्धमा भारत सरकारसँग आवश्यक पहल गरी मृतकका परिवारहरूलाई उचित क्षतिपूर्ति दिलाउन तथा दोषीउपर कानुनी कारबाही गराउन शीघ्र कुटनीतिक तहमा पहल हुन आयोगको सिफारिस । | आयोगको च. नं. २२८१ मिति २०६३/३/७ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरी पठाइएको । | |
| १८ | आयोगबाट मानव अधिकार सँस्कृति निर्माण गरी मुलुकमा मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्न योगदान पुऱ्याउने हेतुले सरकारका सम्बद्ध निकाय | | अन्तर्राष्ट्रिय दस्तावेज भियना घोषणापत्र र कार्ययोजना १९९३ (Vienna Declaration and Action of Programs 1993) ले समेत मानव अधिकार शिक्षा प्रबर्द्धन गर्ने राज्यको दायित्व भएको सन्दर्भ तथा जनआन्दोलन पश्चात जनताले शिक्षामा व्यापक सुधार हुनुपर्छ भन्ने अपेक्षा गरे अनुरूप जीवनोपयोगी, दक्ष | च. नं. २५६३ मिति २०६४/८/२ मा प्र.म.म.प.को कार्यालयलाई | च. नं. ९४ मिति २०६४/८/१६ मा प्र.म.म.प.को कार्यालयले सिफारिस कार्यान्वयनको |

| | | | | | |
|---|---|---|---|---|---|
| | लगायत अन्य सरोकारवालाहरूसँग मानव अधिकार शिक्षा सम्बन्धी विषयमा नीतिगत रूपमा निरन्तर छलफल गर्दै विद्यालयस्तरमा व्यवस्थित रूपमा मानव अधिकार शिक्षा समावेश गर्न कार्यक्रमहरू सञ्चालन गरिएको । | | जनशक्ति उत्पादन गर्ने र मानव अधिकार संस्कृति निर्माणमा सहयोग पुग्ने पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू समावेश तथा निर्माण गर्नेतर्फ नेपाल सरकारको ध्यान पुग्नु निश्चय नै सकारात्मक पक्ष हो । यसै सन्दर्भमा मानव अधिकार शिक्षा समावेश गर्न आयोगले गरेको पहलहरूलाई मध्यनजर गर्दै हाल कम्तिमा विद्यालय तहमा मानव अधिकार शिक्षा सम्बन्धी पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू समावेश तथा निर्माण गरी सञ्चालनमा ल्याउन आयोग नेपाल सरकारलाई सिफारिस गर्दछ । विद्यालयस्तरका सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू परिमार्जन तथा निर्माण गर्दा मानव अधिकारका विषयवस्तु खासगरी लैंगिक तथा सामाजिक समावेशीकरणको अवधारणालाई केन्द्रविन्दु बनाई पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आयोग सिफारिस गर्दछ भन्ने व्यहोरा उल्लेख भएको मिति २०६४/८/२ को पत्र प्रेषित । | कार्यान्वयनको लागि आयोगको सिफारिस पठाइएको । | लागि श्री शिक्षा तथा खेलकुद मन्त्रालयलाई लेखी आयोगलाई बोधार्थ पठाएको ।<br><br>च. नं. ५८ मिति २०६४/८/२४ मा श्री शिक्षा तथा खेलकुद मन्त्रालयले सिफारिस कार्यान्वयनको लागि श्री पाठ्यक्रम विकास केन्द्रलाई लेखी आयोगलाई बोधार्थ आएको जानकारी प्राप्त । |
| १९ | आन्तरिक रूपमा विस्थापितहरूको विभिन्न उजुरीहरू उपर समेत | ने.क.पा. माओवादी | आन्तरिक रूपमा विस्थापितहरू अझैसम्म पनि घर फर्किन सक्ने वातावरण नभएको, नेकपा (माओवादी)ले कब्जा गरेका घरजग्गा फिर्ता नगरेको भन्ने आयोगको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आयोगको स्थलगत अनुगमन गरिएको सम्बन्धमा । | | स्थलगत अनुगमन प्रतिवेदनबाट समेत देखिन आएकोले अविलम्ब विस्तृत शान्ती सम्झौता र मिति २०६४/९/२३ मा सम्पन्न भएको (नेपाल सरकार र नेकपा माओवादीबिच) सम्झौता बमोजिम कारवाही गरी कब्जा गरेको घरजग्गा शिघ्रातिशिघ्र फिर्ता गर्न नेकपा (माओवादी)लाई पत्र पठाई सोको वोधार्थ शान्ती तथा पुनर्स्थापना मन्त्रालयलाई पठाई आन्तरिक विस्थापितका उजुरीको छायाकपी समेत संलग्न गरी पठाउने निर्णय गरियो भन्ने आयोगको मिति २०६४/१०/१५ को निर्णय । | | |
| २० | वालवालिकाहरूलाई राजनैतिक दलहरूको जुलुश, सभामा प्रयोग तथा निर्वाचनमा उपयोग सम्बन्धमा आयोगबाट अनुगमन गरिएको । | राजनैतिक दलहरू | वि.सं. २०६४ सालको संविधानसभा निर्वाचनको आयोगबाट गरिएको अनुगमनबाट विभिन्न राजनैतिक दलहरूले आमसभा, जुलुस तथा र्‍यालीहरूमा बालबालिकाहरूको प्रयोग गर्ने गरेको देखिएकोमा निर्वाचनमा बालबालिकाहरूको प्रयोगलाई रोक्नुपर्ने भन्ने आयोगबाट गरिएको सिफारिस । | | |
| २१ | देशका विभिन्न कारागारमा रहेका बन्दीहरूले आममाफी लगायतका मागहरु राखी हड्ताल तथा आमरण अनसन गरेको सम्बन्धमा आयोगबाट अनुगमन भएको । | | कारागारको अनुगमनबाट सुधारको निम्ति आयोगबाट नेपाल सरकार समक्ष निम्न बमोजिको सिफारिस गर्ने मिति २०६४/६/२४ को निर्णय ।<br>● अनसनमा बसेका बन्दीहरूले राखेका मागका सम्बन्धमा कानुनबमोजिम आवश्यक व्यवस्था मिलाउन,<br>● कारागारमा रहेका बालबालिकालाई बालसुधार गृहमा स्थानान्तरण गरी यथोचित व्यवस्था गर्न,<br>● कारागारमा रहेका मानसिक बिरामीहरूलाई उपचार गराई अन्य बन्दीहरूबाट अलग राख्ने व्यवस्था गर्न,<br>● जीर्ण अवस्थामा रहेका कारागारहरूको भौतिक सुधार गर्न, | आयोगको च. नं. २४२० मिति २०६४/६/२४ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरी पठाइएको, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • बन्दी तथा कैदीहरूलाई परिवारका सदस्यलाई भेटघाट तथा सञ्चारको सहज व्यवस्था मिलाउन,<br>• आमरण अनसनमा बसेका बन्दी तथा कैदीहरूको स्वास्थ्यस्थितिलाई ध्यानमा राखी अविलम्ब आवश्यक व्यवस्था गर्न,<br>• कारागारमा क्षमताभन्दा बढी कैदी तथा बन्दी भएकोले आवश्यक व्यवस्था गर्न । | आयोगको च. नं. २४८० मिति २०६४/६/२८ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरी पठाइएको । | |
| २२ | सप्तरी जिल्लाको हनुमानगरस्थित लिलजा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालयको भवनमा सशस्त्र प्रहरीको दन्तकाली गण बसेकोले विद्यार्थीहरू घामपानी, जाडो, गर्मी आदि सबै खाले मौसमबाट प्रभावित हुन पुगेको कुरा समाचारमा प्रकाशित भएको सम्बन्धमा । | सशस्त्र प्रहरी | आयोगको मिति २०६४/१०/२ को निर्णयानुसार तत्काल विद्यालयबाट सशस्त्र प्रहरीको बललाई हटाई, विद्यालयको भवन पूर्णरूपमा विद्यालयलाई नै प्रयोग गर्न दिई विद्यालयको पठनपाठन नियमित र सुचारू गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने भन्ने निर्णय । | आयोगको च. नं. २८१८ मिति २०६४/१०/२ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरी पठाइएको । | |
| २३ | आयोगबाट तराईका सिराहा र सप्तरी जिल्लाको मानवअधिकारको स्थिति अनुगमन गरिएको । | | आयोगको क्षेत्रीय कार्यालय विराटनगरको टोली सिराहा र सप्तरी जिल्लाको मानवअधिकारको अवस्थाको अनुगमन गर्ने क्रममा उल्लेखित तथ्यहरू प्राप्त गरेको छ ।<br>• टोलीले यी दुवै जिल्लामा मानवअधिकार र शान्ति | आयोगको च. नं. २८६२ मिति २०६४/१०/८ मा आयोगको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुरक्षाको अवस्था अत्यन्तै नाजुक रहेको पाएको छ,<br>● व्यक्तिको शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न राज्यले अविलम्ब आवश्यक पहल गर्न तथा यस्ता घटनाहरूमा संलग्न व्यक्तिको पहिचान र आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ । | मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरी पठाइएको । | |
| २४ | नेपालगन्जस्थित विभिन्न प्रहरी कार्यालयहरु (जनपद तथा सशस्त्र) का प्रमुख तथा अधिकृतहरूलाई तल्लो दर्जाका प्रहरीहरूले निजहरूउपर विभेदपूर्ण व्यवहार भएको र सङ्गठनमा अनियमितता गरेको भनी नियन्त्रणमा लिएको र त्यस्ता क्रियाकलापबाट शान्ति सुरक्षा र सर्वसाधारणको मानवअधिकारमा समेत असर पर्न सक्ने विषयमा । | | यस प्रकृतिका समस्याबाट हुनसक्ने शान्ति सुरक्षामा संवेदनशीलता र मानवअधिकार उल्लङ्घनलाई रोकथामका निम्ति सावधानीका निम्न उपायहरु अवलम्बन गर्न आयोगले नेपाल सरकारसमक्ष सिफारिस गरेको छ ।<br>● प्रहरी सेवाका विभिन्न तहका कर्मचारीहरूबीच विद्यमान भेदभावको स्थिति र अनियमिततासम्बन्धी सत्यतथ्य पत्ता लगाई त्यसलाई हटाउने सम्बन्धमा छलफल लगायतका शान्तिपूर्ण प्रक्रिया अवलम्बन गर्नुपर्ने,<br>● कुनै पनि खालको अत्यधिक शक्ति प्रयोग नगरी शान्तिपूर्ण वातावरण बनाउन तथा जीउज्यान र सम्पत्तिको नोक्सानी नहुने अवस्था सिर्जना गर्नुपर्ने,<br>● प्रहरी सङ्गठनमा अनुशासन र 'चेन अफ कमान्ड' पनि महत्वपूर्ण हुने भएकाले सो कायम गर्ने सम्बन्धमा कानुनी प्रक्रिया अवलम्बन गर्ने । | सिफारिस कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई लेखी पठाइएको र यसको बोधार्थ एवम् कार्यार्थ गृहमन्त्रालयलाई पठाइएको छ । | |
| २५ | मिति २०६४ जेठ २० गते संखुवासभा जिल्ला खाँदबारी नगरपालिका वडा नं. १० बस्ने बसन्तकुमार चापागाईंले विवाहमा मोटरसाइकल, कम्प्युटर र सुन नदिएको भन्दै सोही जिल्ला खाँदबारी- ३ | | यस मानव अधिकार उल्लंघनको उजुरी व्यहोरामा उल्लिखित घटनाहरु केही नमूनामात्र हुन् । पछिल्ला दिनहरूमा आयोगमा महिला हिंसासम्बन्धी उजुरीहरु पर्ने क्रम बढेको छ । यससम्बन्धमा विभिन्न सञ्चारमाध्यमहरूले महिला हिंसासम्बन्धी विभिन्न घटनाका समाचार प्रकाशित गरिरहेका छन् तर राज्यका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बस्ने बेहुली र निजका परिवारलाई अभद्र व्यवहार गरेको,<br><br>बारा जिल्ला खोपवा गाविस वडा नं.- २ बस्ने रीतादेवी साहको २०६१ साल फागुनमा रौतहट जिल्ला सङ्ग्रामपुर-८ बस्ने गजेन्द्र साहसँग सामाजिक परम्पराअनुसार मागी विवाह भएको केही दिनपश्चात् बेहुली २ वर्ष माइतीमा बसेपछि बेहुला पक्षले बेहुलीको घरमा गई पुनः विवाह गरेको तर बेहुलीलाई घर नभित्र्याएको । | | निकायबाट महिला हिंसा नियन्त्रण गर्न पर्याप्त सुरक्षाको व्यवस्था र दोषीलाई कारबाही भएको जानकारी आयोगमा प्राप्त भएको छैन । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्न महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धिमा नेपाल पक्षराष्ट्र भइसकेको सन्दर्भमा समेत महिलाविरूद्ध घरेलु हिंसाका घटनाहरू भइरहनु निश्चय नै खेदपूर्ण छ ।<br>राष्ट्रिय मानव अधिकार आयोगले यस्ता घटनाहरूको नियमित अनुगमन गरिरहेको छ । महिलाविरूद्धका घरेलु हिंसाका घटनाविरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिसहरू बमोजिम महिलाविरूद्ध भएका हिंसामा संलग्न दोषीलाई कानूनी कारबाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न आयोग नेपाल सरकारलाई सिफारिस गर्दछ । | | |
| २६ | विभिन्न शिविरमा करिब २,९७३ बालसैन्य रहेको प्रमाणित भइसक्दा पनि तिनको रिहाइ र पुनःस्थापना, सामाजिक पुनर्मिलनतर्फ प्रभावकारी रूपमा पहल नभएकाले सशस्त्र समूह रहेको शिविरमा बालसैन्य राखिनुले उनीहरूको आधारभूत अधिकारको हनन्का साथै ने.क.पा. (माओवादी) र नेपाल सरकारले गरेका प्रतिबद्धताहरूको उल्लङ्घन | ने.क.पा. (माओवादी) | ने.क.पा. (माओवादी) का सैन्य शिविरमा रहेका बालसैन्यलाई बिना शर्त शिविरबाट बाहिर निकाली समाजमा पुनःस्थापना, पुनःएकीकरण, सामाजिक पुनर्मिलनलगायत उनीहरूलाई शिक्षा, तालिम, रोजगारलगायतको व्यवस्था मिलाउनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने र सोको जानकारी शान्ति तथा पुनःस्थापना मन्त्रालय र ने.क.पा. (माओवादी) पार्टी कार्यालयलाई दिने मिति २०६५/३/९ को निर्णय । | च. नं. ३५०५ मिति २०६५/३/१० मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस पठाइएको । | प्र.म.म.प.को कार्यालयको च. नं. ३०० मिति २०६५/३/१५ मा सम्बन्धित निकायलाई पत्राचार गरिएको बोधार्थ प्राप्त ।<br><br>अन्मिनको सहयोग तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएकाले सैन्य शिविरहरूमा राखिएका बालसैन्यको तत्काल रिहाइ र पुनःस्थापनाको लागि अन्तर्राष्ट्रिय सङ्घसंस्थाको ध्यानाकर्षण गर्न पहल गरी पाऊँ भन्ने बालअधिकार निगरानी समूह, बालबालिकाका निम्ति गैरसरकारी संस्थाहरूको महासङ्घ नेपालबाट ज्ञापनपत्र आयोगमा दर्ता भएको । | | | | उपस्थितिमा अयोग्य ठहरिएका लडाकुहरूलाई क्याम्प बाहिर निकालिएको भन्ने शान्ती तथा पुनःनिमार्ण मन्त्रालयको मिति २०६७।११।१५ को पत्र प्राप्त । |
| २७ | बूढानीलकण्ठ स्कुलमा स्काउट शिक्षकद्वारा विद्यार्थीहरूलाई यौन दुर्व्यवहार गरिएको भन्ने सम्बन्धमा आयोगमा दर्ता उजुरी निवेदन । | स्थानीय, स्कुलका स्काउट शिक्षक | मिति २०६५/३/२२ गरिएको प्रतिवेदनउपर अर्को पटक थप जानकारी लिई पेश गर्ने साथै नेपाल राज्यभर भएका विद्यालय छात्रबास, बालकल्याण गृह र बालबालिकाका लागि बसोबास गर्न राखिएका आवास गृहहरूमा बालबालिकामाथि समयसमयमा यौनशोषण, दुर्व्यवहारहरु हुने गरेको सत्यतथ्य बाहिर आइरहेको सन्दर्भमा ती बालबालिकाहरूको उचित संरक्षण र लालनपालनको निम्ति बालअधिकारमुखी एवम् राष्ट्रिय नीति तर्जुमा गरी लागू गर्न नेपाल सरकारलाई लेखी पठाउने मिति २०६५/४/१४ को निर्णय । | च. नं. ४४८७ संरक्षण ४४३ मिति २०६५/७/३ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस गर्ने निर्णय । | |
| २८ | रोम विधान अनुमोदन सम्बन्धी । | | राष्ट्रिय मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ (२) (छ) अनुसार अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । रोम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विधानसम्बन्धी आयोगले गरेको अध्ययन प्रतिवेदनसमेत संलग्न गरी आयोगले मिति २०६५/४/२२ को निर्णय बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस पत्र पठाएको हो ।<br><br>सिफारिसपत्रमा रोम विधान अनुमोदन गर्न पुनःस्थापित प्रतिनिधिसभाले वि. सं. २०६३ श्रावण ३ गते सङ्कल्प प्रस्ताव पारित गरी नेपाल सरकारलाई निर्देशन दिएको तथा वि. सं. २०५९ को रिट नं. २९४२ का सम्बन्धमा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिलाई व्यवहारमा लागू गर्न आवश्यक कानुन निर्माणका लागि नेपाल सरकारका नाममा आदेश जारी गरेको स्मरण गराइएको छ । जेनेभा महासन्धिमा उल्लिखित मानवता विरूद्धको अपराधलाई रोम विधानले स्पष्ट रूपमा सम्बोधन गर्ने भएकाले आयोगले रोम विधानलाई अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको हो ।<br><br>आयोगको सिफारिसपत्रमा भनिएको छ, 'मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूले रोम विधानलाई अनुमोदन गर्न लामो समयदेखि पटकपटक नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आएको र मानवअधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको सन्दर्भमा समेत रोम विधान कोशेढुङ्गा हुने भएकाले यसलाई तत्काल अनुमोदन गर्नु उपयुक्त देखिन्छ ।'<br><br>आमनरसंहार, मानवताविरूद्धको अपराध, युद्ध अपराध, आक्रमणको अपराध जस्ता अति गम्भीर अपराधहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार स्वतः हुने भएकाले त्यस्ता अपराधका अभियुक्तउपर कारबाही गर्न | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | यो अनुमोदनले मार्ग प्रशस्त गर्ने। साथै यसको अनुमोदनले मानवअधिकारलाई सुदृढ गर्न र दण्डहीनताको संस्कृतिको अन्त्य गर्न थप सघाउ पुग्नेमा आयोग विश्वस्त छ । | | |
| २९ | नेपालमा रहेका हलियाहरूमाथि कानुनी तथा सामाजिक विभेद भैरहेको र यस सम्बन्धमा राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घ नामक संस्थाले विभिन्न विरोध कार्यक्रमहरु सञ्चालन गरिरहेको सम्बन्धमा आयोगबाट अनुगमन गरिएको । | | हाल नेपालको सुदूर र मध्यपश्चिम क्षेत्रलगायत देशका अन्य भागमा विद्यमान रहेको हलियाप्रथा मानवअधिकारको प्रचलित सिद्धान्त एवम् यससम्बन्धी कानुनहरूको प्रतिकूल देखिएकोले सर्वोच्च अदालतको परमादेशको कार्यान्वयन गरी हलिया प्रथा उन्मूलनको साथै निजहरूको पुनःस्थापनाको लागि आवश्यक नीति नियम तर्जुमा गरी आधारभूत मानवअधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने आयोगको मिति २०६५/५/१९ को निर्णय । | च. नं. २२४ मिति ०६५/५/१९ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस गरिएको । | |
| ३० | उजुरी नं. ३५१३, मिति २०६२/१२/२ मा एसएलसी परीक्षा संचालन हुने विद्यालय तथा परीक्षा हलभित्र सुरक्षाकर्मीको प्रवेशबाट विद्यार्थीलाई डर, त्रास हुने भएकोले सुरक्षाकर्मीको प्रवेशमा रोक लगाउने सम्बन्धमा आयोगमा उजुरी पर्न आएको । | सुरक्षाकर्मी | यस प्रकारका समस्या भविष्यमा पनि आउन सक्ने भएकोले परीक्षा हलभित्र सुरक्षाकर्मी प्रवेश गर्नु उपयुक्त देखिँदैन तर सुरक्षाको दृष्टिकोणबाट परीक्षास्थलमा मात्र सुरक्षा निकायलाई खटाउन नेपाल सरकार शिक्षा मन्त्रालयलाई बोधार्थ दिई सरकारसमक्ष सिफारिस गर्ने आयोगको मिति २०६५/७/५ मा ठहर । | | |
| ३१ | राष्ट्रिय भूमि अधिकार मञ्चले भूमिहीन, सुकुम्बासी, मुक्त कमैया तथा हलियासम्बन्धी | | भूमिहिनहरूको अधिकार रक्षा र पुनःस्थापनाको लागि आयोगबाट विभिन्न समयमा गरेका अध्ययन तथा अनुगमन एवम् राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको | च. नं. ६७९ मिति ०६५/८/१२ मा प्र.म.म.प.को | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विभिन्न मागहरू राखी विरोध कार्यक्रम सञ्चालन गरेको सम्बन्धमा आयोगबाट अनुगमन गरिएको । | | तर्फबाट प्राप्त निवेदनसमेतको आधारमा मुलुकका विभिन्न स्थानहरूमा विद्यमान भूमिहिनहरूको समस्यालाई उपयुक्त रूपले सम्बोधन गर्न तथा निजहरूको हक र हितलाई प्रभावकारी रूपमा संरक्षण गर्ने, गराउने प्रयोजनको लागि अविलम्ब उच्चस्तरीय आयोग गठन गर्ने लगायतको आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने आयोगको मिति २०६५/८/१२ को निर्णय । | कार्यालयलाई आयोगको निर्णय सिफारिस गरिएको । | |
| ३२ | राष्ट्रिय मानवअधिकार आयोग नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम प्रत्याभूत धर्मसम्बन्धी हक तथा यस सम्बन्धमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरूले गरेका प्रावधान बमोजिम नेपाली नागरिकको धर्मसम्बन्धी हकको संरक्षण तथा प्रवर्द्धन सम्बन्धी । | | कुनै एक धर्मको संरक्षण वा प्रवर्द्धन गर्दा कुनै अर्को धर्म वा धर्मावलम्बीहरूका हक, अधिकारलाई खलल नपुग्ने गरी धार्मिक सहिष्णुता र सद्भाव कायम गरी मानव अधिकारको संरक्षण गर्न, गराउन हुन सिफारिस गरिएको । | | |
| ३३ | नेपालमा विद्यमान कमलरी प्रथाको सम्बन्धमा कमलरी बालबालिकामाथि हुने गरेका घरेलु हिंसा, यातना, विभेद एवम् शोषणसम्बन्धी विभिन्न सञ्चार माध्यमहरूमा प्रसारण एवम् प्रकाशन भएको सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको । | – | आयोगबाट भएको अनुगमनको आधारमा कमलरी जस्तो शोषणमूलक सम्बन्ध र मानवअधिकारविरोधी प्रथा, प्रचलन विद्यमान रहिरहन उपयुक्त नदेखिएकोले त्यसको अन्त्यको निम्ति अविलम्ब आवश्यक व्यवस्था गर्न आयोगको मिति २०६५/९/२३ गतेको निर्णय । | आयोगको च.नं. ८५० मिति २०६५/९/२३ मा प्र.म.म.प. को कार्यालयलाई आयोगको निर्णय सिफारिस गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) ऐन, २०६५ को विधेयकका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा नेपाल सरकारलाई सुझाव । | | राष्ट्रिय मानवअधिकार आयोगले *व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) ऐन, २०६५* को विधेयकमा केही प्रावधानहरु संशोधनका लागि आवश्यक सुझाव नेपाल सरकारलाई पठाएको छ । आयोगले विधेयकका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरु तथा नेपालको अन्तरिम संविधान, २०६३ र सर्वोच्च अदालतको मिति २०६४/२/१८ को आदेशसमेतको अध्ययन गरेको थियो । त्यसैगरी आयोगले यस विधेयकका सम्बन्धमा बेपत्ताको क्षेत्रमा कार्यरत संघसंस्था र पीडित पक्ष एवम् सरोकारवालाहरूसँग छलफल गरेको थियो । आयोगले गरेको बृहत् छलफल र अध्ययनपश्चात् यो विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी परिमार्जन गर्नको लागि मिति २०६५।९।११ को निर्णय बमोजिम आयोगले निम्नानुसार सुझावहरु नेपाल सरकारलाई पठाएको छ ।<br><br>**आयोगका सुझावहरूः**<br><br>● सर्वोच्च अदालतको २०६४ साल जेठ १८ गतेको बलपूर्वक बेपत्तासम्बन्धी फैसला तथा यससम्बन्धी अन्य अन्तर्राष्ट्रिय मापदण्डसमेतका व्यवस्थाहरूलाई प्रस्तावित ऐनमा सम्बोधन गरिनुपर्ने,<br>● सशस्त्र द्वन्द्वको समयमा वा अस्थिर राजनीतिक वातावरणमा बेपत्ता र अपहरणसम्बन्धी घटना भइरहने भएको हुँदा विगतमा झैं वर्तमान अवस्थामा र भविष्यमा पनि पुनः यस प्रकारका कार्य हुन सक्ने सम्भावनालाई ध्यानमा राखी दुवै प्रकारका घटनालाई विधेयकमा समेट्ने व्यवस्था हुनु उपयुक्त हुने,<br>● कुनै पनि युद्ध, सशस्त्र सङ्घर्ष वा राष्ट्रिय सुरक्षा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वा सङ्कटकालको घोषणा वा अन्य कुनै निहुँमा कानुनतः व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य नगरिने कुरा स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने,<br>● व्यापक र प्रणालीगत बेपत्तालाई मानवअधिकारको गम्भीर उल्लङ्घन एवम् मानवताविरोधी अपराध मानिने कुरा विधेयकमा उल्लेख गरिनुपर्ने,<br>● अनुसन्धानको क्रममा आयोगले आवश्यकताअनुसार सार्वजनिक सुनुवाइ गर्न सक्ने प्रावधान राखिनु उपयुक्त हुने,<br>● बेपत्तासम्बन्धी घटनालाई निरूत्साहित गर्नका लागि कुनै व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्ने निकाय वा व्यक्तिले पक्राउ गरेको मिति, समय, स्थान, पक्राउ गर्ने अधिकारी, निकाय, पक्राउ गर्नुपर्नाको कारण, पक्राउ गरिएको व्यक्तिको स्वास्थ्य स्थिति, निजलाई मुक्त गरेको वा अन्य कुनै निकाय वा अधिकारी समक्ष पेश गरेको भए सोसमेतको सम्पूर्ण विवरण राखेको हुनुपर्ने कुरा उल्लेख गरिनुपर्ने,<br>● बलपूर्वक बेपत्ताका घटनाहरू मानवताविरूद्ध लक्षित हुने भएकाले यस्ता कार्यलाई रोकथाम गर्न देहायबमोजिमका प्रतिरोधात्मक कार्य गर्ने व्यवस्था हुनु उपयुक्त हुने :<br>**क**) सार्वजनिक जानकारी र सचेतनाको निम्ति ऐनको प्रचार-प्रसार गर्ने,<br>**ख**) व्यक्तिहरूको सुरक्षाको निम्ति 'हटलाइन' टेलिफोनहरू सञ्चालन गर्ने वा भइरहेका हटलाइन सेवाहरूलाई सुदृढ गर्ने र भरपर्दो सूचनाको आधारमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिरोधात्मक कार्य गर्ने,<br>ग) कुनै पनि व्यक्तिलाई गैरकानुनी थुना वा कब्जामा राख्न निषेध गर्ने,<br>घ) कुनै पनि निहुँमा व्यक्तिको कुनै पनि अपहरण कार्य निषेध गर्ने,<br>ङ) थुनामा रहेका हरेक व्यक्तिलाई थुनुवा पूर्जीसहित दर्ता नं. भएको परिचयपत्र प्रदान गर्ने,<br>च) थुनामा रहेको व्यक्तिलाई स्थानान्तरण गर्दा मुद्दा हेर्ने अधिकारीको रोहवरमा गर्नुपर्ने र सोको जानकारी निजको परिवार, आफन्त वा नजिकको हकवाला वा संरक्षकलाई दिनुपर्ने,<br>छ) कुनै पनि व्यक्ति बेपत्ता भएको अवस्थामा पीडितको परिवारलाई आवश्यक सुरक्षा, सल्लाह र मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्ने,<br>ज) बेपत्ता भएको व्यक्तिको विषयमा तत्काल आवश्यक अनुसन्धान गरी स्थिति पत्ता लगाउने र त्यस्तो व्यक्तिलाई कानुनी संरक्षणमा ल्याइने कुराको सुनिश्चितता गरिनुपर्ने,<br>झ) सबै प्रकारका गोप्य थुना र एकान्त कारावासका स्वरूपहरूलाई निषेध गर्नुपर्ने,<br>ञ) बेपत्ता पार्ने कार्यको विरूद्ध क्रियाशील र पीडित परिवारको राहत र मनोसामाजिक विमर्शको निम्ति क्रियाशील सङ्घसंस्थासँग सोसम्बन्धी कार्यका लागि सहयोग र समन्वय गर्नुपर्ने,<br>ट) बेपत्ता भएको व्यक्तिको नजिकको हकवाला वा निजको कानुन व्यवसायीलाई निजको विषयमा यथार्थ जानकारी प्राप्त गर्ने अधिकार प्रदान गरिनुपर्ने साथै बेपत्ता पारिएको व्यक्तिको परिवारलाई कानुनी सहयोग | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुनिश्चित गरिनुपर्ने,<br>ठ) बेपत्ता भएको व्यक्तिको खोजी गर्ने, स्थान किटान गर्ने, मुक्त गर्ने वा मृत्यु भइसकेको अवस्थामा निजको लाश उत्खनन् गर्ने, परीक्षण गर्ने, पहिचान गर्ने, लाशको अवशेष परिवारलाई उपलब्ध गराउन तथा आफ्नो रीतिथिति र धार्मिक परम्पराअनुसार काजकिरिया गर्ने गराउनेसम्बन्धी राज्यको दायित्वलाई विधेयकमा स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने,<br>ड) नेपालबाहिर बसी नेपाली नागरिकको विरूद्ध यस ऐनअन्तर्गतको कसुर गर्ने गराउने जुनसुकै व्यक्तिविरूद्ध नेपालमा कारबाही चलाउन सकिने कुराको समेत स्पष्ट व्यवस्था हुनुपर्ने,<br>ढ) यस ऐनअन्तर्गतको कसुर गरेको भनी अभियोग लागेको व्यक्तिलाई प्राप्त प्रमाणको आधारमा कारण उल्लेख गरी सामान्यतया थुनामा राखी कारबाही गरिनेछ भन्ने व्यवस्था उल्लेख हुनुपर्ने,<br>ण) अनुसन्धानको क्रममा कुनै पनि जिम्मेवार अधिकारी व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न रहेको आधार देखिएमा त्यस्तो अधिकारीलाई तत्काल निलम्बनमा राखी कारबाही गरिने व्यवस्था राखिनुपर्ने,<br>त) स्थापनाको क्रममा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग तथा संवैधानिक अङ्गको रूपमा क्रियाशील राष्ट्रिय मानवअधिकार आयोगको अधिकार क्षेत्रबीच उत्पन्न हुन सक्ने कानुनी समस्यालाई समाधान गर्नका लागि आवश्यक प्रावधानहरू (दोहोरोपन हटाउनसमेत) विधेयकमा उल्लेख गरिनु उपयुक्त हुने र यी निकायबीचको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहकार्य र समन्वयको सम्बन्धमा पनि स्पष्टता हुनु उपयुक्त हुने,<br>**थ**) आयोगको क्षेत्राधिकार नेपाली सेना तथा विद्रोही समूहसमेतमा सहजताका साथ हुने व्यवस्था गरिनुपर्ने,<br>**द**) बेपता परिवारको लागि अन्तरिम राहतको व्यवस्था ऐनमा नै राखिनुपर्ने,<br>**ध**) बलपूर्वक बेपत्ताको सन्दर्भमा प्रत्येक पीडितले सत्यतथ्य थाहा पाउनु उसको सूचनाको अधिकारभित्र पर्छ भन्ने कुराको सुनिश्चितता गरिनुपर्ने,<br>**न**) आयोगको जाँचबुझसम्बन्धी अधिकारमा वैज्ञानिक रूपमा पुष्टि गर्न डीएनए परीक्षण गर्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको भौतिक व्यवस्था र आवाश्यकता अनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय विशेषज्ञहरु राख्न सकिने भन्ने व्यवस्था गरिनुपर्ने,<br>**ऩ**) आयोगले आवश्यकता अनुसार राष्ट्रिय मानव अधिकार अयोगसँग परामर्श गर्न सक्ने व्यवस्था राखिनुपर्ने | | |
| ३५ | सत्य निरूपण तथा मेलमिलाप आयोगको विधेयक सम्बन्धमा । | नेपाल सरकार | सत्य निरूपण तथा मेलमिलाप आयोगको विधेयक मस्यौदाको सुझाव आयोगमा पेश हुँदा हाल यस आयोगले पहिले पठाएका सुझावहरूलाई समेट्न सिफारिस गर्ने र निकट भविष्यमा नै यस विषयमा सबै सरोकारवालाहरूसँग छलफल गरी उनिहरूबाट प्राप्त सुझाव सहितको सिफारिस गरी पठाउने भन्ने आयोगको मिति २०६६/५/२३ को निर्णय । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | मानव विरूद्ध लक्षित वारूदी सुरूङ्गको प्रयोगको भण्डारण, उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध तथा तिनको विनाश सम्बन्धी महासन्धीको बारेमा छलफल, अनुगमन तथा अध्ययन गरिएको । | नेपाल सरकार | मानव विरूद्ध लक्षित वारूदी सुरूङ्गको प्रयोगको भण्डारण, उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध तथा तिनको विनाश सम्बन्धी महासन्धी (ओटावा सन्धी), १९९७ लाई नेपाल सरकारले अनुमोदन गर्नुपर्ने भन्ने सम्बन्धमा आयोगको अध्ययनउपर दृष्टिगत गर्दा सो सन्धी अनुमोदन गरी घरेलुकरण (Domestication) गर्न उपयुक्त देखिएको हुँदा सो अनुसार गर्न नेपाल सरकारलाई लेखी पठाउन उपयुक्त देखिएकोले सोही बमोजिम गर्न सिफारिस गरिएको छ भन्ने आयोगको मिति २०६७/१/३० को निर्णय । | | |
| ३७ | बाल अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको तर्फबाट सिविन (CWIN) बाट तयार भएको विद्यालय बाल संरक्षण नीतिलाई नेपाल सरकारद्वारा लागु गराउने सम्बन्धमा । | | बाल अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको तर्फबाट सिविन (CWIN) बाट तयार भएको विद्यालय बाल संरक्षण नीतिको मस्यौदाका लागि बैठकमा पेश भई छलफल हुँदा सो सम्बन्धमा बैठकमा आएका संशोधन सुझावहरू समेतलाई संलग्न गरी तत्सम्बन्धी नीति तयार गरी सबै विद्यालयहरूमा लागू गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने आयोगको मिति २०६७/९/८ को निर्णय । | श्री प्र.म.म.प. को कार्यालयलाई सिफारिस कार्यान्वयनको लागि च.नं. ७४५ मिति २०६७/११/४ मा पत्राचार गरिएको र बोधार्थ शिक्षा मन्त्रलाय र बालमजदुर सरोकार केन्द्रलाई दिइएको । | श्री प्र.म.म.प. को कार्यालयबाट सिफारिस कार्यान्वयनको लागि शिक्षा मन्त्रालयलाई च.नं. १४४ मिति २०६८/१०/०९ मा पत्राचार गरिएको । सो को बोधार्थ आयोगलाई दिइएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | त्रि.वि.वि. को परिक्षा प्रवेश पत्रमा "अपाङ्ग" शब्द प्रयोग भएकोले सो शब्द मानव अधिकारमैत्री नभएकोले मानव अधिकारमैत्री शब्द प्रयोग हुनुपर्ने भन्ने नेपाल अपाङ्ग मानव अधिकार केन्द्र नामक संस्थाबाट अनुरोध भई आएको विषयमा आयोगमा छलफल भएको । | | उक्त अपाङ्ग भन्ने शब्द प्रयोग भए रहेको विषयमा आयोगमा छलफल हुँदा तत्सम्बन्धमा अध्ययन गर्दा त्रि.वि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम २६४ मा रोगी, अस्वस्थ वा अपाङ्ग परीक्षार्थी र नियम २६७ मा अन्धो वा हातले लेख्न नसक्ने भन्ने जस्ता शब्दहरूको प्रयोग भएको पाईकोले त्यस्ता व्यक्तिहरूलाई सम्बोधन गरिने शब्दहरू मानव अधिकारमैत्री हुनेगरी नियम संशोधन गर्न त्रि.वि.वि. तथा नेपाल सरकारलाई लेखी पठाउने भन्ने आयोगको मिति २०६७/९/८ को निर्णय । | | |
| ३९ | मानव बेचविखनबाट पीडित (प्रभावित) हरूको उद्दार, स्वदेश फिर्ती, पुनःस्थापना, पुनःएकिकरण सम्बन्धी अध्ययन गरिएको । | | अध्ययन अनुसार मानव बेचविखनबाट पीडितहरूको उद्दार, स्वदेश फिर्ती, पुनःस्थापना, पुनःएकिकरण सम्बन्धी राष्ट्रिय नीतीको मस्यौदासहित नेपाल सरकारलाई राष्ट्रिय नीति तयार पारी लागू गर्न भनी निम्न बमोजिमको सिफारिस गर्ने भन्ने मिति २०६८/१०/११ को आयोगको बैठकको निर्णय ।<br><br>**समग्र नीति**<br><br>१. उद्दार, स्वदेश फिर्ति, पुनःस्थापना र पुनःएकीकरण कार्य गर्नको लागि नेपाल सरकारको दायित्वलाई संस्थागत, जवाफदेही एवम् उत्तरदायी बनाउने ।<br><br>२. उल्लिखित कार्यहरूमा सरोकारवालाहरूको सहभागिताको सुनिश्चितता गर्ने ।<br><br>३. सम्बन्धित गन्तब्य मुलुकहरूसँग उद्दार तथा स्वदेश फिर्ति कार्यको लागी द्विपक्षीाय तथा बहुपक्षीय | श्री प्र.म.म.प. को कार्यालयलाई सिफारिस कार्यान्वयनको लागि च.नं. ८९९ मिति २०६८/१०/२२ मा पत्राचार गरिएको । | श्री प्र.म.म.प. को कार्यालयबाट सिफारिस कार्यान्वयनको लागि गृह मन्त्रालयलाई च.नं. १७५ मिति २०६८/१०/२७ मा पत्राचार गरिएको । सो को बोधार्थ महिला, बालबालिका तथा समाज कल्याण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समभदारीपत्र गरी संयन्त्र निर्माण गरी प्रभावकारी कार्यावयन गर्ने ।<br><br>४. उद्दार, स्वदेश फिर्ति, पुनःस्थापना र पुनःएकीकरण कार्यहरूका लागी गठित सरकारी संयन्त्र वा गठन हुने संयन्त्रलाई जवाफदेही, उत्तरदायी बनाउने साथै कार्यक्षेत्र निर्धारण, मुल्याङ्कन तथा अनुगमनको व्यवस्था गर्ने ।<br><br>५. उद्दार, स्वदेश फिर्ति पूनःस्थापना र पुनःएकिकरणको कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूको पहिचान गरी संस्थागत विवरण तयार गरी सालबसाली अद्यावधिक गर्ने र समन्वय संयन्त्र बनाउने ।<br><br>६. उद्दार, स्वदेश फिर्ति, पुनःस्थापना, पुनःएकीकरणसम्बन्धी विशेष कार्यविधि निर्देशिका (Standard Operating Procedure), तयार गर्ने ।<br><br>७. उद्दार र स्वदेश फिर्तिको लागि गन्तव्य देशहरूसँग कुटनैतिक समभदारीपत्रमा हस्ताक्षर गरी सम्बन्ध बिस्तार गरी कार्य गर्ने ।<br><br>८. यस क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाको कार्य प्रकृतिअनुसार उल्लिखित कार्यहरूमा सहभागिता गराउन स्पष्ट व्यवस्था गर्ने ।<br><br>९. प्रभावितहरूको संरक्षणको व्यवस्थालाई प्रभावकारी बनाउने र पीडितलाई न्याय दिलाउने तर्फ कार्य गर्ने ।<br><br>१०. सम्पूर्ण कार्यहरूको प्रभावकारी अनुगमन र | | मन्त्रालयलाई दिइएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुल्याङ्कनको संयन्त्र र विधिको स्थापना गरी कार्य गर्ने ।<br><br>११. राष्ट्रिय प्रतिवेदनमा यस क्षेत्रको अवस्था समावेश गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई सबै क्षेत्रबाट सहयोग पुऱ्याउने ।<br><br>१२. यस क्षेत्रलाई आवश्यक पर्ने आर्थिक श्रोतको व्यवस्था गर्न सरकारी तथा गैरसरकारी तथा अन्य क्षेत्रबाट श्रोत-परिचालन गर्ने गरी आकस्मिक कोषको स्थापना गर्ने ।<br><br>**उद्धार** (Rescue)<br><br>१. मानव बेचबिखनका प्रभावितहरूको सहमतिमा नेपाल बाहिरबाट उद्दार कार्य गर्ने प्रमुख दायित्व नेपाल सरकारको रहने ।<br><br>२. मानव बेचबिखनबाट प्रभावितहरूको सम्भव भएसम्म सूचना, जानकारी सङ्कलन गर्ने वा प्राप्त सूचना तथा जानकारीहरूको आधारमा उद्दारको कार्ययोजना बनाई कार्य गर्ने ।<br><br>३. प्रभावितहरूको उद्दार गर्नुपूर्वका सम्पूर्ण तयारीहरूको पहिचान गरी पीडितको व्यक्तिगत सुरक्षा र निजसँग सम्बन्धित कागजपत्र, प्रमाण, निजबाट आर्जित नगद तथा अन्य सरसामान लगायतको पर्याप्त सुरक्षाको प्रबन्ध तथा हस्तान्तरण गर्ने प्रभावकरी ब्यवस्था मिलाउने ।<br><br>४. उद्दार गर्ने समूहले प्रभावितहरूको आधारभुत सूचना सङ्कलन गरी अभिलेखिकरण गर्ने र सो सूचनाको गोपनियता कायम राख्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५. सङ्कलित सबुद प्रमाणहरु पीडकमाथि अभियोजनको लागी एवम् प्रभावितहरूलाई न्याय दिलाउन उपयुक्त कागजपत्रहरु भएमा सम्भव भएसम्म तत्काले सम्बन्धित निकायमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने ।<br><br>६. प्रभावितहरूको कुनै पनि हानि नोक्सानी (आर्थिक, मानसिक, शारीरिक र मनोसामाजिक) स्थितिमा असर नपर्ने गरी उद्दार गर्ने समूहले प्रमाण सङ्कलन गर्ने ।<br><br>७. मानव बेचबिखन पीडितहरूको लागि उद्दारसम्बन्धी कार्य गर्नको लगि नेपाल सरकारको निकाय  महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय/नेपाल प्रहरी, परराष्ट्र मन्त्रालय, सरोकारवाला संस्थाहरूको प्रतिनिधि रहने गरी उच्चस्तरीय राष्ट्रिय संयन्त्रको व्यवस्था गरी सो संयन्त्रमार्फत नियमन गर्ने ।<br><br>८. कार्यविधि (Standard Operating Procedure) तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने ।<br><br>९. उद्दारपश्चात् तत्काले पीडितहरूलाई सुरक्षित राख्नको लागि उद्दार गरिएको देशमा आवधिक गृहको व्यवस्था गर्ने र उद्दार पछि अनुसन्धान र अभियोजनको लागि तत्काले अपराधको सूचना दिने प्रभावकारी व्यवस्था गर्ने ।<br><br>१०. विदेशस्थित कुटनैतिक नियोगहरूमा नेपाल प्रहरी अधिकारीको व्यवस्था गरी परिचालन गर्नुपर्ने ।<br><br>११. उद्दार कार्यमा संलग्न सङ्घसंस्था तथा ब्यक्तिहरूको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुरक्षाको प्रत्याभूति दिलाउने ।<br><br>१२. द्विपक्षीय, त्रीपक्षीय, क्षेत्रीय, अन्तर्राष्ट्रिय समन्वयलाई प्राथमिकता दिई अगाडि बढाउने ।<br><br>१३. कुटनैतिक नियोगका पदाधिकारीहरूलाई संवेदनशील बनाउन तालिम तथा चेतनासम्बन्धी कार्यक्रम ल्याउने ।<br><br>१४. अन्तरदेशीय समन्वय बैठक समय समयमा गर्ने ।<br><br>१५. विशेष कोषको व्यवस्था गरी सो बाट खर्च गर्ने व्यवस्था मिलाउने ।<br><br>१६. उद्दार गरिएका घटनाहरूको तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने ।<br><br>१७. अनुगमन र मुल्याङ्कनको व्यवस्था गरी आवधिक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश गर्ने व्यवस्था मिलाउने ।<br><br>१८. प्रभावितहरूको लागि द्रुतन्याय प्राप्त होस भन्नाखातिर प्राथमिकता अदालतको व्यवस्था गर्ने र यसमा बालअदालत (Juvenile Court) पनि समावेश गर्ने ।<br><br>**स्वदेश फिर्ति** (Repatriation)<br><br>१. प्रभावितहरूको सहमतिमा स्वदेश फर्काउने कार्य नेपाल सरकारको प्रमुख दायित्व रहने ।<br><br>२. स्वदेश फिर्ति प्रक्रियाको लागि उत्पत्ति राष्ट्र (Country of Origin) मा पूर्व तयारी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (प्रभावितहरूको घर तथा परिवारको पहिचान) लगायतका कार्य सम्पन्न गर्नको लागि उद्दार गर्ने संस्थाको प्रमुख दायित्व रहने ।<br><br>३. स्वदेश फिर्ति प्रक्रियाको लागि आन्तरिक तथा बाह्य समन्वय गर्ने कार्य नेपाल सरकारमार्फत गर्ने ।<br><br>४. स्वदेश फिर्ति सम्बन्धी कार्यविधि (Standard Operating Procedure) लागु गरी कार्य गर्ने ।<br><br>५. प्रभावितहरूलाई स्वदेश फिर्तापछि सरकार/ सङ्घसंस्थाले गर्ने कार्यको पूर्णरूपमा जानकारी दिनुपर्ने ।<br><br>६. प्रभावितहरूको गोपनियता कायम राख्ने र उनीहरूसँग सम्बन्धित सामग्रीहरूको समेत सुरक्षित फिर्ति कार्यमा मुख्य ध्यान पुर्‍याई सम्बन्धित प्रमाणहरूको संरक्षण गर्नुपर्ने ।<br><br>७. सीमाका सुरक्षा तथा प्रशासनका पदाधिकारीहरूलाई संवेदनशील बनाउन उपयुक्त एवम् उचित कार्यक्रमहरूको तर्जुमा गरी कार्यन्वयन गर्ने ।<br><br>८. स्वदेश फिर्ति गर्नुपूर्व पुनःस्थापनाका लागि आवधिक सेवा केन्द्रको पहिचान गरी प्रभावितहरूलाई सूचना दिनुपर्ने ।<br><br>९. प्रभावितहरु तथा तिनका परिवारलाई मनोविमर्श र पुनःस्थापनापश्चात् समाजिक पुनःएकीकरणतर्फ उन्मुख | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुने गरी परामर्श प्रदान गर्ने ।<br><br>१०. स्वदेश फिर्ति गर्दा सीमामा ल्याइसकेपछि बालबालिका भएमा बालकल्याण समितिका प्रतिनिधि महिला भएमा महिला विकास कार्यलयका प्रतिनिधि र नेपाल प्रहरीको प्रतिनिधि सहितको रोहवरमा बुझिलिने व्यवस्था मिलाउने र सो को अभिलेख सम्बन्धित जिल्लाको मानव बेचबिखन रोकथाम तथा नियन्त्रणका लागि गठित जिल्ला समितीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने र मासिक रूपमा राष्ट्रिय समितीमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।<br><br>११. विशेष कोषको व्यवस्था गरी सो बाट खर्च गर्ने व्यवस्था मिलाउने ।<br><br>१२. अनुगमन र मुल्याङ्कनको व्यवस्था गरी आवधिक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश गर्ने व्यवस्था मिलाउने ।<br><br>**पुनःस्थापना** (Rehabilitation)<br><br>१. मानव बेचबिखनबाट प्रभावितहरूको पुनःस्थापना गर्ने ।<br><br>२. पुनःस्थापना कार्यमा एकरूपता र गुणस्तरीयता कायम गर्न कार्यविधि/निर्देशिका बनाउने ।<br><br>३. आवश्यक्ताअनुसार सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्रबाट सञ्चालन गर्न सक्ने गरी पुनःस्थापना केन्द्र स्थापना गर्ने ।<br><br>४. प्रभावितहरूको लागि शारीरिक, मनोसामाजिक र | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मानसिक स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गर्ने ।<br><br>५. पुनःस्थापना केन्द्र सञ्चालन गर्दा पुनःएकीकरणको लागि उपयुक्त कार्यक्रमहरूको तर्जुमा (अनौपचारिक शिक्षा, व्यावसायिक सीप विकास तालिम, नेतृत्व क्षमता विकास तालिम, सशक्तिकरण तालिम) कार्यक्रम पुनःस्थापना केन्द्रले सञ्चालन गर्नुपर्ने ।<br><br>६. जीवीकोपार्जनको लागि आत्मनिर्भर हुने खालका अवसरहरूमा केन्द्रित रही पुनःस्थापना केन्द्रहरूले सीप विकाससम्बन्धी कार्यक्रम तयार गर्नुपर्ने ।<br><br>७. निःशुल्क कानुनी सहायताको व्यवस्थाको लागि आवश्यक परेको बखत कानुव व्यवासायीको व्यवस्था मिलाउने ।<br><br>८. प्रभावितहरु र निजहरूसँग आश्रित बालबालिकाहरूको पहिचानको लागि नागरिकताको लागि सहजीकरण र शिक्षा र स्याहारको व्यवस्था गर्ने ।<br><br>९. पुनःस्थापना केन्द्रले निःशुल्क कानुनी सहायता र मनोविमर्श सेवा प्रदान गर्ने संस्था तथा व्यक्तिहरूको विवरण दुरूस्त र अद्यावधिक राख्नुपर्ने ।<br><br>१०. विशेष कार्यविधि बनाई प्रभावकारी रूपमा कार्यन्वयन गर्ने ।<br><br>११. पुनःस्थापना केन्द्रहरूको अनुगमन गरी वार्षिक प्रतिवेदन तयार गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **पुनःएकीकरण** (Reintegration)<br><br>१. पुनःस्थापनाको लगतै पुनःएकीकरण प्रक्रिया थालनी गर्ने ।<br><br>२. बेचबिखनवाट प्रभावित समुदायहरूको संवेदनशिलतावारे र ब्यहोर्नु पर्ने जोखिमवारे तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने ।<br><br>३. सरकारी, गैरसरकारी, समाजिक, राजनैतिक र सांस्कृतिक क्षेत्रमा विभिन्न तहको सरोकारवालाको हैसियतवाट वहन गर्नुपर्ने सामुहिक सामाजिक उत्तरदायित्वलाई प्रभावकारी बनाउने ।<br><br>४. परिवार भएकाहरूको लागि पारिवारिक एकीकरण कार्यक्रम बनाउने र परिवार नभएका र परिवारमा जान नसक्ने हरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br><br>५. दिगो तथा स्थायी पारिवारिक एकीकरणको लागि परिवारमा जान इच्छुक प्रभावितहरूको लागि पुर्वाधार व्यवस्था गर्ने र पारिवारिक पुनर्मिलनको बातावरण तर्जुमा गर्ने ।<br><br>६. परिवार तथा समूदायमा मानव बेचबिखनको अवस्थावारे जनचेतना अभिवृद्धि गर्ने कार्यतर्फ उन्मुख हुने ।<br><br>७. मनोविमर्शकर्ताको व्यवस्था गर्नुपर्ने ।<br><br>८. पुनःएकीकरण अघि सम्भावित जोखिमहरूको पहिचान | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी समाधानतर्फ उन्मुख हुनुपर्ने ।<br><br>९. पुनःएकीकरणका लागि शशक्तिकरण, नेतृत्व क्षमता अभिवृद्धि, सीप विकास, बजार व्यवस्थापनजस्ता विषयमा व्यवहारिक ज्ञान दिने खालका कार्यक्रमहरू तयार गरी लागू गर्ने ।<br><br>१०. विशेष कार्यविधि बनाई प्रभावकारी रूपमा कार्यन्वयन गर्ने ।<br><br>११. पुनःएकीकरण गरिएकाहरूको सुरक्षाको लागि अनुगमन गर्ने व्यवस्था गरी वार्षिक प्रतिवेदन तयार गर्ने । | | |
| ४० | सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. १६ स्थायी घर भई ललितपुर जिल्ला सैंबु वडा नं. ४ बस्ने नारायण साहलाई मिति २०६५।३।२१ गते पत्थरीको उपचार गराउने क्रममा एभरेष्ट नर्सिंग होम बानेश्वर काठमाण्डौका डाक्टरको लापरवाहीले मृत्यु हुन गएको र नेपाल सरकारका कुनैपनि निकाय तथा कुनैपनि राजनीतिक पार्टीले पीडित परिवारलाई न्याय नदिएको साथै सुरक्षाकर्मीले पीडितलाई | एभरेष्ट नर्सिङ्ग होम तथा सुरक्षाकर्मी | यसमा नेपाल मेडिकल काउन्सिलको प्रतिवेदन अनुसार लापरवाही गरी उपचार गरेको पुष्टि हुने आधार प्रमाण देखिएन । नेपाल मेडिकल काउन्सिलले गठन गरेको चिकित्साशास्त्रका विशेषज्ञहरूको टोलीले छानवीन गरी पेश गरेको निष्कर्ष प्रतिवेदनलाई अन्यथा प्रमाणित हुने आधार प्रमाण पेश हुन नआएकोले चिकित्सकको लापरवाहीबाट मृत्यु हुन गएको भन्न सक्ने अवस्था नदेखिएकोले उजुरी उपर थप केही गरीरहनु परेन । साथै नेपाल मेडिकल काउन्सिलको छानविन समितिको मिति २०६५।६।३ गतेको प्रतिवेदनमा उल्लेख भएको सुझाव र अन्य राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा अपनाउने गरेको स्वास्थ्य सम्वन्धी मापदण्ड अपनाई लागु गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भएको । | च.नं. अनुसन्धान ४४२५ मिति २०६९।३।३१ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस कार्यान्वयनको लागि पत्र प्रेषित गरिएको गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | न्याय दिनुको सट्टा आरोपित चिकित्सकको पक्षमा रही सुरक्षा प्रदान गरिरहेको तथा पीडित परिवारलाई दमन गरेको, चिकित्सकको पक्षबाट पीडित परिवारलाई ज्यान मार्ने धम्की समेत दिएको भनी मिति २०६५।३।२६ गते आयोगमा उजुरी दर्ता भएको । | | | | |
| ४१ | सबै आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी अनुमोदन गर्ने सम्बन्धमा । | नेपाल सरकार | सबै आप्रवासी कामदारहरू र उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण सम्बन्धी राष्ट्र संघीय महासन्धी संयुक्त राष्ट्र संघको महासभाबाट (General Assembly Resolution 45/158 of 18 December 1990) बाट पारित भई महासन्धीको धारा ७१(१) को प्रावधान अनुसार जुलाई १, २००३ बाट लागू भएको छ । यो महासन्धी मानव अधिकार सम्बन्धी प्रमुख ९ महासन्धी मध्ये एक हो । कुल ९३ वटा धाराहरू रहेको यस महासन्धीले आप्रवासी कामदार र उनीहरूका परिवारहरूको अधिकारहरूको संरक्षण सम्बन्धी विस्तृत व्यवस्था गरेको छ ।<br><br>उक्त महासन्धी हालसम्म विश्वका १९३ राष्ट्रहरूमध्ये ४६ वटा देशहरूले अनुमोदन गरिसकेका छन् भने ३५ वटा देशहरूले यसमा सही गरिसकेका छन् । आप्रवासी कामदारहरू विदेशमा पठाउने मुलुकहरूमध्ये दक्षिण एशियामा बंगलादेश र श्रीलंकाले पनि यस महासन्धीको अनुमोदन गरिसकेका छन् । नेपालले हालसम्म मानव | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अधिकार सम्बन्धी २२ वटा महासन्धी अनुमोदन गरिसकेको छ । तर यस महासन्धी अनुमोदन गरेको छैन ।<br><br>नेपाल मूलरूपमा आप्रवासी कामदारहरू पठाउने देशहरू (Sending Country) मध्येमा पर्दछ । लाखौं नेपाली नागरिकहरू विश्वका विभिन्न मुलुकहरूमा आप्रवासी कामदारको रूपमा कार्य गरिरहेका छन् । नेपालमा पनि विभिन्न देशका आप्रवासी कामदारहरू बसिरहेको अवस्था छ । यसकारण यस महासन्धीको अनुमोदन गरी आप्रवासी कामदारहरूको अधिकार संरक्षण र सम्बर्द्धन गर्नु नेपालको राज्यगत दायित्व हो ।<br><br>नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ को उपधारा २ (छ) ले मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धी वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सराकार समक्ष सिफारिस गर्ने, काम कर्तव्य र अधिकार राष्ट्रिय मानव अधिकार आयोगमा हुने उल्लेख छ ।<br><br>अतः उक्त महासन्धीमा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरिएको छ भन्ने मिति २०६९।८।७ को आयोगको निर्णय । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | "मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. २१ का ८८ वर्षिय ज्येष्ठ नागरिक श्री जगदिश ठाकुरले विगत ६ महिनादेखि बृद्धभत्ता नपाएको, सो भत्ता असार मसान्तसम्ममा समेत वितरण नभएर ६ महिना काटी श्रावण महिना समेत आधा भैसक्दा पनि गत आर्थिक वर्षको रकम भन्ने बहानामा अशक्त वयोवृद्ध ज्येष्ठ नागरिक आफै पटक-पटक वडा कार्यालय धाउँदा समेत रकम नपाएकोले तत्काल बजेट निकासा गराई ज्येष्ठ नागरिकको बाँकी भत्ता एकमुष्ट रूपमा वितरण गराउने व्यवस्था गराई पाउँ भनी मिति २०६९।४।१७ गते यस आयोगमा निवेदन दर्ता हुन आएको । | नेपाल सरकार | आयोगको अनुसन्धान प्रतिवेदनबाट विराटनगर उपमहानगरपालिका कार्यालयले सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासाको लागी माग गरेकोमा माग बमोजिमको रकम निकासा नभई आंशिक मात्रको निकासा भएकोले प्राथमिकता तोकी वितरण गर्दा ज्येष्ठ नागरिक तथा एकल महिलाको सामाजिक सुरक्षा भत्ता वितरण गर्न बाँकी रहेको देखियो । यसरी ज्येष्ठ नागरिकहरूलाई प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता सालको दुई पटक अर्थात ६-६ महिनाको गरी दुई पटक दिन सरकारले निर्णय गरेपनि पहिलो किस्ता पनि नदिएकोले ज्येष्ठ नागरिक मर्कामा पर्न गएको देखिन आएकोले अविलम्ब बजेट निकासाको व्यवस्था मिलाई दिन भनी नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने भनी मिति २०७०।१।३० गते आयोगबाट निर्णय भएको । | च.नं. मिति २०७०।३।३१ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस कार्यान्वयनको लागि पत्र प्रेषित गरिएको गरिएको । | |
| ४३ | आयोगबाट झापा जिल्लाको कारागार शाखामा मिति २०७०।१।२२ देखि २४ सम्म, कास्की कारागार शाखामा मिति २०७०।२।१४ गते, सिन्धुली कारागारमा मिति | नेपाल सरकार | अनुगमनबाट प्राप्त तथ्यको आधारमा सुधारको लागि आयोगको मिति २०७०।३।३० गतेको बैठकबाट देहाय बमोजिमको नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने भनि निर्णय भएको: | च.नं. मिति २०७०।५।१३ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७०।२।२४ गते र सिन्धुपाल्चोक कारागार शाखामा मिति २०७०।३।६ गते अनुगमन गरिएको । | | **झापा कारागार शाखाः**<br>• पुरुष कारागारको भवन पुरानो तथा आगलागी भएको, भुकम्पबाट समेत जीर्ण भएको देखिएकोले भवन निर्माणको लागि व्यवस्था मिलाउन,<br>• कार्यालयको आफ्नै सवारी साधन नभएकोले सोको व्यवस्था मिलाउन,<br>• दरबन्दी अनुसार स्वास्थ्यकर्मीको पदपूर्ति गर्न,<br>• महिला कारागारमा अनुशासनमा राख्नको लागि चौकीदार तथा नाईकेहरूले अन्य कैदी बन्दीहरूलाई अनावश्यक शारीरिक तथा मानसिक यातना दिने, मादकपदार्थ सेवन गर्ने, तास खेल्ने जस्ता कार्य गर्ने गरेको पाइएकोले सो कार्यलाई रोक्ने व्यवस्था मिलाउन,<br>• कारागारमा सिपमुलक कार्यको व्यवस्था मिलाउन,<br>• कारागारमा रहेका एकल र ज्येष्ठ नागरिक कैदी बन्दीलाई एकल महिला तथा बृद्ध भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउन,<br>• महिला थुनुवा बन्दी रहेको ब्लकमा किचन र निजहरू बस्ने स्थानमा ढोका र झ्यालको व्यवस्था गरी हावा छिर्ने व्यवस्था मिलाउन,<br>• इमरजेन्सी लाईट (वैकल्पिक बत्ति) को व्यवस्था मिलाउन,<br>• कारागारभित्र बजारमा भन्दा १५ प्रतिशतसम्म बढाएर सामान बेच्ने गरेको पाइएकोले सहज र सर्वसुलभ रूपमा पाउने गरी व्यवस्था मिलाउन । | कार्यान्वयनको लागि पत्र प्रेषित गरिएको गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **कास्की कारागार शाखाः**<br>• कास्की कारागारको क्षमता ६० जना रहेकोमा हाल ४०७ जना कैदी बन्दी रहेकाले क्षमताभन्दा वढी बन्दी रहेको देखिंदा निर्माणाधीन रहेको भवनलाई शिघ्र पूरा गराई उक्त भवनमा क्षमताभन्दा वढी कैदी नराख्ने आवश्यक व्यवस्था मिलाउन,<br>• कारागारमा पानीको अभाव रहेकाले सोको व्यवस्था मिलाउन,<br>• आफ्नै सवारी साधन नभएकोले सोको व्यवस्था मिलाउन,<br>• महिला थुनुवा बन्दी रहेको ब्लकमा किचन र निजहरू बस्ने स्थानमा ढोका र झ्यालको व्यवस्था गरी हावा छिर्ने व्यवस्था मिलाउन ।<br><br>**सिन्धुली कारागार शाखाः**<br>• नयाँ कारागार भवन निर्माण गर्न,<br>• नयाँ कारागार भवन निर्माण हुनु अगाडी आवश्यक मर्मत सम्भार गर्न पर्याप्त बजेटको व्यवस्था गर्न,<br>• कारागारमा कायम रहेको दरवन्दी अनुसारको कर्मचारीको तुरुन्त व्यवस्था गर्न,<br>• कारागार कार्यालयलाई चाहिने सवारी साधन उपलब्ध गराउन,<br>• कारागारको सुरक्षामा संवेदनशील हुन र चौकीदारको गतिविधि नियमित अनुगमन गरी अन्य कैदी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वन्दीहरूको गुनासो सुन्ने उचित वातावरण तयार गर्न, साथै कारागारभित्रको वातावरण शान्तिपूर्ण र मानव अधिकार मैत्री वनाउने विधि प्रक्रिया अवलम्बन गरी कैदी वन्दीहरू र चौकीदारको सम्बन्ध सौहाद्रपूर्ण बनाउनुपर्ने,<br>• कारागारमा आचार संहिताको व्यवस्था गर्न,<br>• कारागारको सरसफाईमा उचित ध्यान दिन ।<br>**सिन्धुपाल्चोक कारागार शाखाः**<br>नयाँ २ वटा कारागार भवन निर्माण भैरहेकोमा पुरूष बन्दी राख्ने भवन ठेकेदारले समयमा निर्माण कार्य समाप्त नगरेकोले महिला बन्दी तथा थुनुवा राख्ने भवनमा पुरूष बन्दी तथा थुनुवा राखेको पाइएकोले तत्काल निर्माणाधीन कारागार भवन निर्माण सम्पन्न गर्ने व्यवस्था गर्न । | | |
| ४४ | आयोगका पदाधिकारीहरूको उच्चस्तरिय टोलीको दक्षिण कोरिया र मलेशियाको भ्रमणबाट नेपाली आप्रवासी कामदारहरूको हकहित सम्बन्धमा । | | वैदेशिक रोजगारमा गएका आप्रवासी नेपाली कामदारहरूको हकहित संरक्षण र सम्बर्द्धनलाई प्राथमिकताको चरणमा राखी काम गर्न आयोगले मिति २०६९।८।७ मा संयुक्त राष्ट्रसंघले आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी महासन्धिलाई हस्ताक्षर र अनुमोदन गर्न गरेको सिफारिस मुताबिकको राष्ट्रिय ऐन, कानून, नीति, कार्ययोजना र आवश्यक संयन्त्रहरू तर्जुमा गरी व्यवहारमा प्रभावकारी ढंगले लागु गर्न आयोग नेपाल सरकारको गम्भिर ध्यान आकृष्ट गर्दछ भन्ने आयोगको मिति २०७०।५।२८ को निर्णय सिफारिस । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जसमा निम्न लिखित विशिष्ट सिफारिसहरू रहेका छन्ः<br><br>**क) भरपर्दो शूरूवात**<br><br>विश्वको कुनैपनि मुलुकमा नेपाली नागरिकहरूका लागि बैदेशिक रोजगारको निम्ति जान अनुमति दिन अगावै सम्भव भएसम्म नेपाल सरकार र सम्बन्धित देशकोबीच समझदारी पत्रमा हस्ताक्षर हुन जरूरी छ । बैदेशिक रोजगारी सम्बन्धी सो देशको नीति र कानूनको जानकारी दिन तालिम र अन्य आवश्यक व्यवस्था गर्न जरूरी छ ।<br><br>**ख) आधारभूत भाषा र तालिम**<br><br>कुनैपनि नेपाली नागरिकलाई बैदेशिक रोजगारीमा जान स्विकृति दिनु अगाडी सो व्यक्तिलाई सम्बन्धित देशको भाषा- संस्कृति, रहन सहन र आधारभूत कानूनको जानकारी दिन तालिम र अन्य आवश्यक व्यवस्था गर्न जरूरी छ ।<br><br>**ग) रोजगारीको सुनिश्चितता**<br><br>कुनैपनि नेपाली नागरिक बैदेशिक रोजगारीको निम्ति जानु अगाडी उसको रोजगारीको सुनिश्चितता गर्नुका साथै तिनले सो सम्बन्धी सीप, शिक्षा र तालिम प्राप्त गरेको सुनिश्चितता गर्नुपर्दछ ।<br><br>**घ) सुस्वास्थ्यको प्रमाणपत्र, बीमा र यात्रा**<br><br>बैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको निम्ति उपयुक्त रोजगारी, न्यूनतम ज्याला, सुस्वास्थ्यको प्रमाणपत्र, जीवन बीमा लगायत अन्य जोखिम सम्बन्धी बीमा र यात्रा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्बन्धी न्यूनतम लागतको सुनिश्चितता पश्चात मात्र नेपाली नागरिकहरूलाई वैदेशिक रोजगारीमा पठाउनु उपयुक्त हुन्छ । यस विषयमा देखा परेको ठगी, शोषण र झुठो विवरण प्रमाणित गर्ने कार्यलाई रोकथाम र अन्त्य गर्न सरकारले प्रभावकारी कदम चाल्नु पर्दछ ।<br><br>**ङ) विचौलिया शोषण र ठगीको रोकथाम र अन्त्य**<br><br>बैदेशिक रोजगारीलाई आकर्षण विज्ञापनको माध्यम बनाई नेपालमा एकखाले काम दिने सम्झौता र विदेशमा फरक किसिमको सम्झौता गर्ने गराउने प्रवृत्तिलाई रोकथाम र अन्त्य गर्न सरकारले प्रभावकारी अनुगमन गरी आप्रवासी कामदारहरूलाई जोखिममा पर्नबाट जोगाउनु पर्दछ ।<br><br>**च) भ्रष्टाचार, घुसखोरी र अख्तियार दुरूपयोगको नियन्त्रण र रोकथाम**<br><br>स्वदेश तथा विदेशमा विभिन्न खाले जालझेल, शोषण र ठगीलाई प्रश्रय दिने काम कतिपय अवस्थामा भ्रष्टाचार र अख्तियारको दुरूपयोगको कारण हुनपुगेको देखिन आएकोले त्यस्ता कुराहरू विरूद्ध कडा र प्रभावकारी कदम चाल्न अति जरूरी छ ।<br><br>**छ) शोषण र विभेदमुक्त वैदेशिक रोजगार**<br><br>वैदेशिक रोजगारमा गएका थुप्रै आप्रवासी नेपाली कामदारहरू विदेशमा विभिन्न खाले शोषण, विभेद र कतिपय अवस्थामा बेचविखन जस्ता जोखिममा पनि परेको हुँदा उनीहरूलाई यस्ता कुराहरूबाट संरक्षण गर्न | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नेपाल सरकारले सम्बन्धित देशको सरकार र सरोकारवाला निकायहरूसँग भरपर्दो सम्बन्ध राखी प्रभावकारी सम्बोधन गर्न जरूरी छ । कुनैपनि नेपाली आप्रवासी कामदारहरू यसखाले विघ्नबाधामा नपरून् भनेर सरकारले प्रतिरोधात्मक र संरक्षणात्मक कारवाहीलाई प्रभावकारी बनाउन उपयुक्त उपायहरू अपनाउन पर्दछ ।<br><br>**ज) सुरक्षित वैदेशिक रोजगार र वैवाहिक आप्रवासन**<br><br>विभिन्न देशमा बैदेशिक रोजगारी वा वैवाहिक आप्रवासनमा गएका नेपाली नागरिकमाथि न्यूनतम ज्याला, सुरक्षित कार्यस्थल, विभेद र यसखाले परिस्थितिमा फसेका नेपालीहरूको मानव अधिकार सुनिश्चित गर्न सरकारले उपयुक्त कदम चाल्नु पर्दछ । खासगरी आप्रवासित महिला कामदारहरू र वैवाहिक आप्रवासनमा रहेका नेपाली महिलाहरूमाथि भईरहेका शोषण, विभेद र उत्पीडनहरूलाई रोकथाम, निर्मूलन, संरक्षण र सुरक्षितपूर्वक स्वदेश फर्कन पाउने सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।<br><br>**झ) नेपाली राजदुतावासहरूको जनशक्ति, क्षमता र संस्थागत विकास**<br><br>मलेशिया लगायत मध्यपूर्वमा बैदेशिक रोजगारीको निम्ति आप्रवासनमा गएका नेपाली कामदारहरू कतिपय अवस्थामा अलपत्र परेको र उनीहरूको हकहित सुनिश्चित गर्न, उनीहरूको पासपोर्ट, भिसा, यात्रा-प्रलेख लगायतका विषयवस्तुहरूमा सहजीकरण गर्न नेपाली | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | राजदुतावास र श्रम सहचारीको माध्यमबाट विभिन्न काम भएतापनि त्यसलाई अझै व्यवस्थित र प्रभावकारी बनाउन तत्काल जनशक्ति, क्षमता र संस्थागत विकास गर्न अति जरूरी भएकोले सो विषयमा कदम चाल्नु पर्दक्ष ।<br><br>**ञ) दुइपक्षीय तथा बहुपक्षीय सम्बन्धको स्थापना र सुधार**<br><br>बैदेशिक रोजगारका निम्ति गएका नेपाली आप्रवासी कामदारहरू कुनैपनि खाले शोषण, विभेद र जोखिममा नपरून् वा परेको खण्डमा उनीहरूको तत्काल राहत, मुक्ति र परिपूरणको व्यवस्थाको साथै सुरक्षित रूपमा स्वदेश फिर्तिको कुरालाई सुनिश्चित गर्न नेपाल सरकारले आफ्नो राजदुतावास, राष्ट्रिय मानव अधिकार आयोग र भरपर्दो गैरसरकारी संस्थाहरू मार्फत सम्बन्धित देशका सरकार र संस्थाहरूसँग दुइपक्षिय र बहुपक्षिय सम्बन्ध विस्तार गर्न जरूरी छ । आवश्यकता अनुसार नेपाली आप्रवासी कामदारहरूको हकहित सुनिश्चित गर्न संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) सँग सम्बन्ध विस्तार र विकास गर्नुपनि आवश्यक छ । | | |
| ४५ | आयोगबाट विभिन्न समयमा गरिएको अनुगमनबाट प्राप्त तथ्यका आधारमा तयार गरिएको "नेपालमा स्वास्थ्य तथा शिक्षाको अधिकार अवस्था सम्बन्धी सङ्क्षिप्त प्रतिवेदन" प्रकाशित गरिएको । | | आयोगको मिति २०७१/२/२ को सचिवस्तरिय निर्णय बमोजिम आयोगबाट भए गरेको अनुगमन तथा अध्ययनबाट तयार गरिएको स्वास्थ्य तथा शिक्षाको अधिकार अवस्था सम्बन्धी प्रतिवेदनका निम्न बमोजिमका सिफारिस तथा सुझाव नेपाल सरकार समक्ष पठाइएको । | आयोगको च.नं. ९५० मिति २०७१/२/२ मा आयोगको सुझाव/ सिफारिस कार्यान्वयन गर्न प्र.म.म.का.लाई | प्र.म.म.प.का. बाट आयोगको सिफारिस कार्यान्वयनको निम्ति श्री शिक्षा, स्वास्थ्य तथा गृह |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १. व्यवस्थित शौचालयको अभावमा स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने र त्यस्तो संख्या अझैपनि ३८ प्रतिशत देखिँदा सो को व्यवस्था गर्ने र सबै विद्यालयमा छात्राहरूका लागि पानी सहितको छुट्टै शौचालयको अनिवार्य व्यवस्था गर्न ।<br>२. करिब २३ प्रतिशत वयष्क र पाँच वर्षमुनिका करिब ४७ प्रतिशत बालबालिका कुपोषणबाट पीडित रहेको हुँदा त्यसको समुचित व्यवस्था गर्न ।<br>३. प्रत्येक जिल्लामा मनोविमर्श सेवा तथा मानसिक रोगीको उपचारको लागि विशेष व्यवस्था गर्न ।<br>४. अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा पर्याप्त मात्रामा स्वास्थ्यकर्मी र उपकरणहरूको व्यवस्था गर्न र लामो समयसम्म बिग्रिएर थन्किएर बसेका उपकरणहरूको तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन<br>५. कतिपय जिल्लाका महिलाहरु श्रीमानको अनुमति नलिई स्वास्थ्योपचार गर्न जाने वातावरण नभएको सन्दर्भमा त्यस्ता स्थानमा स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न ।<br>६. विकट गाँउहरूका गर्भवती महिलाहरूले आवश्यक मात्रामा आइरन चक्की समेत खान पाउने अवस्था नभएको पाइएकोले त्यसको उचित व्यवस्था गर्न ।<br>७. विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम प्रति १० | पत्राचार गरिएको । | मन्त्रालयहरूलाई पठाइएको च.नं. ८२।०७०।७१/५०८४ मिति २०७१।२।१९ को बोधार्थ पत्र आयोगमा प्राप्त । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हजार जनसंख्यामा कम्तिमा २३ जना मेडिकल वा प्यारामेडिकल चिकित्सक हुनुपर्नेमा सो वमोजिम उचित व्यवस्था गर्न ।<br>८. महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आधारभूत र न्युनतम मात्रामा पनि सरकारले कुनै सुविधा उपलब्ध गराउन नसकेको देखिँदा उनीहरूको लागि विशेष कार्यक्रम ल्याउन ।<br>९. सर्वसाधारणको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सरकारी अस्पतालहरूको सेवा र सुविधालाई व्यवहारिक रूपमा गुणस्तरीय र पहुँचयोग्य बनाउन ।<br>१०. सर्वसाधारणलाई आवश्यकता अनुसारका जीवनजल लगायतका सम्पूर्ण औषधिहरु समानुपातिक रूपमा निःशुल्क वितरण गरी त्यसको अनुगमनको व्यवस्था गर्न निःशुल्क वितरण गरिने औषधिको प्रभावकारी अनुगमन गर्न गराउन ।<br>११. स्वास्थ्य संस्थाहरूमा कुनैपनि बहानामा गरिंदै आएका बन्द हड्ताल जस्ता मानव अधिकार विरोधी कार्यहरू हुन नदिन प्रभावकारी व्यवस्था गर्ने ।<br>१२. तराईका जिल्लाहरूमा प्रत्येक वर्ष सर्पदंशबाट व्यक्तिहरूको मृत्यु भईरहेको तथ्य प्राप्त भएकोले त्यसको उपचारको प्रभावकारी व्यवस्था गर्न । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १३. अनुमति बिना सञ्चालनमा रहेका औषधी पसल र म्याद नाघेका औषधी वितरण गरीने कार्यलाई कानूनी दायरामा ल्याई दण्डित गर्न ।<br>१४. स्वास्थ्य अधिकार परिपूर्तिको लागि गरिने सार्वजनिक कार्यक्रमहरू (हात्तिपाईले विरूद्धको औषधि खुवाउने, पोलियो थोपा खुवाउने) लागू गर्नुपूर्व सो सम्बन्धमा पर्याप्त रूपमा पूर्वतयारी गरी दक्ष स्वास्थ्यकर्मीहरूबाट मात्र सेवा दिने व्यवस्था मिलाउन ।<br>१५. बालबालिकामा हुने कुपोषण अन्त्यको लागि प्रभावकारी कार्य गर्न र आङ्ग खस्ने समस्या एवं एच. आइ. भि. संक्रमितहरूको लागि प्रभावकारी र पहुँचयोग्य उपचारको व्यवस्था गर्न ।<br>१६. चिकित्सक एवं अस्पतालका कर्मचारीहरूको लापरवाहीका कारण सर्वसाधारणको स्वास्थ्य सम्वन्धी अधिकार हनन् भई मानव अधिकार उल्लङ्घन भएका घटनाहरूमा पीडितहरूलाई क्षतिपूर्ति र दोषीलाई कानूनी दायरामा ल्याउने विशेष व्यवस्था गर्न ।<br>१७. कुल जनसंख्या मध्ये ६ वर्षभन्दा माथिल्लो उमेर समूहको अझैपनि ३४.१ प्रतिशत नागरिकहरु निरक्षर भएको देखिँदा सहस्राब्दी विकास लक्ष्य प्राप्तिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लागि समेत निरक्षरता उन्मुलन गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्न ।<br>१८. सशस्त्र द्वन्द्व र द्वन्द्वपछि सरकारले विद्यालयहरू शान्ति क्षेत्र घोषणा गरेतापनि व्यवहारिक रूपमा लागू हुन नसकेकोले सरकारको घोषणा लागू गराउन ।<br>१९. देशका विभिन्न भागहरूमा विद्यालयहरूको भौतिक संरचनाको अभाव देखिँदा आवश्यक स्थानहरूमा अपाङ्ग तथा बालमैत्री भौतिक संरचनाहरू निर्माण गर्न गराउन ।<br>२०. शिक्षकहरूको व्यावसायिक दक्षतामा वृद्धि गर्न, विद्यार्थी सङ्ख्याको अनुपात शिक्षकको व्यवस्था गर्न, खेताला शिक्षकहरूको प्रचलन अन्त्य गर्न तथा समानुपातिक रूपमा महिला र बहुभाषिक शिक्षक शिक्षिकाको व्यवस्था गर्न ।<br>२१. विद्यार्थीहरूमाथि भइरहेको शारीरिक सजाय र मानसिक तनाव दिने कार्यको अन्त्य गर्न, गराउन ।<br>२२. निःशुल्क शिक्षा भनिएपनि विभिन्न शीर्षकमा अभिभावकहरूबाट रकम उठाउने कार्य निरन्तर भइरहेको देखिँदा त्यस्तो कार्यको अन्त्य गरी व्यवहारिक रूपमा निःशुल्क शिक्षाको सुनिश्चितता गर्न । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २३. निजी र सामुदायिक विद्यालय बीचमा देखिएको भिन्नताले शिक्षाको गुणस्तरमा विभेद बढाउँदै लगेको देखिँदा दुवै किसिमका विद्यालयहरूको शैक्षिक गुणस्तर समान बनाउनेतर्फ तत्काल कार्य अगाडी बढाउन, निजी विद्यालयहरूमा भइरहेको श्रम शोषणबारे अनुगमन गरी व्यवस्थित गर्न ।<br>२४. बेरोजगार परिवार र गरिब परिवार एवं सडकमा रहेका वालवालिकाहरु शिक्षा पाउनबाट बञ्चित रहेको देखिँदा त्यस्ता बालबालिकाहरू विद्यालय जाने अवस्थाको सुनिश्चितता र शैक्षिक सत्र बीचमा विद्यालय छोड्ने प्रवृत्तिको अन्त्य गर्ने वातावरण सृजना गर्न ।<br>२५. कतिपय पाठ्यक्रमहरुमा लैङ्गिक विभेद हुने किसिमका भाषाहरु र गलत सूचनाहरु प्रयोग भएको भन्ने बुझिँदा त्यस्ता पाठ्यक्रमहरूमा तुरून्त सुधार गरी मानव अधिकार मैत्री बनाउन । | | |
| ४६ | राष्ट्रिय मानव अधिकार आयोगबाट देशका विभिन्न भागमा ज्येष्ठ नागरिकको मानव अधिकार अवस्थाको बारेमा अनुगमन भइरहेको छ । साथै काठमाडौको मिनभवनमा | | आयोगको मिति मिति २०७१/३/२४ को सचिवस्तरिय निर्णय बमोजिम आयोगबाट ज्येष्ठ नागरिकका मानव अधिकार संरक्षणका लागि निम्न बमोजिमका सिफारिस तथा सुझाव नेपाल सरकार समक्ष पठाइएको ।<br>नेपालको अन्तरिम संविधान, २०६३, ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न | आयोगको च.नं. TMD ११३१ मिति २०७१/३/२४ मा आयोगको सुझाव/सिफारिस कार्यान्वयन गर्न | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लामो समयदेखि ज्येष्ठ नागरिकहरूले विभिन्न माग राखी धर्ना दिइरहेको बारेमा समेत अनुगमन गरिएको । | | बनेको ऐन, २०६३, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ एवं नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समेत ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू रहेता पनि आयोगको अनुगमनबाट उल्लेखित संवैधानिक, कानूनी तथा नीतिगत दस्तावेजहरूमा रहेका व्यवस्थाहरूको कार्यान्वयन पक्ष प्रभावकारी हुन नसकेको पाइएको हुँदा नेपाल सरकारबाट तत्कालै निम्न व्यवस्थाहरू गर्न आवश्यक देखिएको छः<br><br>● ज्येष्ठ नागरिकहरूले पाउँदै आएको सामाजिक सुरक्षा भत्तालाई निर्वाहमुखी बनाउने गरी वृद्धि गर्दै जाने र उक्त भत्ता दुर्गम क्षेत्र एवं विभिन्न कारणले परिवार बाहिर रही वृद्धाश्रम समेतमा बसेका ज्येष्ठ नागरिकहरूले प्राप्त गर्ने व्यस्था मिलाउन ।<br>● विभिन्न वृद्धाश्रममा बसोबास गरिरहेका ज्येष्ठ नागरिकहरूले नागरिकता एवं बसाइ सराइ लगायतका कारणहरूबाट सामाजिक सुरक्षा भत्ताबाट बञ्चित भएको पाइएकोले सम्बन्धित निकायहरूलाई निर्देशन दिई उक्त समस्याको समाधान गर्न ।<br>● ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३ को दफा ९ बमोजिम ज्येष्ठ नागरिकले सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सामाजिक स्थल, खानेपानी, विद्युत, टेलिफोन लगायतका सार्वजनिक सेवामा दिनुपर्ने छुट, आरक्षण, सहुलियत, सेवा, सुविधा तथा सहयोग प्राप्त गर्ने | प्र.म.म.का.लाई पत्राचार गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्थाको अविलम्ब कार्यान्वयन गर्न र संयन्त्र बनाई कार्यान्वयनको प्रभावकारी रूपमा अनुगमन गर्न ।<br>● ऐनको दफा १३ बमोजिम केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति तथा दफा १५ बमोजिम जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति तथा दफा १७ बमोजिमको ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था लगायत उक्त ऐनको प्रभावकारी कार्यान्वयन गर्न गराउन ।<br>● आयोगबाट विभिन्न मितिमा अनुगमन गरिएका अधिकांश सरकारी तथा संस्थागत रूपमा सञ्चालित वृद्धाश्रमहरूको भौतिक तथा खानपान, स्वास्थ्य एवं सरसफाइ लगायतका सुविधाहरू सन्तोषजनक नभएको पाइएकोले सरकारी तथा संस्थागत रूपमा सञ्चालित वृद्धाश्रमहरूको सञ्चालन सम्बन्धी मापदण्ड बनाइ लागू गर्न र त्यस्तो मापदण्डमा वृद्धाश्रमहरूमा बस्ने ज्येष्ठ नागरिकहरूको खाद्यान्न, आवास र स्वास्थ्य सेवाको न्यूनतम् आधार तय गरी कार्यान्वयनगर्न गराउन ।<br>● विभिन्न कारणले परिवार बाहिर रही सडकमा आइ वेवारिसे अवस्थामा बसिरहेका ज्येष्ठ नागरिकहरूको पुनर्स्थापना<br>गर्न ।<br>● हिंसामा परेका तथा परिवार बाहिर रहेका ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्योपचार, मनोसामाजिक विमर्श एवं परिवारमा पुर्नस्थापना लगायतका कार्य गर्न संयन्त्र बनाई सो कार्य गर्न गराउन । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • राष्ट्रिय मानव अधिकार आयोगबाट यसअघि २०६९ असोज ११ को निर्णय बमोजिम भएको सिफारिस अनुसार ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३ र नियमावलीमा आवश्यक संशोधन गर्न तथा उक्त ऐनमा नै परिवारका सदस्यहरूबाट ज्येष्ठ नागरिकहरूलाई परित्याग गरी वेवारिसे अवस्थामा छाड्ने कार्यलाई दण्डनीय बनाउने व्यवस्था समेत समावेस गर्न । | | |

## ५.२ आयोगमा दर्ता हुन आएका उजुरीको सन्दर्भमा भएका नीतिगत सिफारिसहरू:

आयोगमा व्यक्तिगत रूपमा दर्ता हुन आएका उजुरीहरूउपर अनुसन्धान हुँदै जाँदा सम्बन्धित भएर आउने मानव अधिकार उल्लंघनका विषयहरूलाई आयोगबाट नेपाल सरकार समक्ष नीतिगत रूपमा सिफारिस गरिएको देखिन्छ । उक्त प्रकृतिका सिफारिसहरू निम्न बमोजिम रहेका छन् ।

| क्र. सं. | मानव अधिकार उल्लंघनको सङ्क्षिप्त व्यहोरा | सम्बन्धित पक्ष | आयोगको निर्णय/सिफारिस | आयोगबाट गरिएको पत्राचार | कार्यान्वयनको स्थिति |
|---|---|---|---|---|---|
| १ | कालिकोट जिल्लाको सुर्खेत– जुम्ला जोडिने सडक निर्माणका लागि पिलीमा रहेका सुरक्षा आधार शिविरमा मिति २०६२।४।२३ मा ने.क.पा. माओवादीले गरेको अक्रमणमा ५५ जना सैनिकको मृत्यु, ६० जना सैनिकलाई माओवादीले अपहरण गरी लगेका र ४ जना हराइरहेका भनी विभिन्न सञ्चारमाध्यममा आएको भन्ने घटनाको आयोगको स्वविवेकमा मिति २०६२।४।२६ देखि कारवाही अगाडि वढाइएको । | नेकपा माओवादी | आयोगद्वारा गठित अनुसन्धान टोलीको स्थलगत अनुसन्धानमा फेला परेका तथ्य सहितको प्रतिवेदन संलग्न राखी कारवाहीको लागि सिफारिस गरी पठाउने मिति २०६२।५।२२ को निर्णय । आयोगको अनुसन्धान टोलीको उक्त घटनामा ५८ व्यक्तिहरूको मृत्यु भएको निश्कर्ष । जसमा निम्न सिफारिसहरू रहेको:<br><br>**श्री ५ को सरकारलाई:**<br><br>● द्वन्द्वमा असंलग्न गैरसैनिक व्यक्ति शक्ति मल्ल र परे घर्तीको मृत्यु भएकोमा उनीहरूका हकवालालाई श्री ५ को सरकारको नीति बमोजिम अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन,<br>● मृतक सैनिकका परिवारलाई तत्काल | आयोगद्वारा गठित अनुसन्धान टोलीको स्थलगत अनुसन्धानमा फेला परेका तथ्य सहितको प्रतिवेदन संलग्न राखी कारवाहीको लागि आयोगको च.नं. ४३२ मिति २०६२।५।२८ मा सिफारिस गरी पठाइएको । | सिफारिसको व्यहोरा स्पष्ट नभएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धी विवरणमा उल्लेख । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अधिकतम क्षतिपूर्ति उपलब्ध गराउन,<br>● घटनामा परी घाइते भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था राज्यबाट गर्न,<br>● सर्वसाधारणको क्षतिग्रस्त घर गोठको जाँचबुझ गरी क्षतिपूर्ति उपलब्ध गराउन,<br>● सुरक्षा अस्थायी शिविरभित्र परेको जग्गा एवं हेलिप्याडमा परेको जग्गाको मुआब्जा उपलब्ध गराउन,<br>● राजमार्ग निर्माणमा लगाइएका गैरसैनिक श्रमिक दुर्घटनामा पर्दा तिनको उपचार, अंगभंग, एवं मृत्यु हुँदा क्षतिपूर्ति दिने बारे कुनै स्पष्ट नीति नअपनाइएकोले यसमा सुधार गरी क्षतिपूर्ति कसले, कहाँबाट कति अवधिमा दिने हो सो बारे अविलम्ब धारणा स्पष्ट गरी बाटो निर्माणकै रकमबाट तत्कालीन राहतकोष खडा गरी राहत प्रदान गर्न<br>● सडक निर्माणको काममा १६ वर्षभन्दा मुनिका नाबालकको समेत प्रयोग भएको पाइएकोले त्यस्तो जोखिमपूर्ण काममा नलगाउन निर्माण कार्यमा संलग्न सबैलाई निर्देशन दिन<br>● सडक निर्माण गर्दा वितरण गरिने ज्याला बारे सर्वसाधारणमा भ्रम पैदा भएको देखिएकोले यथासक्य पारदर्शिता अपनाई महिला तथा पुरूषबिच ज्यालामा भेदभाव हुन नदिन समुचित निगरानी र अनुगमनको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्था गर्ने । <br> **नेकपा माओवादीलाई निम्न अनुसार कार्य गर्न आव्हानः** <br> ● भिडन्तपछि माओवादीले कब्जामा रहेका शाही नेपाली सेनाका जवानहरूको नाम समेत पत्रपत्रिकामा प्रकाशित गर्नु र उनीहरूप्रति मानवोचित व्यवहार भएको अठोट व्यक्त गर्नु द्वन्द्व न्यूनिकरण र सम्वाद प्रक्रिया शुरू गर्नमा सकारात्मक कदम हुने आयोगको ठम्याई रहेको र कब्जामा रहेका व्यक्तिलाई कब्जामा राख्नु जेनेभा महासन्धी, १९४९ को साझा धारा ३ को विपरीत हुने भएकोले तत्काल मुक्त गर्न । <br> ● आफ्नो कब्जामा लिइसकेपछि निहत्था सर्वसाधारणलाई क्रुरतापूर्वक यातना दिई मारिएको पाइएकोले त्यस्तो कार्य तुरून्त बन्द गर्न आफ्ना सबै तहका कार्यकर्तालाई सचेत गराउन तथा त्यसरी आपराधिक कार्यमा संलग्न व्यक्तिको जेनेभा महासन्धी १९४९ बमोजिम व्यक्तिगत जवाफदेहिता हुने भएकोले घटनाको अनुसन्धानको लागि उनीहरूको विवरण आयोगलाई उपलब्ध गराइ सहयोग गर्न । <br> ● माओवादीले वर्ससाधारण एवं वालवालिका समेतलाई द्वन्द्वमा प्रयोग गरेको भन्ने जानकारी प्राप्त भएकोले यसरी बालवालिका तथा सर्वसाधारणलाई द्वन्द्वमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रयोग नगर्न । | | |
| २ | फुजेल गा.वि.स. वडा नं. ४ गोरखा स्थायी घर भएका ने.क.पा. (माओवादी) विशेष संगठन समिति काठमाडौंका संयोजक साधुराम देवकोटा (प्रशान्त) पक्राउ परेको ४६ दिनपछि शाही नेपाली सेनाको नं. १ वाहिनी बालाजु हिरासतमा मिति २०६१।१०।४ गते आइतवार अपरान्ह ३:४० वजे कोठामा आफ्नै जुत्ताको तुनाले घाँटीमा पासो लगाई आत्महत्या गरेको भनी मिति २०६१।१०।५ गते विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा आयोगबाट मिति २०६१।९।६ मा उजुरी ग्रहण गरी कारवाही अगाडि वढाइएको । | शाही नेपाली सेना | सुरक्षा निकायले आफ्नो हिरासतमा रहेको व्यक्तिलाई सुरक्षा गर्न नसकेको साथै सुरक्षाकर्मीको असावधानी तथा लापरवाहीले उक्त घटना घटेको देखिंदा मृतकका आश्रित परिवारलाई भरणपोषणको लागि रू. १,००,०००।– क्षतिपूर्ति उपलब्ध गराउन तथा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई आयोगको निष्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहतका निकायमा परिपत्र जारी गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन श्री ५ को सरकारमा सिफारिस गरी पठाउने मिति २०६२।११।१६ को निर्णय । | आयोगको च.नं. २४१८ मिति २०६२।१२।१० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरिएको । | आफ्नो कार्यप्रति गम्भीर नभएको हुँदा पदिक १ लाई चेतावनी दिइएको भन्ने शाही नेपाली सेनाबाट जवाफ प्राप्त ।<br><br>पीडितका हकदारले पाउने गरी रू. १,००,०००।– राहत रकम सम्बन्धित जिल्लामा पठाइएको भन्ने श्री प्र.म.म.प का. को च.नं. ४१७ मिति २०६८।२।१० को सिफारिस कार्यान्वयनको अवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सम्बन्धी विवरणमा उल्लेख । |
| ३ | मिति २०६६ साल बैशाख महिनाबाट शुरू भई महामारीको रूपमा फैलिएको झाडापखाला, हैजाबाट जाजरकोट, रूकुम, दैलेख लगायतका मध्य तथा सुदुर पश्चिमका दुर्गम तथा पहाडी जिल्लाहरूमा करीव ४०० जनाको मृत्यु र ६४,००० जना भन्दा वढी विरामी भई उपचार पश्चात घर फर्केको घटनाको सम्बन्धमा आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारवाही अगाडी बढाइएको । | | सो घटना सम्बन्धमा आयोगबाट अनुगमन, अनुसन्धान तथा छानविनको लागि तीन पटक छुट्टाछुट्टै खटिएको उच्चस्तरीय टोलीले पेश गरेको प्रतिवेदनको आधारमा मिति २०६६।६।२८ को निर्णय बमोजिम निम्न सिफारिस गरिएकोः<br><br>**नेपाल सरकारलाईः**<br><br>● झाडापखाला प्रभावित क्षेत्रमा वितरित खाद्यान्नको न्युन गुणस्तार तथा करिब ४०० मानिसको मृत्युको कारण सम्बन्धी सत्य तथ्य जनसमक्ष ल्याई दोषी उपर कारवाही गर्न नेपाल सरकारबाट स्वास्थ्य, कृषि, गुण प्रविधि, मानव अधिकारकर्मी सहितको स्वतन्त्र न्यायिक छानविन आयोग गठन गर्न,<br>● कुनैपनि दातृ निकायले सहयोगस्वरूप प्रदान गर्ने खाद्य वस्तु पैठारी गर्दा उक्त वस्तुको उत्पतिस्थल, गुणस्तर प्रमाणपत्र, आयातकर्ताको परिचय झल्कने चिन्ह, अक्षर, खाद्य वस्तु वितरण गरिने क्षेत्र, लक्षित समूह र समूदाय, उपभोग्य मिति आदि पैठारी भै आउने खाद्य वस्तुमा अनिवार्यरूपमा उल्लेख गर्न लगााई सो को अभिलेख राख्ने व्यवस्था गर्न, | च.नं. ७९५ मिति २०६६।७।१२ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस कार्यान्वयनको लागि पठाइएको ।<br><br>च.नं. ७९६ मिति २०६६।७।१२ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस कार्यान्वयनको लागि पठाइएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • दुर्गम तथा पहाडी क्षेत्रमा रहेका आम नागरिकहरूको खाद्यान्न तथा शुद्ध खाने पानीको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन,<br>• स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्थानीय सञ्चार माध्यमहरूबाट स्थानीय भाषामा व्यापक प्रचार प्रसारको अभियान सञ्चालन गर्ने,<br>• झाडापखालाको कारणबाट मृत्यु हुन पुगेका मृतकका परिवारहरू -बालबालिका, टुहुरा, बृद्ध तथा अशक्त) को राहत, परिपूरण, संरक्षणका लागि तत्काल छुट्टै विशेष एकिकृत प्याकेज कार्यक्रम लागू गर्न तथा खाद्य वस्तुमा परनिर्भरता हटाई स्थानीय तहमा नै भरपर्दो विकल्पको खोजी गर्न नेपाल सरकारबाट कार्य योजना तयार गरी लागू गर्न,<br>• भोकमरी, खाद्य अभाव तथा जनस्वास्थ्यसँग सम्बन्धीत सञ्चार माध्यममा आउने गरेका समाचारहरूलाई सरकारले गम्भीररूपमा लिई विषयको गहनतालाई मध्यनजर गर्दै तत्काल सम्बोधन गर्न र सो विषयमा आवश्यक संयन्त्र तर्जुमा गर्न,<br>• दातृ निकायहरूमार्फत स्वविवेकमा सोझै खाद्य सामाग्री वितरण गर्ने परिपाटीको अन्त्य गरी सरकारी स्वामित्वमा रहेका खाद्य आपूर्ति गर्ने संस्थाहरूलाई नै बढी जिम्मेवार बनाई खाद्य सामग्रीहरूको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भण्डारण, संरक्षण, गुणस्तर परिक्षण तथा वितरण सम्बन्धी न्यूनतम राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने व्यवस्था गर्ने,<br>● भन्सारसँग सम्बन्धित कार्यालय, प्लान्ट क्वारेन्टँयन, पशु क्वारेन्टाइन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भन्सार गस्ती प्रहरी आदिको काममा प्रभावकारी समन्वय गरी सेवाग्राहीलाई छिटो सेवा प्रदान गर्न तथा सो को प्रभावकारी अनुगमन गर्ने, गराउने व्यवस्था मिलाउन,<br>● खाद्य नियमावली २०२७ को नियम १६ ले व्यवस्था गरेको खाद्यस्तर निर्धारण समितिको काम, कारवाहीलाई चुस्त र प्रभावकारी बनाउन,<br>● खाद्य नियमावली २०२७ को नियम २३ ले तोकेको अनुपातमा मात्र खाद्य परिरक्षी प्रयोग गर्न गराउन हुन तथा नियमले तोकेको मात्रा भन्दा बढी अनुपातमा परिरक्षी (Preservatives) को प्रयोग भए नभएको सम्बन्धमा खाद्य निरिक्षकहरूबाट अनुगमन गर्ने गराउने व्यवस्था गर्न,<br>● जनताको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न झाडापखाला प्रभावित क्षेत्र लगायत अन्य क्षेत्रहरूका अस्पताल, उपस्वास्थ्य र स्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरू र पर्याप्त औषधी लगायत प्राथमिक स्वास्थ्य | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपचारका सामग्रीहरू नियमित रूपमा रहने व्यवस्था मिलाउन तथा सोको नियमित अनुगमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउने ।<br><br>**अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई:**<br><br>● जिल्ला प्रशासन कार्यालय रूपन्देही तथा भैरहवा भन्सार कार्यालयबाट खाद्य वस्तुको पैठारीका सम्बन्धमा अपनाइएको फरक-फरक मापदण्ड तथा खाद्य ऐन, २०२३ को प्रस्तावनाको भावना र दफा ८ को व्यवस्था, विरूवा संरक्षण ऐन, २०६४ को दफा ३२ एवं उपभभोक्ता संरक्षण ऐन २०५४ को दफा १५ का व्यवस्थाहरूको पालना भएको नदेखिंदा खाद्य वस्तुको गुणस्तर मानव स्वास्थ्य, र जीवनको अधिकारसँग सम्बन्धित मानव अधिकारकै विषय भएतापनि आयोगको अनुसन्धान/अनुगमनबाट सामान निकासी/पैठारी प्रक्रियामा सरोकारवालाहरू पैठारीकर्ता, भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट भएका कार्यहरूमा फरक, फरक मापदण्ड पाइएको र कानूनसम्मत नदेखिएको हुँदा यस विषयमा विस्तृत छानविनका लागी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अनुरोध गर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • भैरहवा भन्सार कार्यालय लगायत अन्य भन्सार कार्यालयहरूबाट पनि खाद्यान्न आपूर्ति सम्बन्धमा भएका काम कारवाही, गुणस्तर परीक्षण प्रक्रियाहरूको सम्बन्धमा छानवीन तथा अनुसन्धान गर्न अनुरोध गर्ने ।<br>**संयुक्त राष्ट्रसंघीय प्रणाली मार्फत विश्व खाद्य कार्यक्रम नेपाललाईः**<br>• संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कायृक्रम नेपालका प्रतिनिधि रिचर्ड रेगनले इन्सेकलाई लेखेको " You also reference in your chronology issues around alleged sale of WFP food, I'm not sure why you've raised this issue since it has little to do with wither human rights or the epidemic" . भन्ने आयोगमा प्राप्त हुन आएको २००९ सेप्टेम्बर ४ को पत्रको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय प्रणाली मार्फत विश्व खाद्य कार्यक्रम नेपालका प्रतिनिधि रिचर्ड रेगनको ध्यानाकर्षण गराउने र यसको जानकारी राष्ट्रसंघीय निकायहरूमा पठाउने । | | |
| ४ | मिति २०६५।४।२८ गते तत्कालीन समयमा दङ्गा नियन्त्रण प्रहरी गण, नेपालगञ्ज, बाँकेमा कार्यरत प्रहरीहरूले सशस्त्र विद्रोह गरेको भन्ने कसुरमा मुद्दा | प्रशासन | शसस्त्र विद्रोह गरेको भन्ने कसुरमा मुद्दा चलाई निलम्वनमा राखि धनगढी, घोराही र तुल्सीपूर कारागारमा थुनामा रहेका प्रहरी नायव निरीक्षक धनबहादुर वि.क. समेत ४५ जना प्रहरीहरूको मानव अधिकार संरक्षणका लागि आयोग नेपाल सरकारलाई तपसिल | च.नं. १२१६ मिति २०६६।११।१४ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको | महान्यायाधिवक्ता।को कार्यालयको च.नं. ६९४८ मिति २०६६।१२।१ मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | चलाई निलम्बनमा राखी धनगढी, घोराही र तुल्सीपुर कारागारमा थुनामा रहेका प्रहरी नायव निरिक्षक धन वहादुर वि.क. समेत ४५ जना प्रहरीहरूले निष्पक्ष सुनुवाईको अधिकार समेतको पहल गरिदिन आयोगमा उजुरी दर्ता गरिएको । | | बमोजिम सिफारिस गर्दछ" भन्ने मिति २०६६।११।१४ को निर्णय :<br>● खास किसिमका मुद्दाहरूको कारवाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन विशेष अदालतको गठन गरिन्छ । विशेष अदालत ऐन, २०५९ को दफा १६ (१) मा मुद्दा दायर भएको मितिले सामान्यतया ६ महिनाभित्र मुद्दाको किनारा गर्नुपर्छ भनि उल्लेख गरिएको छ । यसरी कानूनद्वारा निर्धारित अवधिमा मुद्दा नछिन्नु र निजहरूलाई थुनामा राखिरहनुले कानूनसम्मत र न्यायसंगत कारवाही भैरहेको भन्न मिलेन । नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६) को धारा १४ (३) (ग) अनुसार अनुचित ढिलाई नगरी मुद्दा पुर्पक्ष हुनु पर्नेमा सोको पालना भएको देखिएन । त्यसैले प्रचलित कानून विपरीत कार्य गरेको आरोप लगाई मुद्दा चलाई थुनामा राखिएका निजहरूको हकमा ढिलो न्याय दिनु न्याय नदिनु सरह हो भन्ने न्यायको मान्य सिद्धान्तलाई आत्मसात गरी न्यायसम्मत पुर्पक्षको हकको सम्मान गर्दै उनीहरू विरूद्धको मुद्दाको कारवाही यथाशिघ्र टुङ्ग्याउन ।<br>● मानवीय मूल्य, मान्यताका आधारमा तथा थुनामा राखिएका प्रहरीहरूका बालबालिका लगायतका आश्रित परिवारको आधारभूत | निर्णय सिफारिस गरिएको । | प्रहरी विशेष अदालत, सुर्खेतमा पठाइएको पत्रको बोधार्थ प्राप्त । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मानवअधिकारको संरक्षण गर्न प्रहरी नियमावलीको सकारात्मक व्याख्या गर्दै निलम्बन अवधिभर तलवको एक चौथाई रकम प्रदान गर्न । | | |
| ५ | पोखरा, मिसिल नं. ७३१/२९७, कास्की जिल्ला लेखनाथ न.पा.वा.नं. ७ बस्ने कृष्णबहादुर ढकाल मिति २०६४/१/१३ देखि जिल्ला कारागार शाखा, कास्कीमा जवरजस्तीकरणी मुद्दामा थुनामा रहेको । निजको उमेर १८ वर्ष मुनी भएपनि अन्य थुनुवा वन्दीसँगै कारागारमा थुनामा राखिएकोले बालसुधार गृहमा बस्नपाउँ भनी मिति २०६५।१।६ गते आयोगमा उजुरी दर्ता भएको । | कारागार कार्यालय | थुनामा रहँदा निजको उमेर १५ वर्ष देखिन आउँछ । हाल निजको उमेर १९ वर्ष पुगिसकेको र ५ वर्ष कैद र ५०,०००।- जरिवाना तोकी जिल्ला कारागारमा राखेको पाइयो । यसरी बालसुधार गृहको अभावमा कारागारमा अन्य वन्दीसँगै थुनामा राख्दा बालअधिकार महासन्धिको विपरीत पाइएकोले अब आईन्दा कुनै पनि नाबालकलाई अन्य कैदीको साथ कारागारमा नराखी अनिवार्य रुपले बालसुधार गृहमा राख्न र नाबालकको उमेर पुगी सावालक भैसकेपछि पनि भुक्तान गर्न बाँकी रहेको कैद जरिवानाको हकमा निजलाई बालसुधार गृहसँगै अर्को छुट्टै व्यवस्था गर्न नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय । | आयोगको च.नं. १०८० अनुसन्धान ७३१।२९७।पोखरा मिति २०६८।११।२१ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको । | प्र.म.म.का.को कार्यालयको च.नं. २४८ मिति २०६८।१२।८ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई लेखिएको पत्रको बोधार्थ प्राप्त । |
| ६ | नेपालगंज, मिशिल नं. १७८४, जिल्ला बाँके नेपागञ्ज नगरपालिका वार्ड नं. ७ फुल्टेक्रा वस्ने ४४ वर्षिया अधिवक्ता सुशीलकुमार लाखेको निजी निवासको | नेपाल प्रहरी | आयोगको अनुसन्धानबाट अस्थायी प्रहरी पोष्ट फुल्टेक्राका प्रहरीद्वारा अधिवक्ता सुशिलकुमार लाखेको निजी घरमा विना सूचना प्रवेश गरी खानतलासी गरेको देखिंदा कानून बमोजिम सर्च गर्दा वारेन्ट जारी गरी मात्र सर्च गर्न पठाउने र विना वारेन्ट कसैको पनि घर | आयोगको च.नं. ११४० अनुसन्धान १७८४।नेपालगन्ज मिति २०६८।१२।२ मा | प्र.म.म.का.को कार्यालयको च.नं. २९७ मिति २०६८।१२।१२ मा गृह, र |

| | | | | | |
|---|---|---|---|---|---|
| | भुँईतला अगाडीको कोठामा मिति २०६५।१।२९ गते साँझ ६:२० बजे अस्थायी प्रहरी पोष्ट फुल्टेक्राका करीव १० जना प्रहरीको टोलीले विना सूचना विना पूर्जि खानतलाशी गरेकाले दोषीउपर कारवाही गरीपाउँ भनि मिति २०६५।१।३० गते आयोगमा उजुरी दर्ता भएको । | | खानतलाशी नगर्नु भनी निर्देशन जारी गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६८।३।३१ को निर्णय । | निर्णय कार्यान्वयनको लागि प्र.म.म.का. लाई पत्राचार गरिएको । | शान्ति मन्त्रालयलाई पत्राचार गरी बोधार्थ पत्र प्राप्त ।<br><br>गृह मन्त्रालयको च.नं. ९२७ मिति २०६८।१२।१० मा प्रहरी प्रधान कार्यालयलाई कारवाहीको लागि पठाइएको पत्र प्राप्त । |
| ७ | चितवन जिल्लाको भण्डारा गा.वि.स. वडा नं. ८ स्थित सुन्दरवस्तीमा २०६६ पुस १३ गते शक्तिशाली बम विष्फोट हुँदा स्थानीय ४२ वर्षिया महिला जानकी राई, निजकी १७ वर्षकी छोरी राममाया राई र आफन्त १४ वर्षिय | सशस्त्र प्रहरी बल | उक्त विष्फोटनको घटना सम्बन्धमा नेपाल सरकारलाई निम्न बमोजिमको सिफारिस गर्ने भन्ने मिति २०६७।५।१५ को निर्णय ।<br><br>● भविष्यमा यस्ता प्रकारका घटनाहरू नदोहोर्‍याउनका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न र मार्तलीखोला स्थित सशस्त्र प्रहरी बलको फायरिङ्ग रेञ्जलाई अन्यत्रै सार्ने विषयमा | च.नं. ३४८ मिति २०६७।६।१५ मा प्र.म.म.प.को कार्यालयलाई आयोगको निर्णय सिफारिस गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | राजकुमार राईको घटनास्थलमा मृत्यु भएको तथा मृतक जानकी राईका छोराहरू २४ वर्षिय कुमार राई, ७ वर्षिय अरवीन राई तथा छिमेकी २४ वर्षिय बालकृष्ण राई घाइते भएको भनि विभिन्न सञ्चार माध्यमबाट समाचार प्रकाशित भई आयोगको स्वविवेकमा उजुरी ग्रहण गरिएको । | | नीतिगत निर्णय गर्न,<br>● विष्फोटक पदार्थ लापरवाही तरिकाले छोडिएको देखिएकोले सोको नैतिक जिम्मेवारी सशस्त्र प्रहरी बल, गढीमाई गणले लिई दोषी पहिचान गरी कानून बमोजिम कारवाही गर्न,<br>● घटनामा मृत्यु भएका जानकी राई, राममाया राई, राजकुमार राईका कानून बमोजिमका हकवालालाई क्षतिपूर्ति स्वरूप जनही रू. ३,००,०००।- प्रदान गर्न,<br>● घाइते भएकाहरूलाई निःशुल्क उपचारको व्यवस्था मिलाउन । | | |
| ८ | बालबालिकाको दीर्घ जीवन, संरक्षण तथा विकासका अधिकारको दृष्टिकोणबाट नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा उपचार गराइरहेकी रूकुम जिल्लाको विकट क्षेत्र काँडा गा.वि.स. वडा नं. ५ सेरावाङ घर भएकी १२ बर्षकी जमुना बुढामगरको स्वास्थ्य स्थिति अनुगमन गरिएको । | नेपाल सरकार | निज बालिकाको स्वास्थ्य लाभ तथा पोषण पुनर्स्थापनाको लागि र देशभर कुपोषणबाट पीडित तथा प्रभावित बालबालिकाहरूका हकहित संरक्षणको निम्ति आयोगको प्रारम्भिक अनुसन्धान प्रतिवेदन सहित निम्न सुझावहरू कार्यान्वयनको लागि नेपाल सरकारमा सिफारिस गर्ने:<br>● पीडित बालिकाको उपचारमा लाग्ने खर्च तथा परिवारको जीवनयापनको लागि बिशेष सहयोग गर्नुपर्ने ।<br>● सरकारको निःशुल्क स्वास्थ्य नीति तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू भएतापनि विगत ८ बर्षदेखि उपचार नपाई कुपोषण लगायत अन्य | आयोगको च.नं. २३० मिति २०६८।५।१८ मा निर्णय कार्यान्वयनको लागि प्र.म.म.का.लाई पत्राचार गरिएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रोगबाट निज ग्रसित हुनपरेको स्थितिमा नेपाल सरकारले उच्च पहाडी, हिमाली क्षेत्र तथा ग्रामीण क्षेत्रमा अनुगमन गरी त्यस्ता बालबालिकाहरूको लागि स्वास्थ्य उपचार र पोषण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।<br>● ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्य निकायका कार्यालय, तथा त्यस क्षेत्रमा कार्य गर्ने गैसस समेतलाई सक्रीय गराई समन्वयात्मक रूपमा काम गर्न गराउन र जनचेतनाको विस्तार व्यापक रूपमा गरिनु पर्ने ।<br>● प्रत्येक जिल्लामा नेपाल सरकारले गम्भीर रूपमा कुपोषित बाल बालिकाहरूको निम्ति पोषण पुर्नस्थापना केन्द्रहरूको स्थापना गर्नुपर्ने ।<br>● सहस्राब्दी विकास लक्ष्यको प्रथम लक्ष्य नै गरिवी र भोकमरीको उन्मूलन गर्ने रहेको छ । बालबालिकाका लागि १० वर्षीय राष्ट्रिय कार्ययोजना(२०६१/०६२ - २०७१/०७२) ले शिक्षा, स्वास्थ्य र पोषणयुक्त खानेकुरा र अन्य क्षेत्रमा बालमैत्री वातावरणको निर्माण गर्ने प्रावधान रहेको छ । सहस्राब्दी विकास लक्ष्यहरूमा विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्ने, बाल मृत्युदर न्यूनीकरण गर्ने लगायत रहेको छ । तसर्थ ती राष्ट्रिय नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकाको हकहीत | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संरक्षण गर्नु राज्यको दायित्व भएको हुँदा बाल कुपोषण न्यूनीकरण गर्न कार्यान्वयनको अवस्था के कस्तो रहेको छ? त्यसबारे नेपाल सरकारको प्रतिवेदन माग गर्ने आयोगको मिति २०६८।५।८ को निर्णय । | | |

## अनुसूचिः १

मानव अधिकार सम्बन्धी संक्रमणकालीन न्यायका सम्बन्धमा मिति २०६८ आषाढ २७ गते निर्णय गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशित ।

## मानव अधिकार सम्बन्धी संक्रमणकालीन न्यायका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको निर्णयः

मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्वतन्त्र र स्वायत्त निकायका रूपमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना २०५७ जेठ १३ गते भएको हो । यसलाई नेपालको अन्तरिम संविधान २०६३ को भाग १५ मा संवैधानिक आयोगको रूपमा व्यवस्था गरिएको छ र सो संविधानको धारा १३२ ले आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । यसका अतिरिक्त, नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच २०६३ मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ९.४ मा मानव अधिकार सम्बन्धी कार्यहरूको अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई जिम्मेवारी दिइएको कुरा अवगतै छ ।

नेपालको इतिहासमा सशस्त्र द्वन्द्वकाल (२०५२-२०६३) सबैभन्दा संवेदनशील र पीडादायक रहेको छ । उक्त अवधिमा करिब १६, ७१९ मानिस मारिएको, करिब ३,३४७ मानिस बेपत्ता भएको भनी आयोगमा उजुरी प्राप्त भएकोमा ८३५ को अवस्था अझै अज्ञात रहेको छ । करिब ८० हजार मानिसहरू आन्तरिक रूपमा विस्थापित भएको, ९६४ मानिसले यातना पाएको हजारौंको घर जग्गा र सम्पत्ति कब्जा भएको अवस्था विद्यमान छ ।

द्वन्द्वसम्बन्धी उल्लिखित तथ्यांकले नेपालको मानव अधिकार अवस्थाको विकराल स्वरूपलाई प्रस्तुत गर्दछ । यस्तो अवस्थालाई सम्बोधन गर्न द्वन्द्वरत पक्षहरू (नेपाल सरकार र तत्कालिन नेकपा माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो । संक्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न भएको विस्तृत शान्ती सम्झौता र त्यसलाई समेत समाहित गरेर बनेको नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (ध) मा उल्लेखित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन गर्ने प्रावधानहरू निकै महत्वपूर्ण विषयवस्तु हुन् भन्ने कुरा विदितै छ ।

सशस्त्र द्वन्द्वको अवधिमा मानव अधिकार उल्लंघन भएको भनी द्वन्द्वको अवधिमा र त्यसपछि समेत र ाष्ट्रिय मानव अधिकार आयोगमा उजुरी परेका छन् । त्यस्ता उजुरीहरूको अनुसन्धान गर्न आयोगले स्थलगत अनुगमन, पीडित वा तिनका आफन्तहरू, प्रत्यक्षदर्शी, अभियुक्त, विषयविज्ञ, सरकारी अधिकारी लगायतका सरोकारवालाहरूसँग भेट्ने, बयान वा अन्तर्वार्ताहरू लिने, स्थलगत अध्ययन गरी प्रमाण संकलन गर्ने, शवो त्खनन् गर्ने समेतका कार्यहरू गरी अनुसन्धान गर्दै आएको छ । अनुसन्धान सम्पन्न भएपछि आयोगले संवै धानिक दायित्व अनुसार नेपाल सरकारलाई सिफारिस गर्ने, अनुसन्धान गरी पीडितका लागि राहत, क्षतिपूर्ति र पीडकलाई कानूनी कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको ११ औं वार्षिकोत्सवका अवसरमा गत जेठ १३ गते सम्मानिनिय प्रधानमन्त्री स्वयं उपस्थित भई वर्तमान सरकारले आयोगका सिफारिसहरू कार्यान्वयनमा गरेको प्रगति र आयोगलाई मानव अधिकारको संरक्षण, प्रबर्द्धन र परिपालनको कार्यमा पूर्ण सहयोग प्रदान गर्न नेपाल सरकारका तर्फबाट

गरेको प्रतिबद्धताबाट आयोग उत्साहित भएको छ । तर द्वन्द्वकाल वा त्यसपछि मानव अधिकारको गम्भीर उल्लंघनका विषयमा राज्यका निकायद्वारा कतिपय उजुरीहरू दर्ता नै नगरेको, दर्ता भएका मुद्दाहरूलाई सरकारले विभिन्न समयमा फिर्ता लिने क्रम बढेको, आयोगका सिफारिस कार्यान्वयनमा ढिलासुस्ती भएको, मानव अधिकार उल्लंघनका दोषी किटान गरिएका व्यक्तिलाई कारवाही नभएको एवं कतिपयको पदोन्नती समेत भएको अवस्थाले मानव अधिकार उल्लंघनलाई प्रोत्साहित गर्नाका साथै दण्डहीनतालाई संस्थागत गर्दै लगेको देखिन्छ । यसै पृष्ठभूमिमा सशस्त्र द्वन्द्वको क्रममा आयोगमा दर्ता भएका मानव अधिकार उल्लंघन सम्बन्धी उजुरीहरू उपर आयोगले जारी राखेको अनुसन्धान प्रक्रियालाई प्रभावित पार्न वा आयोगलाई संविधानले दिएको अधिकार प्रयोगमा सहयोग नगर्ने प्रकृतिका नेपाल सरकार र मातहतका विभिन्न निकायले गरेका पत्राचारको सिलसिलामा आयोगको कार्यादेशको अर्थ र परिभाषा स्पष्ट पार्ने आशयका विवरणहरू पठाउन थालेका छन् । यस्ता प्रकृतिका पत्राचार वा अनुरोधप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ र आयोग ती कुराहरूलाई स्पष्ट पार्न चाहन्छ । उल्लिखित पत्रहरूमा उल्लेख भए बमोजिमको व्यहोराबाट यस आयोगको अधिकार प्रचलन गर्ने कुरामा निम्न तथ्यबाट हस्तक्षेप भएको व्यहोरा ध्यानाकर्षण गराइन्छ ।

- नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ ले दिएको अधिकारको प्रयोग र कार्यान्वयनमा हत्सक्षेप हुने ।
- संविधानको धारा १६३ (३) मा उल्लेख भएबमोजिम आयोगले संवैधानिक हैसियत प्राप्त गर्नुपूर्व आयोगमा दर्ता भई फर्च्यौट हुन बाँकी रहेका उजुरीहरूको अनुसन्धान कार्यमा हस्तक्षेप हुने ।
- मानव अधिकार आयोग ऐन, २०५३ को प्रस्तावना, दफा ९ र ११ बमोजिम आयोगले गर्नु पर्ने प्रमुख कार्य सम्पादन गर्न अवरोध पुग्ने ।
- नेपालको अन्तरिम संविधान २०६३ को अभिन्न अङ्गका रूपमा रहेको विस्तृत शान्ती सम्झौता २०६३ को दफा ९ (४) मा उल्लेख भए बमोजिम शान्ती सम्झौतामा उल्लेख भएका मानव अधिकार अवस्थाको कार्यान्वयन सम्बन्धी अनुगमन कार्यमा अवरोध पुग्ने ।
- मानव अधिकार राष्ट्रिय संस्था गठन गर्ने सम्बन्धी राष्ट्रसंघीय महासभाले १९९३ मा पारित गरेको सिद्धान्त (पेरिस सिद्धान्त) मा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश व्यापक हुनुपर्ने, मानव अधिकार संरक्षण र प्रबर्द्धन गर्न सक्षम हुनुपर्ने, संविधान वा ऐनमा यसको गठन र क्षेत्राधिकार सहित व्यापक कार्यादेश उल्लेख हुनुपर्ने, मानव अधिकारका विभिन्न सवालहरूमा सरकारको ध्यानाकर्षण गराउन सक्ने र आवश्यकता अनुसार सिफारिस गर्न सक्ने लगायतका मापदण्डहरू निर्धारण गरिएको छ । ती मापदण्डहरूलाई प्रभावित वा सीमित पार्ने ।
- सशस्त्र द्वन्द्वको अवधिमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको आयोगले निरन्तर रूपमा गर्दै आएको कार्यमा अवरोध भई पीडितले न्याय पाउने अधिकारबाट वञ्चित हुने ।
- मानव अधिकारको संरक्षण तथा प्रबर्द्धनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले दिएका

सुझाव, प्रतिक्रिया एवं निर्देशन पालना गर्नु सरकारको कर्तव्य हुन आउँछ भनी सम्मानित सर्वोच्च अदालतले गरेको फैसलाको विरूद्ध हुने ।

विस्तृत शान्ती सम्झौता सम्पन्न भएको ४ वर्ष ६ महिनाको अवधि व्यतित भइसक्दा पनि हालसम्म सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगसम्बन्धी विधेयकहरू पारित हुन सकेका छैनन् । विभिन्न समयका सरकारहरूले फौजदारी अभियोग तथा मानवता विरूद्धको अपराधसँग गाँसिएका मुद्दाहरूलाई 'राजनीतिक प्रकृतिको' भनी फिर्ता लिइरहेका अवस्था र राज्यका निकायहरूमा रहेका जिम्मेवार व्यक्तिहरू संलग्न रहेका भनिएका फौजदारी अपराध र मानवता विरूद्धका मुद्दाहरूको अनुसन्धान प्रक्रियामा सम्बन्धित ठाउँहरूबाट असहयोग भएको अवस्था छ । सङ्क्रमणकालीन न्यायका नाममा केही 'अन्तरिम राहत' को वितरणका कामहरू भएता पनि अभियुक्तहरू विरूद्ध एउटा पनि अभियोजन दर्ता नभएको अवस्थामा पीडकलाई कानूनी कारबाही र पीडितलाई न्याय प्रदान गर्ने कार्यमा राज्य गम्भीर नदेखिएकाले आयोग चिन्तित बनेको छ ।

अन्त्यमा, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ मा आयोगलाई प्राप्त कार्यादेशलाई राज्यका कुनै निकाय वा पदाधिकारीले दिएको निर्देशन वा आदेशले सीमित गर्न सक्ने कुरै आउँदैन । त्यस्तै, गठन नै नभएको सत्य निरूपण तथा मेलमिलाप आयोगले अनुसन्धान एवं कारबाही गर्न नमिल्ने भनी कानूनी र संस्थागत शून्यतामा देशलाई राख्न नमिल्ने भनी सम्मानित सर्वोच्च अदालतले २०६८ असार ७ गते गरेको आदेश यहाँ स्मरणीय हुन आउँछ । अर्कातिर, २०६० साल असोजमा सुरक्षाकर्मीद्वारा मारिएका संजिवकुमार कर्ण लगायत पाँचजनाको आयोगले २०६७ भदौ २१ देखि असोज २ गते सम्म र २०६७ फागुन ३ मा नेपाल प्रहरीको संलग्नतामा शवोत्खनन् गरी सरकार वा राज्यका निकायले आयोगलाई गरेको अनुरोध अस्वीकार गरी आयोगले आफ्नो संवैधानिक दायित्वलाई निरन्तरता दिइरहेको स्मरण गराइन्छ ।

नेपाल सन्धी ऐन, २०४७ दफा ९ अनुसार नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरू राष्ट्रिय कानून सरह लागु हुनेछन् भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूको सन्दर्भमा गरेको फैसलाहरू पनि यो सन्दर्भमा स्मरणीय हुन्छ । सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन भई काम शुरू गरेको अवस्थामा सम्बन्धित कानून, अन्तर्राष्ट्रिय मापदण्ड र मूल्य अनुरुप सो आयोगको स्पष्ट अधिकार क्षेत्रको विषयबाहेक यस आयोगलाई प्राप्त अधिकारमा कसैले प्रतिबन्ध लगाउन मिल्दैन । यद्यपि प्रस्तावित सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन भई काम सुचारू गरेको अवस्थामा उक्त आयोगलाई राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक सहयोग गर्ने कुरामा सन्देह छैन ।

मानव अधिकारका प्रचलित अन्तर्राष्ट्रिय प्रावधानहरू तथा देशको संविधान र नियम कानूनले दिएको कार्यादेशको आधारमा आयोगले काम गर्दै आएको हुँदा राज्यका निकायहरूलाई पनि आ-आफ्नो कार्यादेश अनुसार मानव अधिकार संरक्षण, प्रबर्द्धन र परिपालनका निम्ति कर्तव्य निर्वाह गर्न आयोग आग्रह गर्दछ । तर, आयोगलाई प्राप्त कार्यादेशको कार्यान्वयनका सिलसिलामा राज्यका निकायहरूले कर्तव्य पालनाको सट्टा आलटाल गरेको प्रतीत हुने कुनै कुराले दण्डहीनताप्रतिको कारवाहीमा सर्वसाधारणमा सकारात्मक धारणा बन्न सक्दैन । समयान्तरमा न्यायिक प्रक्रियामा हुने ढिलाईबाट सिर्जना हुने परिणतिबारे नेपाल सरकारका सम्बन्धित अधिकारीहरूबाट अनुमान गरिएकै छ भन्ने कुरामा आयोग विश्वस्त छ ।

**केन्द्रीय कार्यालय**
हरिहरभवन, ललितपुर
पोष्ट बक्स नं. : ९१८२, काठमाडौं
इमेल : nhrc@nhrcnepal.org
फोन नं. : ०१-५०१००१५, १६, १७, १८
वेब साइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५० १० ०००

**क्षेत्रीय कार्यालयहरू**
बिराटनगर, बर्गाछी चोक
फोन नं. : ०२१-४६१९३१, ४६१०९३
फ्याक्स : ०२१-४६११००

जनकपुर, देवीमार्ग
फोन नं. : ०४१-५२७८११, ५२७८१२
फ्याक्स : ०४१-५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन नं. : ०६१-४६२८११, ४६२८२२
फ्याक्स : ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन नं. : ०८१-५२६७०७, ५२६७०८
फ्याक्स : ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन नं. : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३

**उप-क्षेत्रीय कार्यालयहरू**
खोटाङ, दिक्तेल
फोन नं. : ०३६-४२०२८४

रूपन्देही, बुटवल
फोन नं. : ०७१-५४६९११

जुम्ला, खलङ्गा
फोन नं. : ०८७-५२०२२२